# पट्ठानुद्देसदीपनी

*लेखक*

**अग्गमहापण्डित लेदी सयादो डी.लिट्.**

*अनुवादक*

**अनागारिका अग्गञाणी 'धम्माचरिय'**


*प्रकाशक*

**आ. आनन्द सिद्धी बज्राचार्य, डा. केशरी बज्राचार्य**
**डा. आदर्श सिद्धी बज्राचार्य, डा. श्रृजना शाक्य**
**इ. आकर्ष सिद्धी बज्राचार्य, डा. शुदिष्णा शाक्य**
**अभिराज सिद्धी बज्राचार्य**
ठमेल, काठमाडौं

पुस्तकको नाम : पट्ठानुद्देसदीपनी

लेखक : अनागारिका अग्गञाणी ‘धम्माचरिय’

प्रकाशक : आ. आनन्द सिद्धी बज्राचार्य, डा. केशरी बज्राचार्य
डा. आदर्श सिद्धी बज्राचार्य, डा. श्रृजना शाक्य
इ. आकर्ष सिद्धी बज्राचार्य, डा. शुदिष्णा शाक्य
अभिराज सिद्धी बज्राचार्य

सर्वाधिकार : लेखकमा

प्रकाशन : १००० प्रति

प्रकाशन मिति : बु.सं. २५६७
बि.सं.२०८०
ने.सं. ११४४
ई.सं. २०२३

**धर्मदान**

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोन : ५४३०५२२

# मंगलमैत्री कामना

## पट्ठान देशना – बुद्धशासनको चिरस्थायीत्वको लागि प्रमुख गढ

तथागत बुद्धशासन लोप हुने अवस्थामा कसरी लोप हुन्छ भन्ने बारेमा पाथिक वर्ग अर्थकथामा यसरी दर्शाइएको छ –

परियत्ति शासन, प्रतिपत्ति शासन र प्रतिवेध शासन भन्ने ३-वटा शासन मध्येमा परियत्ति शासन पहिला लोप हुन्छ । परियत्ति शासनमा पनि सूत्र, विनय र अभिधर्म पिटक भन्ने ३-वटा मध्ये अभिधर्म पिटक सबभन्दा पहिला लोप हुन्छ ।

धम्मसङ्गणी आदि ७-वटा ग्रन्थमध्येमा पनि पट्ठान ग्रन्थ पहिला लोप हुन्छ । त्यसपछि क्रमशः अभिधर्मका अरु ग्रन्थहरु पनि लोप भएर जान्छन् । अभिधर्म पछि सूत्र र त्यसपछि विनय ग्रन्थ क्रमशः लोप हुन्छ । परियत्ति शासन लोप भएपछि प्रतिपत्ति शासन र प्रतिवेध शासन २-वटा पनि लोप हुन्छ भनी उल्लेख गरिराखेको छ ।

पट्ठान देशना लोप भयो भने अरु अरु उपदेश पनि क्रमशः लोप भएर जाने भएकोले शासनको चिरस्थायीत्वको लागि प्रमुख अगुवा गढ भइराखेको पट्ठान देशना स्थिर र अभिवृद्धि गर्ने र यसलाई सुरक्षा प्रदान गर्ने कार्य अगाडि बढाउनु बुद्धशासन प्रेमीहरुको कर्तव्य हुन आउँछ ।

## पट्ठान देशना संरक्षणको लागि नेपालमा प्रयास

नेपालमा पनि पट्ठान देशनाको महत्वलाई ध्यानमा राखी शासन चिरस्थायी गर्नको लागि पट्ठान देशना र पट्ठान सम्बन्धी ग्रन्थहरु प्रकाशनमा आइराखेका छन् । दिनभरि वा साप्ताहिक अभिधर्म पाठको क्रममा पनि पट्ठान पनि आवृत्ति गर्ने अवसर पाइरहेका छन् । कुनै कुनै विहारहरुमा साप्ताहिक पट्ठान पाठको पनि आयोजना भई आवृत्ति गर्ने कार्यक्रमहरु

अघि बढिरहेका छन् । धम्मवती गुरुमाको जन्मदिनको उपलक्ष्यमा वर्षेनी साप्ताहिक अभिधर्म पाठ, धम्मविजया गुरुमाको अगुवाइमा किण्डोल विहारमा पट्ठान पाठ, धनबहादुर नकर्मी परिवारबाट विभिन्न विहारमा साप्ताहिक अभिधर्म पाठको आयोजना भइरहेकोले पनि पट्ठान पाठ पढने र सुन्ने कुशल पुण्य भइरहेको छ । म्यानमारमा वर्षावास समाप्तिको दिन पवारणामा विशेष गरी पट्ठानपाठ गर्ने चलन अनुसार नेपालमा पनि पवारणाको दिनमा पट्ठान पालि पाठ गर्ने अभ्यास क्रमशः हुँदै आइरहेको छ ।

महत्वपूर्ण पट्ठान देशना सुन्ने र अध्ययन गर्न अवसर पाइनु पर्छ भन्ने उद्देश्यका साथ थेरवाद बुद्धिष्ट एकेडमीमा पनि पट्ठानलाई महत्वका साथ पाठयक्रममा समावेश गरि्एको छ भने परियत्तिका कोविद तहमा पनि अध्ययन गर्नुपर्ने विषयको रूपमा समावेश गरिएको छ ।

पट्ठान गम्भीर भएकोले नेपालमा पट्ठानको देशना पनि कम मात्र हुने गरेको छ। अहिले आएर विभिन्न विहारमा प्रत्यक्ष रूपमा र अनलाइन मार्फत पनि पट्ठानको देशना सुन्ने अवसर पाइराखेकोलाई अहोभाग्य सम्झनु पर्छ । अ.बौ.भा.केन्द्रमा पनि भिक्षु ञाणावुध, अनागारिका अग्गञाणी र अनागारिका विमलञाणीहरुले शनिबारको दिनहरुमा पट्ठानलाई महत्व दिएर देशना गरिराख्नु भएकोमा साधु अनुमोदना गर्न चाहन्छु। पट्ठानलाई सजिलै बुझ्ने गरी म्यानमारका भिक्षु प्रज्ञाश्रीले देशना गरिराख्नु भएको पट्ठान पनि नेपालीहरुमाझ लोकप्रिय छ । उक्त देशनालाई स्व. दोलेन्द्ररत्न शाक्यले पुस्तकको रूपमा सम्पादन र प्रकाशन गरी पट्ठान देशना संरक्षणमा दिनुभएको योगदान पनि महत्वपूर्ण छ ।

## नेपालमा पट्ठान ग्रन्थ

अभिधर्मको सातौं ग्रन्थको रूपमा रहेको पट्ठान ग्रन्थको अध्ययन र सुन्ने अभ्यास अभिधर्म पाठको क्रममा पट्ठान पालि पाठ गर्दा सुन्ने अवसर पाइरहेको हुन्छ । पट्ठान पूरा नभए पनि नेपालको विभिन्न

विहारमा र उपासकउपासिकाहरुले विहान बेलुकीको बुद्धपूजाको क्रममा नै  हेतु पच्चयो ... पाठ गर्ने प्रचलन रहिरहेको छ । विरामी परेको अवस्थामा र विभिन्न भय अन्तराय आइरहेको अवस्थामा पनि हेतु पच्चयो पाठ भइरहेको हुन्छ । त्यसैले विभिन्न अवस्थामा पाठ गरिने भएकोले पनि बुद्धपूजाको पुस्तक प्रकाशन गर्दा हेतु पच्चयो आदि २४ वटा पच्चयुद्देश पनि राखेर प्रकाशन भइरहेको पाउँछौं ।

## पट्ठान सम्बन्धी पुस्तकहरू

१) अभिधर्म पालि - धम्मवती गुरुमाबाट सम्पादन भएको यो पुस्तकमा अभिधर्मका सातै प्रकरण संक्षिप्तमा पालिमा उपलब्ध छन् ।

२) पट्ठान पालि (नेपालभाषा) - श्रद्धेय गुरुवर भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट नेपालभाषामा अर्थ सहित २०४४ सालमा प्रकाशित ।

३) पट्ठान पालि (नेपाली) - श्रद्धेय गुरुवर भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट नेपालभाषामा प्रकाशित पुस्तकलाई धर्मरत्न शाक्य, त्रिशुलीले नेपालीमा अर्थ सहित २०५४ सालमा प्रकाशित । (दोश्रो सं. २०७२ सालमा)

४) पट्ठान (१ -५) - अभिधर्म पिटकमा पट्ठानको रूपमा नेपालभाषामा श्रद्धेय भिक्षु धर्मगुप्त महास्थविरबाट १३८४ पृष्ठको ग्रन्थ प्रकाशन २०७८ र नेपालीभाषामा २०८० ।

५) पट्ठानुद्देसदीपनी - अ.बौ.भा.केन्द्रकी निर्देशक अग्गञाणी गुरुमाले म्यानमारमा धम्माचरिय उत्तीर्ण गरी अनुभवको आधारमा पट्ठान देशना, कक्षा आदि लिइराख्नु भएको आधारमा र पट्ठानको महत्वलाई पनि बुझ्नुभएकोले पट्ठानको संरक्षण र चिरस्थायीत्वको लागि म्यानमारको लेदी सयादो महास्थविरले लेख्नुभएको पट्ठानुद्देश दीपनीलाई नेपालीमा अनुवाद गरी प्रकाशन गर्नुभएकोमा उहाँ गुरुमालाई मंगल कामनाका साथै धेरै धेरै साधुवाद व्यक्त गर्न

चाहन्छु । यो पुस्तकमा २४ वटा प्रत्ययको अर्थ समेत लगाई अभिधर्म बुझ्नको लागि आवश्यक विभिन्न शब्दहरुलाई छोटकरीमा नोटको रूपमा राखिदिनुभएकोले पट्ठान देशना बुझ्न चाहने प्रत्येकले यो पुस्तकबाट धेरै लाभ लिन सक्नेछ ।

बुद्धशासन चिरस्थायी गर्नको लागि महत्वपूर्ण यो पट्ठानुद्देश दीपनी पुस्तक प्रकाशनमा सहयोग गर्नु हुने ई. आनन्दसिद्धि बज्राचार्य र डा.केशरी बज्राचार्य परिवारको साथै यो पुस्तक प्रकाशनको क्रममा सहयोग गर्नुभएका सबै सहयोगीहरुलाई साधुवाद सहित निरोगी, सुस्वाथ्य र दीर्घायुको मंगलमैत्री कामना व्यक्त गर्न चाहन्छु ।

**भिक्षु बोधिज्ञान**
विहार प्रमुख, विश्व शान्ति विहार
२०८० मंसिर ३० गते शनिबार

# भूमिका

म्यानमारका प्रसिद्ध विद्वान भदन्त लेदी सयादोले रचना गर्नुभएको यो पट्ठानुद्देसदीपनी पट्ठान अध्ययन गर्नको लागि अत्यावश्यक एक महत्त्वपूर्ण ग्रन्थ हो। यस ग्रन्थमा पट्ठानपच्चयको बारेमा विभिन्न उपमा तथा उदाहरण दिएर सहज तरिकाले हेतुप्रत्ययादि २४ प्रत्ययलाई पच्चयत्थदीपनी, पच्चयसभागसङ्गह र पच्चयघटनानय गरी तीन परिच्छेदमा विभाजन गरेर दर्शाइएको छ। हुन त यो पट्ठाननयको बारेमा अभिधम्मत्थसङ्गह र विसुद्धिमग्ग ग्रन्थमा संक्षिप्तमा उल्लेख गरिएको छ। संक्षिप्तको कारणले बुझ्न त्यतिको सहज छैन। यस पट्ठानुद्देसदीपनीको सहारा लिई बारम्बार अध्ययन गरेमा उक्त पट्ठान बुझ्न सहज हुनेछ।

## प्रस्थान प्रत्यय कथा
## (**पट्ठानपच्चयकथा**)

यो अविद्या संस्कारको प्रत्यय हो, कुन संस्कारको कसरी प्रत्यय हुन्छ? “हेतु प्रत्यय, आरम्मण प्रत्यय, अधिपति प्रत्यय, अनन्तर प्रत्यय, समनन्तर प्रत्यय, सहजात प्रत्यय, अन्योन्य प्रत्यय, निश्रय प्रत्यय, उपनिश्रय प्रत्यय, पूर्वजात प्रत्यय, पश्चात्‌जात प्रत्यय, आसेवन प्रत्यय, कर्म प्रत्यय, विपाक प्रत्यय, आहार प्रत्यय, इन्द्रिय प्रत्यय, ध्यान प्रत्यय, मार्ग प्रत्यय, सम्प्रयुक्त प्रत्यय, विप्रयुक्त प्रत्यय, अस्ति प्रत्यय, नास्ति प्रत्यय, विगत प्रत्यय, अविगत प्रत्यय” भनी भगवान बुद्धले २४ प्रकारका प्रत्ययहरू बताउनुभएको छ।

यहाँ *हेतु* भनेको वचन, अवयव, कारण र मूलको अभिप्राय हो। बुद्धवचनमा “जुन धर्महरू हेतुले उत्पन्न भएको हो” भनी आएको ठाउँमा कारण हो। *“तीन कुशल हेतु, तीनअकुशल हेतु”* भनी आएको ठाउँमा मूल हेतुको अभिप्राय हो। *प्रत्यय* शब्दको अर्थ *यसकारणले आउँछ* भन्ने हो। त्याग नगरिकन उत्पन्न हुन्छ भन्ने अर्थ हो। जुन धर्मले जुन धर्मलाई त्याग नगरिकन स्थित हुन्छ वा उत्पन्न हुन्छ, त्यो त्यसको प्रत्यय हो। उपकार गर्ने लक्षण नै प्रत्यय हो। जुन धर्मले जुन धर्मलाई स्थिर वा उत्पन्न गर्न उपकारक हुन्छ, त्यो त्यसको प्रत्यय भनिन्छ। प्रत्यय, कारण, हेतु, निदान, सम्भव र प्रभव भनी आदि अर्थानुसार

एक भए पनि, व्यञ्जनानुसार भिन्न छन्। यसरी मूलार्थानुसार (मूल भावले) हेतु (कारण) र उपकारार्थानुसार प्रत्यय हो। संक्षिप्तमा मूल भावद्वारा उपकारक धर्म नै *हेतु प्रत्यय* हो।

अरू–अरूमा आरम्मण हुनाले उपकारक धर्म *आरम्मण प्रत्यय* हो। उक्त *"चक्षुर्विज्ञानधातुको रूपायतन"* भनी आरम्भ गरेर *"जुन–जुन धर्मको कारणले जुनजुन चित्तचैतसिक धर्महरू उत्पन्न हुन्छन्, ती–ती धर्महरूले ती–ती धर्महरूलाई आरम्मण प्रत्ययले मद्दत गर्छ"* भनीएकोले आरम्मण नभएको कुनै पनि धर्म हुँदैन। जस्तै दुर्बल व्यक्ति लट्ठी वा डोरीको साहाराले उभिन्छ, यसरी चित्तचैतसिक धर्महरू रूपादि आरम्मणलाई आरम्भ गरी नै उत्पन्न हुन्छन्। त्यसैले सबै चित्तचैतसिक आरम्मण भएका धर्महरू *आरम्मणप्रत्यय* भनी बुझ्नुपर्छ।

जेष्ठभावले उपकारक धर्म *अधिपति प्रत्यय* हुन्छ, यो सहजात र आरम्मणानुसार दुई प्रकारका छन्। त्यहाँ *"छन्दाधिपतिले छन्दसम्प्रयुक्त धर्महरूलाई र त्यसबाट उत्पन्न भएका रूपहरूलाई अधिपति प्रत्ययले मद्दत गर्छ"* भनी आदि वचनानुसार छन्द, वीर्य, चित्त र मीमांसा भनी गणना गरिएको धर्महरू अधिपति प्रत्यय भनी बुझ्नुपर्छ, सँगै उत्पन्न हुने होइनन्। जब छन्दलाई मुख्य गरी, छन्दलाई जेष्ठ गरी चित्त उत्पन्न हुन्छ, तब छन्द नै अधिपति हुन्छ, अरु हुँदैन।

जुन धर्म मुख्य गरी अरूप धर्महरू उत्पन्न हुन्छन्, त्यो त्यसका आरम्मण अधिपति हुन्छ। त्यसैले बताउनुभएको छ *"जुन–जुन धर्मलाई गौरव गरी जुन–जुन चित्तचैतसिक धर्महरू उत्पन्न हुन्छन्, ती–ती धर्महरूले ती–ती धर्महरूलाई अधिपति प्रत्ययले मद्दत गर्छ।"*

अनन्तरभाव हुनाले उपकारक धर्म *अनन्तर प्रत्यय* हो। समानान्तर हुनाले उपकारक धर्म *समनन्तर प्रत्यय* हो। यी दुई प्रत्ययलाई भिन्न भिन्न प्रकारले वर्णन गर्छन्। यो सार हो, यो जुन चक्षुर्विज्ञानको अनन्तरमा मनोधातु हो, मनोधातुको अनन्तरमा मनोविज्ञानधातु आदि चित्तको नियम हो, त्यो जुन पहिले–पहिलेका चित्तानुसार सिद्ध हुन्छ, अरू–अरू अनुसार हुँदैन, त्यसैले आआना अनन्तरमा अनुरूप चित्त उत्पत्तिलाई उत्पन्न गर्ने सामर्थ्य भएका धर्म *अनन्तर प्रत्यय* हो। त्यसैले बताउनुभएको छ –*"अनन्तर प्रत्यय भनेको चक्षुर्विज्ञानधातु र त्यससँग सम्प्रयुक्त धर्महरूले मनोधातु र त्यससँग सम्प्रयुक्त धर्महरूलाई अनन्तर प्रत्ययले मद्दतगर्छ।"* जुन अनन्तर प्रत्यय हो, त्यो नै समनन्तर प्रत्यय हो। व्यञ्जन मात्र

फरक छ, अर्थमा फरक (भिन्नता) छैन।

बत्तीको प्रकाशझैं उत्पन्न भएर नै सँगै उत्पन्न गर्ने भाव भएकोले उपकारक धर्म *सहजात प्रत्यय* हो। उक्त अरूप स्कन्धादि अनुसार ६ प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ – *"चार अरूप स्कन्ध अन्योन्य सहजात प्रत्ययले मद्दत गर्छ। चार महाभूत अन्योन्य, प्रतिसन्धि ग्रहण गर्ने समयमा नामरूप अन्योन्य, चित्तचैतसिक धर्महरू चित्तज रूपहरूलाई, महाभूत उपादारूपहरूलाई, रूप धर्महरूले अरूप धर्महरूलाई कुनै समयमा सहजात प्रत्ययले मद्दत गर्छ, कुनै समयमा सहजात प्रत्ययले मद्दत गर्दैन।"* यो हृदयवस्तुको कारणले भनिएको हो।

अन्योन्य उत्पत्ति र मद्दत गर्ने भएको कारणले उपकारक धर्म *अन्योन्य प्रत्यय* हो। परस्पर मद्दत गर्ने तीन वटा लट्ठि सँगै बाँधेको (त्रिदण्ड) झैं हो। उक्त अरूप स्कन्धादि अनुसार तीन प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ – "चार अरूप स्कन्धहरू अन्योन्य प्रत्ययले मद्दत गर्छ। चार महाभूत प्रतिसन्धि ग्रहण गर्ने समयमा नामरूपलाई अन्योन्य प्रत्ययले मद्दत गर्छ।"

आकारले र निश्रयको आकारले उपकारक धर्महरू, वृक्ष, चित्रकर्म आदिको पृथ्वी, वस्त्रादिझैं, *निश्रय प्रत्यय* हो। उक्त "चार अरूप स्कन्धहरू अन्योन्य निश्रय प्रत्ययले मद्दत गर्छ।" यसरी सहजातमा भनेको अनुसारले बुझ्नुपर्छ। यहाँ छैठौं भाग "चक्षुरायतनले चक्षुर्विज्ञानधातु ... श्रोत्र ... घ्राण ... जिव्हा ... कायायतन कायविज्ञानधातु र उक्त सँग सम्प्रयुक्त धर्महरूलाई निश्रय प्रत्ययले मद्दत गर्छ, जुन रूपका आधारले मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छ । त्यो रूप मनोधातु र मनोविज्ञानधातु र उक्त सँग सम्प्रयुक्त धर्महरूलाई निश्रय प्रत्ययले मद्दत गर्छ।"

*उपनिश्रय प्रत्यय* भन्ने शब्दको अर्थ – उसको अधीनमा हुने र आफ्नो फलको आधारले रहने वा अलग नरहने नै निश्रय हो। यसरी अत्यन्त (शक्तिशाली) निश्रय, उपनिश्रय, यो प्रबल कारणको अभिप्राय हो। त्यसैले प्रबल कारण भएकाले उपकारक धर्म उपनिश्रय प्रत्ययले मद्दत गर्छ भनी बुझ्नुपर्छ।

पहिले नै उत्पन्न भई वर्तमान हुनाले उपकारक धर्म *पूर्वजात प्रत्यय* हो। उक्त पञ्चद्वारमा वस्तु, आरम्मण, हृदयवस्तु अनुसार एघार प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ – "चक्षुरायतन चक्षुर्विज्ञानधातु र उक्तसँग सम्प्रयुक्त

धर्महरूलाई पूर्वजात प्रत्ययले मद्दत गर्छ। श्रोत्र... घ्राण, जिव्हा, कायायतन, रूप, शब्द, गन्ध, रस, स्पृष्टव्यायतनले कायविज्ञानधातु र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई पूर्वजात प्रत्ययले मद्दत गर्छ। रूप, शब्द, गन्ध, रस, स्पृष्टव्यायतन मनोधातुको (प्रत्यय हुन्छ)। जुन रूपको आधारले मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छ, उक्त रूप मनोधातु र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई पूर्वजात प्रत्ययले मद्दत गर्छ। मनोविज्ञानधातु र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई कुनै समयमा पूर्वजात प्रत्ययले मद्दत गर्छ। कुनै समयमा पूर्वजात प्रत्ययले मद्दत गर्दैन।"

पहिला उत्पन्न भएको रूपधर्महरूलाई मद्दत गर्ने हुनाले उपकारक अरूपधर्म *पश्चात्‌जात प्रत्यय* हो, गिद्धको बच्चाको शरीरमा आहार आशाको चेतनाझैं हो। त्यसैले आज्ञा गर्नुभएको छ –*"पश्चात्‌जात चित्तचैतसिक धर्महरूले पूर्वजात यो शरीरलाई पश्चात्‌जात प्रत्ययले मद्दत गर्छ।"*

आसेवनार्थानुसार अनन्तर धर्मको प्रगुण र प्रबल हुनाले उपकारक धर्म *आसेवन प्रत्यय* हो, गाँठोमा पहिले पहिलेका सम्बन्ध जस्तै हो। उक्त कुशल, अकुशल, क्रिया र जवन अनुसार तीन प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ – "पहिलेपहिलेका कुशल धर्महरूले पछिपछिका कुशल धर्महरूलाई आसेवन प्रत्ययले मद्दत गर्छ। पहिले पहिलेका अकुशल ... क्रियाअव्याकृत धर्महरू पछि पछिका क्रिया अव्याकृत धर्महरूलाई आसेवन प्रत्ययले मद्दत गर्छ।"

चित्तको प्रयोग भनी लिएका क्रिया भएकाले उपकारक धर्म *कर्म प्रत्यय* हो। उक्त फरक–फरक क्षणमा उत्पन्न हुने कुशल, अकुशल चेतना र सबै सहजात चेतना अनुसार दुई प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ – *"कुशल र अकुशल कर्मले विपाक स्कन्धहरूलाई र कर्मज रूपहरूलाई कर्म प्रत्ययले मद्दत गर्छ। चेतना सम्प्रयुक्त धर्महरूलाई र उक्तसँग उत्पन्न भएको रूपहरूलाई कर्म प्रत्ययले मद्दत गर्छ।"*

निरुत्साह शान्त हुनाले, निरुत्साह शान्त गर्न उपकारक विपाकधर्म *विपाक प्रत्यय* हो। उक्त प्रवृति हुने बित्तिकै र उक्तसँग उत्पन्न भएकोलाई, प्रतिसन्धिमा कर्मज रूपहरूलाई, सबै स्थानमा सम्प्रयुक्त धर्महरूलाई मद्दत गर्छ। यसरी आज्ञा गर्नुभएको छ – "विपाक–अव्याकृत एक स्कन्धले तीन स्कन्धहरूलाई चित्तज रूपहरूलाई विपाक प्रत्ययले मद्दत गर्छ ...पूर्ववत्... प्रतिसन्धिक्षणमा विपाक–अव्याकृत एक स्कन्धले तीन स्कन्धहरूलाई र कर्मज रूपहरूलाई विपाक प्रत्ययले

मद्दत गर्छ। तीन स्कन्धले एक स्कन्धलाई, दुई स्कन्धले दुई स्कन्धलाई र कर्मज रूपहरूलाई विपाक प्रत्ययले मद्दत गर्छ। स्कन्धहरूले वस्तुलाई विपाक प्रत्ययले मद्दत गर्छ।"

रूप र अरूपलाई मद्दत दिने उपकारक चार आहारले *आहार प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ – *"कवलिकार आहारले यस शरीरलाई आहार प्रत्ययले मद्दत गर्छ। अरूपी आहार सम्प्रयुक्त धर्महरूलाई र उक्तबाट उत्पन्न भएका रूपहरूलाई आहार प्रत्ययले मद्दत गर्छ।"* प्रश्नवारमा मात्र *"प्रतिसन्धिक्षणमा विपाक अव्याकृत आहार सम्प्रयुक्त स्कन्धहरूलाई र कर्मज रूपहरूलाई आहार प्रत्ययले मद्दत गर्छ"* भनी बताइएको छ।

अधिपति हुने अर्थानुसार उपकारक स्त्रीन्द्रिय र पुरुषेन्द्रिय बाहेक बिस *इन्द्रिय प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ – *"चक्षुरीन्द्रियले चक्षुर्विज्ञानधातुलाई ... श्रोत्र ... घ्राण ... जिव्हा ... कायेन्द्रिय कायविज्ञानधातुलाई र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई इन्द्रिय प्रत्ययले मद्दत गर्छ। रूपजीवितेन्द्रियले कर्मज रूपहरूलाई इन्द्रिय प्रत्ययले मद्दत गर्छ। अरूपीहरूका इन्द्रियहरूलाई, सम्प्रयुक्त धर्महरूलाई र उक्तले उत्पन्न भएका रूपहरूलाई इन्द्रिय प्रत्ययले मद्दत गर्छ।"* प्रश्नवारमा मात्र *"प्रतिसन्धिक्षणमा विपाक अव्याकृत इन्द्रियहरूलाई, सम्प्रयुक्त स्कन्धहरूलाई र कर्मज रूपहरूलाई इन्द्रिय प्रत्ययले मद्दत गर्छ"* भनी बताउनुभएको छ ।

आरम्मणसित रहेका उपकारक हुने द्विपञ्च विज्ञान मध्ये सुख र दुःख दुइटा वेदना बाहेक सबै कुशल आदि प्रभेद सात ध्यानङ्ग *ध्यान प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ – *"ध्यानङ्गले ध्यान सम्प्रयुक्त धर्महरूलाई र उक्तले उत्पन्न भएका रूपहरूलाई ध्यान प्रत्ययले मद्दत गर्छ।"* प्रश्नवारमा मात्र "प्रतिसन्धिक्षणमा विपाक अव्याकृत ध्यानङ्गहरूलाई, सम्प्रयुक्त स्कन्धहरूलाई र कर्मज रूपहरूलाई ध्यान प्रत्ययले मद्दत गर्छ" भनी बताइएको छ।

कुनै–कुनैमा नैर्यानार्थानुसार उपकारक हुने कुशल आदि १२ प्रभेदका मार्गाङ्ग मार्ग प्रत्यय हो। यसरी आज्ञा गर्नुभएको छ – "मार्गाङ्गले सम्प्रयुक्त धर्महरूलाई र उक्तसँग उत्पन्न भएका रूपहरूलाई मार्ग प्रत्ययले मद्दत गर्छ।" प्रश्नवारमा मात्र "प्रतिसन्धिक्षणमा विपाक अव्याकृत मार्गाङ्ग सम्प्रयुक्त स्कन्धहरूलाई र कर्मज रूपहरूलाई मार्ग प्रत्ययले मद्दत गर्छ" भनी बताइएका छन्। यी दुई पनि ध्यान मार्ग प्रत्यय द्विपञ्च विज्ञान अहेतुक चित्तमा हुँदैन भनी बुझ्नुपर्छ।

एक वस्तु, एक आरम्मण, एक उत्पाद र एक निरोध भनी लिएका सम्प्रयुक्त भएका उपकारक अरूप धर्महरू *सम्प्रयुक्त प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ – *"चार स्कन्धले अरूपीहरूलाई परस्पर सम्प्रयुक्त प्रत्ययले मद्दत गर्छ।"*

एक वस्तु आदि न भइकन उपकारक रूप धर्महरूले अरूप धर्महरूलाई, अरूप धर्महरूले पनि रूप धर्महरूलाई *विप्रयुक्त प्रत्ययशक्तिले मद्दत गर्छ*। उक्त सहजात, पश्चात्जात र पूर्वजात अनुसार तीन प्रकारका छन्। यसरी आज्ञा गर्नुभएको छ –*"सहजात कुशल स्कन्धले चित्तज रूपहरूलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ। पश्चात्जात कुशल स्कन्धले पूर्वजात यस शरीरलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ।"* अव्याकृत पदको मात्र सहजात विभङ्गमा *"प्रतिसन्धिक्षणमा विपाक अव्याकृत स्कन्धले कर्मज रूपहरूलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ। स्कन्धले वस्तुलाई र वस्तुले स्कन्धहरूलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ"* भनी भनिएका छन्। पूर्वजात मात्र चक्षुरीन्द्रियादि वस्तु अनुसार नै बुझ्नुपर्छ। यसरी आज्ञा गर्नुभएको छ – *"पूर्वजात चक्षुरायतनले चक्षुर्विज्ञानलाई ... कायायतनले कायविज्ञानलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ। वस्तुले विपाक अव्याकृहरूलाई, क्रियाले अव्याकृत स्कन्धहरूलाई ... वस्तुले कुशल स्कन्धहरूलाई ... वस्तुले अकुशल स्कन्धहरूलाई विप्रयुक्त प्रत्ययले मद्दत गर्छ।"*

वर्तमान लक्षण भएका अस्तिभावले त्यस्तै धर्मलाई मद्दत गर्ने उपकारक धर्म *अस्ति प्रत्यय* हो। उक्तको अरूप स्कन्ध, महाभूत, नामरूप, चित्त, चैतसिक, महाभूत, आयतन, वस्तु अनुसार सात मातिका छन्। यसरी आज्ञा गर्नुभएको छ – *"चार स्कन्धले अरूपीहरूलाई परस्पर अस्ति प्रत्ययले मद्दत गर्छ, चार महाभूत, प्रतिसन्धि ग्रहण गर्ने समयमा नामरूप परस्पर। चित्तचैतसिक धर्महरूले चित्तज रूपहरूलाई। महाभूतले उपादारूपलाई। चक्षुरायतनले चक्षुर्विज्ञानधातुलाई ... कायायतन ... रूपायतन ... स्पृष्टव्यायतन कायविज्ञानधातुलाई र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई अस्ति प्रत्ययले मद्दत गर्छ। रूपायतन ... स्पृष्टव्यायतन मनोधातु र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई। जुन रूपको आधारले मनोधातु र मनोविज्ञानधातु उत्पन्न हुन्छ, उक्त रूप मनोधातुलाई, मनोविज्ञानधातुलाई र उक्तसँग सम्प्रयुक्त धर्महरूलाई अस्ति प्रत्ययले मद्दत गर्छ।"*

प्रश्नवारमा मात्र सहजात, पूर्वजात, पश्चात्जात, आहार, इन्द्रिय भनी

राखी पहिले *सहजातमा"एक स्कन्धले तीन स्कन्धहरूलाई र उक्तसँग उत्पन्न भएका रूपहरूलाई अस्ति प्रत्ययले मद्दत गर्छ"* भनी निर्देश गरेको छ, *पूर्वजातमा* पूर्वजात चक्षु आदि अनुसार निर्देश गरेको छ। *पश्चात्‌जातमा* पूर्वजात यस शरीरलाई पश्चात्‌जात चित्तचैतसिक प्रत्यय अनुसार निर्देश गरेको छ। *आहार इन्द्रियहरूमा"कबलिंकार आहारले यस शरीरलाई अस्ति प्रत्ययले मद्दत गर्छ। रूपजीवितेन्द्रियले कर्मज रूपहरूलाई अस्ति प्रत्ययले मद्दत गर्छ।"* यसरी निर्देश गरेको छ।

आनो अनन्तरमा उत्पन्न हुने अरूप धर्महरूलाई प्रवर्तित गर्नको लागि अवसर दिने उपकारक समनन्तर निरोध भएका अरूप धर्महरू *नास्ति प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ –*"समनन्तर निरुद्ध चित्तचैतसिक धर्महरूले वर्तमान चित्तचैतसिक धर्महरूलाई नास्ति प्रत्ययले मद्दत गर्छ।"*

ती नै विगतभावानुसार उपकारक हुनाले *विगत प्रत्यय* हो। यसरी आज्ञा गर्नुभएको छ – "समनन्तर विगत चित्तचैतसिक धर्महरूले वर्तमान चित्तचैतसिक धर्महरूलाई विगत प्रत्ययले मद्दत गर्छ।"

अस्ति प्रत्यय धर्महरू नै अविगतभावानुसार उपकारक हुनाले *अविगत प्रत्यय* भनी बुझ्नुपर्छ।

अन्तमा पट्ठानुद्देसदीपनी नेपाली भाषामा अनुवाद गरेर सुलभ गराइदिनु भएकोमा धम्माचरिय अग्गञाणी गुरुमालाई धेरै धेरै साधुवाद दिन चाहन्छु। वहाँको अथक प्रयासले अभिधर्म जस्तो गहन विषय पनि सहज तरिकाले बुझ्न टेवा मिलेको छ। यसरी नै अभिधर्मको बारेमा अरू–अरू पनि ग्रन्थ अनुवाद गर्न सकोस् र जनमानसमा अभिधर्मका ज्ञान फैलियोस् भनी शुभमङ्गल कामना गर्दछु। अस्तु।

भिक्षु धर्मगुप्त

बौद्ध जन विहार,सुनागुठी, ललितपुर ।

# दुई शब्द

म्यानमारका अग्गमहापण्डित, डी.लिट. लेदी सयादोद्वारा रचित दीपनीहरूमध्ये "पट्ठानुद्देसदीपनी" एक अमूल्य दीपनी ग्रन्थ हो । उहाँले पालिभाषामा लेख्नु भएकोलाई मैले नेपालीमा अनुवाद गरेकी छु । यस दीपनी ग्रन्थ अनुवाद गर्न आवश्यकता अनुसार बर्मी भाषामा अनुदित ग्रन्थको पनि आधार लिएकी छु । यस ग्रन्थमा तलका तीन शिर्षकहरू छुट्याएर वर्णन गरिएको छ ।

(१) पच्चयत्थदीपनी (प्रत्ययार्थदीपनी)

(२) पच्चयसभागनय (प्रत्ययसभागनय)

(३) पच्चयघटनानय (प्रत्ययघटनानय)

(१) **पच्चयत्थदीपनी** – यसमा लेदी सयादोले २४ वटा प्रत्ययलाई प्रत्येकको अर्थ, अभिप्राय, प्रत्यय (कारण), प्रत्ययुत्पन्न (फल) र प्रत्यय शक्तिलाई उपयुक्त उपमा दिएर बुझाउने कोशिश गर्नुभएको छ । उदाहरणको लागि बोटबिरूवाको मूल जराजस्तै कुशल, अकुशल इत्यादिको मूल कारण भएकोले हेतु भनिएको र उपकार (सहयोग) गर्नसक्ने भएकोले प्रत्यय भनिएको छ। लोभ, द्वेष, मोह, अलोभ, अद्वेष र अमोह हेतुप्रत्यय हो । लोभ इत्यादिसँग मिलेका चित्त चैतसिक धर्महरू र रूपकलापधर्महरू हेतुप्रत्ययको कारणले उत्पन्न हुने हुनाले प्रत्ययुत्पन्न धर्महरू हुन् । प्रत्ययशक्तिले उपकार गर्ने तरिकालाई रूखको जराको उपमा, स्त्रीप्रति आशक्त भएको र नभएको पुरूषको उपमा दिएर बुझाइएको छ ।

प्रत्ययहरूको वर्णनको क्रममा अनन्तरप्रत्ययमा किन भर्खर जन्मेका साना साना बच्चाहरूमध्ये कसैको धेरैजसो हँसिलो अनुहार र कसैको धेरैजसो मलिन अनुहार प्रकट भइरहेको हुन्छ भन्ने बारे रोचकढङ्गले उल्लेख गरिएको छ । आलोचकहरूको भनाइलाई लिएर पनि ठाउँठाउँमा स्पष्टीकरण दिइराखेको पाइन्छ । जस्तो कि अधिपति

प्रत्ययमा आलोचकहरूले भन्ने गर्छन् कि सहजात भएका धर्महरूलाई दबाउने हुनाले (अधिकार जमाउने हुनाले) अधिपति भनेका भए छन्द भन्दा लोभ नै अधिपति हुनसक्छ। यो लोभ छन्द भन्दा पनि धेरै बलवान् भएकोले सहजात भएका प्रत्ययुत्पन्न धर्महरूलाई दबाएर उत्पन्न हुन्छ भनी भन्ने गर्छन् । यसको जवाफमा पृथग्जन मूर्खहरूमा मात्र लोभ छन्दभन्दा धेरै बलवान् हुन्छ। यसरी बलवान् भए तापनि प्रज्ञावान्हरूमा छन्द नै लोभभन्दा धेरै बलवान् भएर सहजात प्रत्ययुत्पन्न धर्महरूलाई दबाएर उत्पन्न हुन्छ। यसलाई फेरि स्पष्ट पारिएको कुरालाई पाठकवर्ग आफैले पढ्नसक्नु हुन्छ। यसरी नै यस अधिपति प्रत्ययमा छन्द इत्यादि अधिपति हीन भएका व्यक्तिहरू ठूलठूला कार्य गर्न पछि हट्ने र प्रबल छन्द इत्यादि अधिपति भएका व्यक्तिहरूले उत्साहित भएर कार्य सिद्ध गर्ने कुरा देखाएको छ ।

पाठकवर्गको मन मस्तिष्कमा सन्देह उत्पन्न हुनसक्ने ठाउँमा सन्देह मेट्नको लागि प्रश्न उत्तर गरी राखिएको छ । उदाहरणको लागि समनन्तरप्रत्ययमा आफूसित अन्तर नभएको आफू समान अर्को धर्म उत्पन्न गर्ने हुनाले अनन्तर भनिने भए निरोध समापत्तिमा प्रवेश गर्ने बेलामा सातदिन सातरातसम्म पनि चित्त उत्पन्न हुँदैन । त्यस्तै असंज्ञासत्वभूमिमा अगाडि र पछाडिका दुइटा चित्तहरूको अन्तरमा पाँचसय कल्पसम्म पुद्गल चित्त विना स्थिर रहन्छ । यसरी बीचमा लामो समय अन्तर भएकोले अगाडिको चित्तले अर्को चित्तलाई उत्पन्न गर्नसक्ने अनन्तर प्रत्ययशक्ति रहित भएका हुन्छन् ? भनेर मनमा प्रश्न उठ्न सक्छ। यसको जवाफ हुँदैन। किनभने महान् चित्तभावना मनोप्रणिधिबलले रोकेको कारणले अगाडिका चित्त निरोध हुँदा अनन्तरमा अर्को चित्तलाई उत्पन्न गर्नसक्ने शक्ति हुने नै भएर निरोध हुन्छन् इत्यादि तरिकाले अनन्तर समनन्तर शक्ति रहित नभएकोलाई सैनिक उपमाद्वारा प्रकाश पारिएकोछ। यो उपमा पढेपछि झन् स्पष्ट हुन्छ। चित्त भनेको सधैं उत्पन्न भइरहने होइन, कारण जुट्यो भने उत्पन्न हुन्छ भन्ने कुरालाई सरल उपमा दिएर बुझाउन कोशिस गरिएको छ। जसरी वीणाको ध्वनि भनेको वीणाका तारहरूमा कोरेको कारणले मात्र उत्पन्न हुन्छ, अन्यथा उत्पन्न हुँदैन। त्यसरी नै पञ्चविज्ञान चित्तहरू पाँचवटा

वस्तुरूप भनिने द्वारहरूमा पाँचवटा आरम्मणहरू प्रकटरूपमा पुगेको वेगको कारणले मात्र उत्पन्न हुन्छन् । अन्यथा उत्पन्न हुँदैनन् । यसरी सुक्ष्म, गम्भीर विषयलाई उपयुक्त उपमा दिएर स्पष्ट पार्न खोजेको छ ।

(२) **पच्चयसभागनय** – यस काण्डमा स्वभाव समान भएको प्रत्ययलाई जोडेर देखाइएको छ । सहजातप्रत्यय पन्ध्र, रूपाहारप्रत्यय तीन, रूपजीवितेन्द्रियप्रत्यय तीन, पूर्वजातप्रत्यय सत्र, पश्चात्जातप्रत्यय चार, अनन्तरप्रत्यय सात र नमिसिएका प्रत्यय पाँच गरी जोडेर देखाइएको छ । यसरी ५४ प्रकारका पट्ठानप्रत्ययहरूलाई तीनवटा कालमा विभाजन गरेर विस्तृतरूपले देखाइएको छ । निर्वाण र प्रज्ञप्ति अप्रत्यय र असंस्कृत हुनाको कारण र सप्रत्यय संस्कृत धर्महरू अनित्य, दुःख र अनात्म हुनाको कारण पनि देखाइएको छ । पट्ठानदेशना अनात्मलक्षणलाई प्रकाश गरिएको साँच्चिकैको ग्रन्थरत्न भएको कुरालाई पनि स्पष्ट पारिएको छ ।

(३) **प्रत्ययघटनानय** – यस नयमा एउटा एउटा प्रत्ययुत्पन्न धर्ममा धेरै प्रत्ययहरू समावेश भएकोलाई देखाइएको छ । सप्रत्यय, संस्कृत र प्रतीत्यसमुत्पन्न धर्महरूको स्वरूपलाई प्रस्तुत गरिएको छ । ती धर्महरूमध्ये चित्तलाई सातवटा विज्ञान धातुमा विभाजन, ५२ वटा चैतसिकलाई चारवटा राशिमा विभाजन गरेर देखाइएको छ । २४ वटा प्रत्ययहरूमध्ये सबै नामधर्महरूसँग सम्बन्धित प्रत्यय, केही नामधर्महरूसँग मात्र सम्बन्धित प्रत्यय र रूपधर्महरूसँग मात्र सम्बन्धित प्रत्ययहरूलाई विभाजन गरेर देखाइएको छ । सबै चित्तुत्पादहरूमा अलग्ग अलग्ग प्रत्ययघटना नय स्पष्टरूपले देखाइएको पाइन्छ ।
अठाइसवटा रूपहरूको स्वरूप र त्यसमा प्रत्ययघटनानय छुट्ट्याएर देखाइएको छ । अन्तमा लोक विनाश र समृद्धिको कारणहरू पनि यस ग्रन्थमा उल्लेख गरिएको छ ।

यस पुस्तकमा पाठकवर्गलाई बुझ्न सजिलो होस् भनेर ठाउँ ठाउँमा पाद टिप्पणी राखेकी छु । पट्ठान भनेको वास्तवमा चित्त, चैतसिक र रूपधर्महरूको स्वभाव र स्वरूप राम्ररी अध्ययन गरिसकेपछि अध्ययन गर्ने विषय हो । यस पुस्तकको पछाडि मैले १२१ वटा चित्तको स्वरूप, चैतसिकहरूको स्वभाव उल्लेख गरेकी छु ।

यस पुस्तकमा आफ्नो अमूल्य समय दिनुभई पुस्तकको भूमिका लेखिदिनु भएकोमा भिक्षु महासंघका महासचिव श्रद्धेय धर्मगुप्त महास्थविरप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। त्यस्तै मंगलमैत्री कामना मन्तव्य लेख्नुभएकोमा नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय बोधिज्ञान महास्थविरप्रति पनि आभार प्रकट गर्दछु।

कम्प्यूटर टाइपिङमा सहयोग गरेका अनागारिका पवरञाणी, सुश्री सुचिता शाक्य र प्रुफ हेरेर सहयोग गर्ने सुश्री ललिता धाख्वालाई साधुवाद छ। त्यस्तै भाषा शुद्ध गर्नुहुने श्री भिक्टर प्रधानज्यूप्रति धेरै धेरै आभार प्रकट गर्दछु।

श्रद्धालु उपासक आ. आनन्द सिद्धि बज्राचार्य, श्रद्धालु उपासिका डा. केशरी बज्राचार्य परिवारले यस पुस्तक धर्मदानको रूपमा प्रकाशन गरिदिनुभएकोले प्रकाशक परिवार सबैलाई साधुवाद व्यक्त गर्दछु।

यो पुस्तक अनुवाद गर्नको लागि श्रद्धालु उपासक तेजराज शाक्यले धेरै वर्ष अगाधि देखि अनुरोध गर्दै आउनुभएको थियो। तर अरू त्रिपिटक ग्रन्थ अनुवाद गर्ने काममा व्यस्त भएकीले अलि ढिलो हुन गयो। अनुरोध गरी प्रेरणा दिनु भएकोमा उहाँलाई साधुवाद दिन चाहन्छु। उहाँको अनुरोध र प्रकाशक परिवारवाट पनि प्रेरणा पाएकीले अनुवाद पूरा गरेर आज तपाईंहरूको अगाडि प्रस्तुत गर्न पाउँदा ज्यादै खुशी लागेको छ।

साथै यो पुस्तकको ले-आउट तथा आवरण पृष्ठ डिजाइन र कम समयमै पुस्तक छापिदिनु भएकोले दिपक, विनोद महर्जन प्रमुख आईडियल प्रिटिङ्ग प्रेस परिवारलाई धेरै धेरै धन्यवाद छ।

अन्तमा, यस पुस्तक अध्ययन गरेर पाठकहरूले सद्धर्मको ज्ञान लाभ गरी आफ्नो जीवन सार्थक गर्न सकून भनी कामना गर्दछु।

**अनागारिका अग्गञाणी**
अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र
२०८० पुष ३ गते मंगलबार

# प्रकाशकीय

आज भन्दा करीब २६०० वर्ष अगाडि तथागत बुद्धले मनुष्य-देव-ब्रह्माहरूको कल्याणको लागि ४५ वर्षसम्म अनवरतरूपले उपदेश गर्नुभएको थियो । उहाँले दिनु भएका उपदेशहरूलाई प्रथम संगायनामा संग्रहीत गरियो र यस संग्रहीत उपदेशहरूलाई त्रिपिटक भनियो । त्रिपिटकलाई सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक गरी तीन भागमा विभाजन गरिएको छ ।

सूत्र पिटकलाई दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय र खुद्दक निकाय गरी ५ निकाय वा भागमा विभाजन गरिएको छ । विनय पिटकलाई पाराजिका पालि, पाचित्तिय पालि, महावग्ग पालि, चुल्लवग्ग पालि र परिवार पालि गरी पाँच भागमा विभाजन गरिएको छ । त्यस्तै अभिधर्म पिटक अन्तर्गत धम्मसङ्गणी, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञति, कथावत्थु, यमक र पट्ठान संग्रहीत छन् । अभिधम्म पिटकका ७ ग्रन्थहरूमध्ये पट्ठानमा गम्भीरातिगम्भीर उपदेशहरू संग्रहीत छन् ।

यस गम्भीर पट्ठानलाई बुद्धत्व प्राप्ति पछि भगवान बुद्धले अनुलोम-प्रतिलोम गरी विचार गर्नुहुँदा उहाँको शरीरबाट छ वर्ण रश्मी निस्केको थियो ।

यस्तो महान उपदेशलाई विद्वानहरूले विभिन्न भाषाहरूमा अनुवाद गर्नुभयो । बर्मामा पट्ठान पाठ गर्ने चलन अद्यापी छदैंछ । नेपालमा पनि नेपालका सातौं संघनायक श्रद्धेय ज्ञानपूर्णिक महास्थविरद्वारा पट्ठान पालि देवनागरिमा निकाल्नु भयो । त्यसपछि विभिन्न व्यक्तिहरूले यसलाई निरन्तरता दिनुभयो । धर्मकथिक श्रद्धेय भिक्षु प्रज्ञाश्री भन्तेद्वारा पट्ठान पालिलाई देशना गर्नु भएको उपदेशलाई दोलेन्द्र रत्न शाक्यज्यूले बिक्रम सम्बत् २०७० साल कार्तिकमा पुस्तकको रूपमा निकाल्नु भयो । अखिल

नेपाल भिक्षु महासंघका महासचिव श्रद्धेय धर्मगुप्त महास्थविरबाट पट्ठान पालिलाई नेपालीभाषामा अनुवाद गरी विक्रम सम्वत् २०८० सालमा प्रकाशित गर्नुभयो ।

महान कर्मस्थानाचार्य अति विद्वान भदन्त लेदी सयाडोद्वारा उपदेशित एवं लिखित यस पट्ठान देशनालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने मेरो सदिक्षालाई, अनुरोधलाई अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका निर्देशक धम्माचरिय श्रद्धेय अग्गञाणी गुरुमाले सहर्ष स्वीकार गर्नुभयो। मेरो अभिलाषालाई पूर्ण गर्न बुद्धद्वारा देशित कल्याणकारी गहन उपदेश पट्ठान देशनालाई नेपालीमा अनुवाद गरीदिनु भयो । वहाँप्रति हार्दिक कृतज्ञता सहित नतमस्त भएकी छु । उहाँ श्रद्धेय अग्गञाणी गुरुमाको सुस्वास्थ्य, दिर्घायु तथा शासनिक कार्यमा सधैं उत्तरोत्तर वृद्धि गर्दै आर्य मार्ग ज्ञान लाभको हेतु रहोस् । त्यस्तै यस पट्ठान देशना ग्रन्थलाई अध्ययन गर्ने पाठक वर्गलाई पनि धर्म मार्गमा पथ प्रदर्शन होस् । साथै यस ग्रन्थ प्रकाशनको पुण्य मेरा सम्पूर्ण परिवार, ञाति बन्धुहरूलाई प्राप्त होस् । समयमै प्रकाशन गरीदिनु भएकोमा प्रेसलाई पनि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई पुण्य हेतु होस् भन्ने कामना गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो ।

**डा. केशरी बज्राचार्य**
ठमेल, काठमाण्डौ
२०८० पुष १ गते

# ग्रन्थ लेखक भद्दन्त लेदी सयादो (भिक्षु ञाणधज) को संक्षिप्त जीवनी

आज विश्वमा, विशेषतः एशिया महादेशका विभिन्न देशहरूमा बुद्धधर्मको पुनरुत्थान १९ औँ शताब्दीदेखि सुरु हुँदै आएको थियो। बुद्धधर्मको पुनरुत्थानको श्रेय म्यानमारमा भदन्त लेदी सयादो महास्थविरलाई रहेको छ। उहाँ परियत्तिका साथै प्रतिप्रत्तिमा विशिष्ट ज्ञान भएका उदाहरणनीय गुरु हुनुहुन्थ्यो, असाधारण प्रतिभाका धनी व्यक्तित्व हुनुहुन्थ्यो ।

भदन्त लेदी सयादोको जन्म सन् १८४६ डिसेम्बर महिनामा उत्तरी बर्मामा स्वेवो जिल्लाको दिपेयँ शहरको स्वैंप्यँ गाउँमा भएको थियो । माताको नाम दो च्यौं र पिताको नाम ऊ थ्वँता थियो । बाल्यकालमा १५ वर्षको उमेरमा नै गुरु उ नन्दधज सयादोबाट श्रामणेर प्रव्रज्या ग्रहण गर्नुभई ञाणधज नाम राखेका थिए । उहाँ २० वर्षको उमेरमा सन् १८६६ मा सयादो ऊ नन्दकै उपाध्यायत्वमा उपसम्पन्न भई 'भिक्षु ञाणधज' हुनुभएको थियो ।

उहाँले बुद्धधर्मको गहन अध्ययन धेरै नै आचार्यहरूबाट पाउनुभएको थियो। साँ च्याउँ भन्ने सयादोले परीक्षणको क्रममा २००० विद्यार्थीहरूलाई पारमिता सम्बन्धी पालि भाषाबाट २० वटा प्रश्नहरू दिनुभएको थियो। भिक्षु ञाणधज एक जनाले मात्र सन्तोषजनक रूपले पालिभाषावाट जवाफ दिन सक्नुभएको थियो । पछि ती संकलन गरेर उहाँको पहिलो पुस्तक 'पारमी दीपनी' सन् १८८० मा प्रकाश भएको थियो ।

राजा मिन दो मिनको संरक्षणमा सन् १८७१ मा मण्डलेमा पञ्चम संगायन भएको थियो। त्यसबेला ७२९ वटा मार्वलमा त्रिपिटक कुँदिएको थियो । त्यसबेला भिक्षु ञाणधजले अभिधर्म सम्पादन तथा अनुवाद गर्नुभएको थियो । उहाँ बर्माको माण्डले स्थित महाज्योतिमय विहारमा पालि अध्यापकमा नियुक्त हुनुभयो र सन् १८८२ सम्ममा शिक्षण कार्यमा लाग्नुभयो ।

उहाँ ३६ वर्ष पुग्दा त्रिपिटक पूरा पढाउने "ठाउ मनवा" भन्ने सानो एउटा जिल्लाको केन्द्र चिढवीन नदीको पूर्वी किनारमा जानुभयो । त्यहाँ भिक्षु र श्रामणेरहरूलाई दिउँसो परियत्ति सिकाउनु हुन्थ्यो र साँझतिर नदीको पच्छिम किनारामा पर्ने पहाडमा अवस्थित सानो विहारमा जानुभई ध्यान गरी रात विताउनु हुन्थ्यो ।

सन् १८८६मा उहाँ मौय्वा शहरको उत्तरतर्फ "लेदी" नामको जंगलमा गई एउटा विहारको स्थापना गर्नुभयो । उक्त विहारलाई 'लेदी तोय्वा' नामाकरण गरिएको थियो । यही विहारमा रही देशका विभिन्न भूभागका विद्यार्थीहरू जम्मा गरेर तिनीहरूलाई बौद्ध शिक्षा प्रदान गर्नुभयो र विहारको सानो कुटीमा रही ध्यानको अभ्यास पनि गर्नुभयो । यसै विहारको नामबाट उहाँ लेदी सयादो नामबाट प्रसिद्ध हुनुभएको हो । त्यहा १० वर्ष भन्दा बढी रहनु भई धैरै विद्वत्ताको काम प्रकाशन भयो ।

**धर्मप्रचार** : उहाँले ग्रन्थ लेखन, ध्यान अभ्यासको साथै तथागतको "**चरथ भिक्खवे चारिकं, बहुजन हिताय, बहुजन सुखाय**"को आदेश अनुरूप विशेषतः बर्माको विभिन्न भू-भागहरू अन्तर्गत गाउँ गाउँ, नगर नगर गई बुद्धधर्म प्रचार गर्नुभयो । यसको साथै उहाँले ठाउँ ठाउँमा बर्षाबास बिताई स्थानीय श्रद्धालुहरूलाई अभिधर्म र विनयको पनि प्रशिक्षण दिँदै जानुभयो । उहाँको मुख्य विशेषता भनेको ध्यान केन्द्रहरूको निर्माण गर्दै जानु र सर्वसाधारणलाई ध्यान भावना सिकाउनु र यसमा विशेष जोड दिनु रहेको थियो । यसबाट धेरै भन्दा धेरै गृहस्थहरूले पनि विपश्यना ध्यान गर्न थाले । उहाँकै अनुकम्पाबाट उहाँको शिष्य सया थेतजी तयार भई उहाँबाट पनि ध्यान प्रचार भयो ।

उहाँको कार्यबाट प्रभावित भई ब्रिटिश उपनिवेश भएको बर्मीज सरकारले सन् १९१५ मा उहाँलाई "अग्गमहापण्डित" को उपाधिले विभूषित गरेको थियो । उहाँलाई सन् १९२१ मा रंगुन विश्व विद्यालयको उपकुलपतिले D.Litt (Doctor of the Literature) को उपाधि पनि प्रदान गरेको थियो ।

**प्रकाशन**: सन् १८९७ मा परमत्थदीपनी त्यस पछि निरुत्थदीपनी गरी उहाँका विभिन्न ७६ वटा भन्दा बढी दीपनी पुस्तकहरू प्रकाशन

भयो । त्यस्तै टीका, निबन्ध, चिठ्ठी र कविताहरूको संग्रह प्रकाशित गर्नुभएको थियो । उहाँ साधारण किसानले समेत बुझ्न सक्ने किसिमले सरल भाषामा लेख्न चाहानुहुन्थ्यो । उहाँले "पटिच्चसमुप्पाददीपनी" भन्ने ग्रन्थ मण्डलेबाट प्रोम भन्ने ठाउँमा जान २ दिनको डुङ्गा यात्रा गर्दा लेख्नुभएको थियो । अंग्रेजीमा अनुवाद भएको दीपनी संग्रहको नाम "म्यानुअल अफ बुद्धिजम्" हो । यसमा यी दीपनीहरू छन् :

१. विपस्सनादीपनी
२. पट्ठानुद्देसदीपनी (पालिभाषा)
३. सम्मादिट्ठि-दीपनी
४. नियामदीपनी
५. चतुसच्चदीपनी
६. बोधिपक्खियदीपनी
७. मग्गङ्गदीपनी
८.परमत्थदीपनी (पालिभाषा)
९. अलिंच्यान (पञ्च आलोक)

**अन्य दीपनीहरूः**

१०. भावनादीपनी ११. विज्जामग्गदीपनी १२. आनापानादीपनी १३. अनत्तदीपनी १४. सच्चत्थदीपनी १५. धातुकम्मट्ठान १६. पटिच्चसमुप्पाददीपनी १७. आहार १८. पारमीदीपनी (पालि भाषा) १९. निब्बान २०. कम्मट्ठानदीपनी २१. सीलविनिच्छय २२. निब्बानविसज्जन । यी दिपनी लगायत उहाँले ठूला र साना गरी सयौं ग्रन्थहरू लोक हितार्थ रचना गर्नुभएको थियो । प्रायगरी बुद्धशासन काउन्सिलले दीपनी संग्रहको नामबाट किताबहरू प्रकाशित गरेका थिए । नेपालमा पनि उहाँका केही ग्रन्थ नेपालभाषा एवं नेपाली भाषामा पनि अनुवाद भएको छ ।

**दिवंगतः**

अनित्यताको स्वभाव अनुसार अग्गमहापण्डित लेदी सयादो सन् १९२३ मा ७७ वर्षको उमेरमा निधन हुनुभयो । बर्मामा उहाँलाई ध्यान प्रचार प्रसार गर्ने व्यक्तित्वको रूपमा र एक अरहन्तको रूपमा पनि मानिन्छ ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| मंगलमैत्री कामना | क |
| भूमिका | ङ |
| दुई शब्द | ठ |
| प्रकाशकीय | त |
| लेदी सयादोको जीवनी | द |
| क) प्रत्ययार्थदीपनी | १ |
| १. हेतुप्रत्यय | १ |
| २. आरम्मणप्रत्यय | ६ |
| ३. अधिपतिप्रत्यय | ९ |
| ४. अनन्तरप्रत्यय | १७ |
| ५. समनन्तरप्रत्यय | २२ |
| ६. सहजातप्रत्यय | २५ |
| ७. अन्यमन्य(अन्योन्य)प्रत्यय | २७ |
| ८. निश्रयप्रत्यय | २९ |
| ९. उपनिश्रयप्रत्यय | ३३ |
| १०. पूर्वजातप्रत्यय | ४२ |
| ११. पश्चात्जातप्रत्यय | ४४ |
| १२. आसेवनप्रत्यय | ४६ |
| १३. कर्मप्रत्यय | ४९ |

१४. विपाकप्रत्यय ५२

१५. आहारप्रत्यय ५५

१६. इन्द्रियप्रत्यय ५८

१७. ध्यानप्रत्यय ६२

१८. मार्गप्रत्यय ६४

१९. सम्प्रयुक्तप्रत्यय ६६

२०. विप्रयुक्तप्रत्यय ६८

२१. अस्तिप्रत्यय ६९

२२. नास्ति, विगत र अविगत प्रत्यय ७०

ख) प्रत्ययसभागनय ७१

ग) प्रत्ययघटनानय ७६

घ) पट्ठान (प्रस्थान) शब्दको अर्थ प्रकाशन ९६

घ) चित्त संक्षिप्त - ८९ वटा ९९

ङ) चैतसिक - ५२ वटा १०५

च) रूपहरूको स्वरूप - २८ वटा १०९

# प्रत्ययार्थदीपनी

## १. हेतुप्रत्यय

### हेतुप्रत्ययको स्वरूप

हेतुप्रत्यय भनेको के हो ?

कुनै बोटबिरुवाको जरा जस्तै कुशल, अकुशल इत्यादिको मूलकारण भएको १. आसक्त हुनु (लोभ) २. रीस उठ्नु (द्वेष) ३. यथार्थता नजान्नु (मोह) ४. आसक्त नहुनु (अलोभ) ५. रीस नउठ्नु (अद्वेष) ६. यथार्थता जान्नु (अमोह) हेतुप्रत्यय हो ।

### हेतुप्रत्ययको प्रत्ययुत्पन्न (फल) धर्म

हेतुप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू के के हुन् ?

लोभसँग मिलेका चित्तचैतसिक धर्महरू र रूपकलाप धर्महरू हेतुप्रत्ययको कारणले उत्पन्न हुने हुनाले यी हेतुप्रत्ययका प्रत्ययुत्पन्नधर्महरू हुन् । द्वेष, मोह, अलोभ, अद्वेष र अमोहसँग मिलेका चित्तचैतसिक धर्महरू र रूपकलाप धर्महरू हेतुप्रत्ययको कारणले उत्पन्न हुने हुनाले यी हेतुप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

### सहजातरूपको स्वरूप र प्रतिसन्धिक्षण, प्रवृत्तिकाल विभाजन

सहजातरूपकलाप भनेको सहेतुक प्रतिसन्धिक्षणमा कर्मजरूपहरू र प्रवृतिकालमा सहेतुक चित्तजरूपहरू हुन् । यस कथनमा प्रतिसन्धिक्षण भनेको प्रतिसन्धिचित्तको उत्पादक्षण हो । प्रतिसन्धिचित्तको स्थितिक्षणदेखि शुरू भई च्यूति कालसम्मलाई प्रवृतिकाल भनिन्छ ।

## हेतु र प्रत्यय भन्नाको कारण

के कारणले हेतु भनिन्छ ? के कारणले प्रत्यय भनिन्छ ?

जराजस्तै मूलकारण भएकोले हेतु र उपकार (सहयोग) गर्नसक्ने भएकोले प्रत्यय भनिन्छ । यस कथनमा मूलयमकमा आज्ञा भएका लोभ इत्यादि मूलधर्महरूको मूलको भावलाई **मूलट्ठ** भनिन्छ । त्यस **मूलट्ठ**लाई **मूलयमकदीपनी** नामक ग्रन्थमा हामीले रूखको उपमाबाट देखाइसक्यौं ।

## अकुशलहेतु प्रत्ययको सहयोग गर्ने ढङ्गलाई स्त्रीप्रति आशक्त भएको पुरूषको उपमाद्वारा प्रकाशन

अर्को तरिकाले म भन्छु । एक पुरुष एउटी स्त्रीप्रति आशक्त भएको रहेछ । त्यो पुरुषले जबसम्म त्यस स्त्रीप्रति आशक्त भएको चित्तलाई त्याग्दैन, तबसम्म त्यस स्त्रीलाई आरम्मण गरेर त्यस पुरुषको लोभसँग उत्पन्न हुने कायकर्म, वचीकर्म र मनोकर्म उत्पन्न भइरहन्छ । त्यस्तै लोभको कारणले उत्पन्न भएका चित्तजरूपहरू पनि लामो समयसम्म उत्पन्न भइरहन्छ । ती सबै चित्तचैतसिकरूपहरू त्यस स्त्रीप्रति आशक्तिको लोभ नै मूलकारण भएका हुन्छन् । त्यसो भएकोले त्यो लोभ हेतु पनि हो र सहयोग गर्ने भएकोले प्रत्यय पनि हो । यी दुई कारणले गर्दा यसलाई हेतुप्रत्यय भनिन्छ । बाँकी रहेका आशक्त भइने विषयवस्तुहरूलाई आरम्मण गरेर उत्पन्न भएका लोभहरूमा, द्वेष उत्पन्न हुनसक्ने विषयवस्तुहरूलाई आरम्मण गरेर उत्पन्न भएका द्वेषहरूमा र मोहित हुन सक्ने विषयवस्तुहरूलाई आरम्मण गरेर उत्पन्न भएका मोहहरूमा पनि यही विधिलाई सम्झनुपर्छ ।

## अकुशल हेतुप्रत्ययको सहयोग गर्ने ढङ्गलाई रुखको जराको उपमाद्धारा प्रकाशन

त्यस हेतुप्रत्ययमा रूखका जराहरूले स्वत जमिनको मुनि राम्ररी स्थित भएर माटोको रस, पानीको रसलाई सोसेर त्यस रूखमा

टुप्पोसम्म लग्नाले रूख लामो समयसम्म ठूलो अग्लो भएर जीवित रहेजस्तै नै लोभले पनि त्यस त्यस विषयवस्तु आरम्मणमा आशक्त हुने शक्तिले राम्ररी आरम्मण गर्ने किसिमले रहेर त्यस त्यस विषयवस्तु आरम्मणको मनपराउने स्वभाव भएको रसस्वाद, मज्जा लिने स्वभाव भएको रसस्वादलाई लिएर सम्प्रयुक्त धर्महरूलाई शरीरले उल्लंघन गर्नु, वचनले उल्लघंन गर्नुतिरसम्म लग्छ अर्थात शरीर वा वचनले उल्लघंन गर्नुसम्म पुर्‍याउँछ । त्यसरी नै द्वेषले पनि विनाश गर्ने शक्ति मन नपराउने स्वभाव भएको रसस्वादलाई मज्जा नमान्ने स्वभाव भएको रस स्वादलाई लिएर, मोहले पनि मोहित भएकोले विभिन्न प्रकारका आरम्मणहरूमा निरर्थक चित्त उत्पन्न हुने रसस्वादलाई लिएर सम्प्रयुक्त धर्महरूलाई शरीरले उल्लंघन गर्नु, वचनले उल्लघंन गर्नुतिरसम्म लग्छ अर्थात शरीर वा वचनले उल्लघंन गर्नुसम्म पुर्‍याउँछ । यसरी अगाडि लग्ने तीनवटा धर्महरूले आसक्त हुनयोग्य इत्यादि वस्तुआरम्मणहरूमा सम्प्रयुक्त धर्महरूलाई खुशी अतिखुशी इत्यादि गराइदिए जस्तै भएर लामो समयसम्म उत्पन्न गर्छन् । सम्प्रयुक्त भएका धर्महरू पनि त्यस्तै प्रकारले उत्पन्न हुन्छन् । सम्प्रयुक्त धर्महरू पनि त्यस्तै प्रकारले उत्पन्न हुँदा सँगै उत्पन्न भएका रूपकलापहरू पनि त्यस्तै तरिकाले उत्पन्न हुन्छन् नै । यस कथनमा **सम्पयुक्तधम्मे अभिहरति** भनिने पदको अर्थलाई यसरी सम्झनुपर्छ । दुईवटा प्रिय स्वभाव, सात(मज्जा लिने) स्वभाव भनिने रसस्वादहरूलाई सम्प्रयुक्तधर्महरूको नजिक पुर्‍याइदिन्छ – यस अर्थलाई सम्झनुपर्छ ।

## कुशल हेतुप्रत्ययको उपकार गर्ने ढङ्गलाई स्त्रीप्रति आसक्त हुनुलाई त्याग गरेको पुरूषको उपमाद्वारा प्रकाशन

शुक्ल(शुभ)पक्षमा, त्यस पुरुषले जुनबेला वस्तुकाम क्लेशकामहरूमा दोष(अवगुण)लाई देख्छ, त्यस समयमा उक्त पुरुषले त्यो मनपराउने चित्तलाई त्याग्छ । त्यस स्त्रीलाई आरम्मण गरेर अलोभ उत्पन्न हुन्छ । पहिले जुन समयमा त्यस स्त्रीलाई आरम्मण गरेर लोभ नै

मूलकारण भएको अशुद्ध कायकर्म, वचीकर्म र मनोकर्म  उत्पन्न हुन्थ्यो, अहिले यस समयमा अलोभ नै मूलकारण भएको शुद्ध कायकर्म, वचीकर्म र मनोकर्महरू उत्पन्न हुन्छन् । भिक्षुहरूको भए प्रातिमोक्षसंवरशील, ध्यान परिकर्म र अर्पणाध्यानहरू उत्पन्न हुन्छन् । त्यो अलोभ, त्यो नै मूल कारण भएको शुद्ध कायकर्म, वचीकर्म, मनोकर्म  इत्यादिको मूल कारण भएकोले हेतु पनि हो, उपकार गर्ने स्वभाव भएकोले  प्रत्यय पनि  हो । ती दुईटा कारणले हेतुप्रत्यय भनिन्छ । बाँकी लोभको प्रतिपक्ष अलोभ, द्वेषको प्रतिपक्ष अद्वेष र मोहको प्रतिपक्ष अमोहहरूमा पनि यसरी नै सम्झनुपर्छ ।

## कुशल हेतुप्रत्यय रुखको जरा समान

यस कथनमा रूखको जराजस्तै अलोभले लोभ्याउने खालको विषयवस्तुहरूमा लोभ हटाएर लोभ अलग्ग भएकोले उत्पन्न भएको सुखरसलाई वृद्धि गरेर त्यस लोभ विवेकसुखले_सम्प्रयुक्तधर्महरूलाई खुशी अति खुशी पारे जस्तै भएर ध्यान समापत्ति सुखसम्म वा मार्गफल सुखसम्म पनि वृद्धि गर्छ । त्यस्तै अद्वेषले पनि द्वेष उत्पन्न गराउने खाले विषयवस्तुहरूमा द्वेष अलग भएकोले उत्पन्न भएको सुखरसलाई वृद्धि गरेर र अमोहले पनि मोहित गराउने खाले विषयवस्तुहरूमा मोहरहित भएकोले उत्पन्न भएको सुख–रसलाई वृद्धि गरेर ती तीनवटा धर्महरूले कुशल धर्महरूमा सम्प्रयुक्त धर्महरूलाई खुशी, अतिखुशी पारे जस्तै लामो समयसम्म पनि उत्पन्न गर्छ । सम्प्रयुक्त धर्महरू पनि त्यस्तै प्रकारले उत्पन्न भइरहन्छ । सम्प्रयुक्त धर्महरू त्यसरी उत्पन्न हुँदा सहजात रूपकलापहरू पनि त्यसरी नै उत्पन्न हुन्छन् ।

## लोभविवेकसुखरस पदहरूको अर्थ

यस कथनमा **लोभविवेकसुखरसं** पदको वचनत्थलाई यसरी बुझ्नुपर्छ – अलग्ग हुनु **विवेक** ।  लोभ अलग्ग हुनु **लोभविवेक** हो । लोभ अलग्ग हुनुमा सुख हुनु **लोभविवेकसुख** हो । यसो भनेको लोभ

अलग्ग हुनुलाई आधार लिएर उत्पन्न हुने सुख भन्न खोजिएको हो । यसरी उत्पन्न हुने सुख नै रस **लोभविवेकसुखरस** हो । यसरी समास गर्नुपर्छ । यो अभिधर्ममा हेतु पट्ठाननय हो ।

## सूत्रन्त तरिकाले हेतुप्रत्ययको उपकार गर्ने ढङ्ग

सूत्रान्त तरिका अनुसार अविद्या भनिने मोह र तृष्णा भनिने लोभ दुई धर्म सबै वर्टदुःखहरूका मूल हुन् । द्वेष भनेको लोभको फल परम्परा (लोभसँग जोडेर आउने फल) मात्र भएको अकुशल मूल हो । विद्या भनिने अमोह र नैष्क्रम्यधातु भनिने अलोभ दुई धर्म विवर्ट धर्महरूका मूल हुन् । अद्वेष भने अलोभको फल परम्परा मात्र भएको कुशल मूल हो । यसरी छ प्रकारका मूलहरूले सहजात भएका र सहजात नभएका नामरूपधर्महरूलाई उपकार गरेका हुन्छन् । यो विधि सूत्रान्तमा आएको तरिका हो ।

*हेतुप्रत्यय समाप्त भयो ।*

# २. आरम्मणप्रत्यय

## आरम्मणप्रत्ययको स्वरूप

आरम्मणप्रत्यय भनेको के हो ?

सबै चित्त चैतसिक धर्म, सबै रूपधर्म, सबै निर्वाण र सबै प्रज्ञप्ति आरम्मणप्रत्यय हुन् । सही हो, चित्तचैतसिकहरूको आरम्मण नभएको धर्म कुनै पनि छैन । आरम्मण ६ प्रकारका छन् – १. रूपारम्मण २. शब्दारम्मण ३. गन्धारम्मण ४. रसारम्मण ५. प्रष्टव्यारम्मण (स्पृष्टव्यारम्मण) ६. धर्मारम्मण ।

## आरम्मणप्रत्ययको प्रत्ययुत्पन्न

कुन कुन धर्महरू आरम्मण प्रत्ययका प्रत्ययुत्पन्न धर्म हुन् ?

सबै चित्त चैतसिक धर्म आरम्मण प्रत्ययका प्रत्ययुत्पन्न धर्म हुन् । प्रकट आरम्मण वा अप्रकट आरम्मणसँग अलग्ग भएर उत्पन्न हुने कुनै चित्त छैन ।

## तीनवटा काल अनुसार विभाजित प्रत्यय प्रत्ययुत्पन्न धर्महरू

यस कथनमा वर्तमान रूपारम्मणले दुई प्रकारको चक्षुविज्ञानचित्तलाई आरम्मणप्रत्यय शक्तिले उपकार गरेको हुन्छ । वर्तमान शब्दारम्मणले दुई प्रकारको श्रोतविज्ञानचित्तलाई, वर्तमान गन्धारम्मणले दुई प्रकारको घ्राणविज्ञानचित्तलाई, वर्तमान रसारम्मणले दुई प्रकारको जिव्हाविज्ञानचित्तलाई र वर्तमान प्रष्टव्यारम्मणले दुई प्रकारको कायविज्ञानचित्तलाई उपकार गरेको हुन्छ ।

वर्तमान ती पञ्चारम्मणहरूले तीन प्रकारका मनोधातुचित्तलाई[१] आरम्मणप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । सबै अतीत, अनागत र

१ पञ्चद्वारावर्जन र दुईवटा सम्प्रतिच्छन चित्त

वर्तमान भएका ती पञ्चारम्मणले वा सबै तीनवटा कालमा उत्पन्न भएका, कालविमुक्त भएका धर्मारम्मणहरूले छहत्तर (७६) प्रकारका मनोविज्ञानधातुलाई[२] योग्यतानुसार आरम्मण प्रत्ययशक्तिले उपकार गरेको हुन्छ ।

## आरम्मण र प्रत्यय भन्नाको कारण

के कारणले आरम्मण भनिन्छ ? चित्तचैतसिकहरूले ग्रहण गरिने हुनाले विषयवस्तुलाई आरम्मण भनिन्छ । के कारणले प्रत्यय भनिन्छ ? उपकार गर्ने धर्म भएकोले प्रत्यय भनिन्छ । **आलम्बितब्बट्ठेन** भनिने यस पालिमा **आलम्बणक्रिया** भनेको चित्तचैतसिकहरूको आरम्मण ग्रहण गर्ने काम हो । आरम्मणलाई दृढरूपले ग्रहण गर्ने काम हो ।

## चित्तचैतसिकहरूका छवटा आरम्मणलाई ग्रहण गर्ने प्रकियालाई प्रकट गर्न चुम्बकको उपमा

उपमाद्वारा स्पष्ट पार्छु – संसारमा फलामधातुलाई आकर्षण गर्ने एक प्रकारको फलाम विशेषलाई चुम्बक भनिन्छ । त्यो चुम्बक फलामटुक्राको नजिक पुग्यो भने त्यसलाई मन पराएको जस्तो वा त्यसको इच्छा गरे जस्तो गरी फलामटुक्रा अगाडि सर्छ । चुम्बकले फलामको टुक्रालाई आफुतिर तान्छ । फलामको टुक्रा चुम्बकको नजिक जान्छ । यसो हुनु चुम्बकको आलम्बणक्रिया हो । त्यसरी नै चित्तचैतसिकहरूको आरम्मणहरूमा आलम्बण क्रियालाई बुझ्नुपर्छ । यी खालि आरम्मणहरूमा आलम्बण गर्ने मात्र होइन, साँचै नै चित्तचैतसिक धर्महरु सत्त्वहरूको सन्तानमा उत्पन्न हुँदा छवटा द्वारहरूमा आरम्मणहरू प्रकट भएको समयमा मात्र हरेक क्षणमा उत्पन्न हुन्छन् । उत्पन्न भइसकेपछि पनि क्षण क्षणमा निरोध हुन्छन् ।

## चित्तचैतसिकहरू स्थिर नभएर प्रत्येक क्षण उत्पत्ति-विनाश हुने

[२] द्विपञ्चविज्ञान र मनोधातु वर्जित सबै चित्तहरू

## भावलाई ठोक्ने वा बजाउने समयमा मात्र उत्पन्न हुने ढोलक वा वीणाको ध्वनीको उपमाद्वारा प्रकाशन

ढोलकको सतह (मुख)मा हातले ठोकेको समयमा मात्र ढोलकध्वनी उत्पन्न हुन्छ। उत्पन्न भए पछि प्रत्येक क्षण निरोध हुन्छ। वीणाका तारहरू बजाउँदा मात्र प्रत्येक क्षण वीणाको ध्वनी उत्पन्न हुन्छ। उत्पन्न भइसके पछि पनि प्रत्येक क्षण निरोध हुन्छ। यसरी नै निदाइरहेको व्यक्तिको पनि भवङ्गचित्त उत्पन्न हुने बेला पूर्वजन्ममा मरणासन्न अवस्थामा छवटा द्वारहरूमा[३] प्रकट भएका कर्म, कर्मनिमित्त, गतिनिमित्तहरूले मात्र भवङ्गचित्तहरूलाई आरम्मणप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ। यसरी बुझ्नुपर्छ।

*आरम्मणप्रत्यय समाप्त भयो।*

[३] चक्षुद्वार, स्रोतद्वार, घ्राणद्वार, जिव्हाद्वार, कायद्वार र मनोद्वार

# ३. अधिपतिप्रत्यय

## दुई प्रकारका अधिपति

अधिपतिप्रत्यय (१) आरम्मणाधिपतिप्रत्यय (२) सहजाताधिपतिप्रत्यय गरी दुई प्रकारका छन् ।

## आरम्मणाधिपतिप्रत्ययको स्वरूप

यी दुई मध्ये आरम्मणाधिपतिप्रत्यय भनेको के हो ?

आरम्मणप्रत्ययमा उल्लेखित आरम्मणहरूमध्ये अतिइष्ट (धेरै इच्छ्याउनयोग्य), अतिकान्त (धेरै मनपराउनयोग्य), अतिमनाप (धेरै मनलाई वृद्धि गरिदिने), गौरव राख्नयोग्य आरम्मणहरू आरम्मणाधिपतिप्रत्यय हो ।

## अतिइष्टारम्मण

अतिइष्टारम्मण भनेको के हो ?

चाहे इष्ट आरम्मणहरू होस्, चाहे अनिष्ट आरम्मणहरू होस् स्वाभाविकरूपले चाहना गर्नयोग्य आरम्मणलाई आरम्मण गर्ने व्यक्तिले अति इच्छ्याएका आरम्मणहरू अतिइष्टारम्मण हो ।

## आरम्मणाधिपतिको स्वरूप

आरम्मणाधिपतिप्रत्ययधर्महरू भन्नाले स्वरूपको हिसाबले दुईवटा द्वेषमूल चित्तुत्पाद, दुईवटा मोहमूल चित्तुत्पाद एवं दुःखसहगत कायविज्ञानचित्तुत्पादहरू वञ्चित गरेर बाँकी सबै कामावचर चित्तचैतसिक, रूपावचर चित्तचैतसिक, अरूपावचर चित्तचैतसिक, लोकुत्तर चित्तचैतसिकधर्म तथा निर्वाण र सबै अति इच्छा गर्न योग्य रूपधर्महरू हुन् ।

## काम आरम्मण सधैँ अधिपति प्रत्यय नहुनु र महर्गतलोकुत्तर आरम्मणहरू सधैँ अधिपतिप्रत्यय हुनुका कारण

उक्त आरम्मणाधिपतिप्रत्यय धर्महरूमध्ये काम आरम्मणहरूले गौरव राख्ने व्यक्तिलाई मात्र आरम्मणाधिपति प्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ, गौरव नराख्ने व्यक्तिलाई उपकार गरेको हुँदैन । काम आरम्मणबाट अर्को महर्गत[४]लोकुत्तर आरम्मणका बारेमा भन्नुपर्दा ध्यानलाभी पुद्‌गलहरूले आफूले प्राप्त गरेका महर्गतध्यानहरूलाई र आर्यश्रावक पुद्‌गलहरूले आफूले प्राप्त गरेका लोकुत्तरधर्महरूलाई गौरव नराख्ने भन्ने कुरा हुँदैन ।

## आरम्मणाधिपतिप्रत्ययको प्रत्ययुत्पन्न

कुन कुन धर्महरू आरम्मणाधिपतिप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ? आठवटा लोभमूल चित्त, आठवटा कामावचर कुशलचित्त, चारवटा कामावचर ज्ञानसम्प्रयुक्त क्रियाचित्त र आठवटा लोकुत्तरचित्तहरू आरम्मणाधिपतिप्रत्यय धर्मका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## आरम्मणाधिपतिप्रत्यय र प्रत्ययुत्पन्न धर्महरू

यस कथनमा छवटा लौकिक आरम्मणहरूले लोभमूल चित्तहरूलाई आरम्मणाधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । सत्रवटा लौकिक कुशलचित्तहरूले चारवटा ज्ञानविप्रयुक्त कुशल चित्तहरूलाई आरम्मणाधिपतिप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । ती सत्रवटा लौकिक कुशलचित्त; स्रोतापत्ति, सकृदागामी, अनागामी मार्गफलहरू र निर्वाणले चारवटा ज्ञानसम्प्रयुक्त महाक्रियाहरूलाई आरम्मणाधिपति प्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । अरहत्तमार्ग, अरहत्तफल र निर्वाणले चारवटा ज्ञानसम्प्रयुक्त महाक्रियाहरूलाई आरम्मणाधिपति प्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । निर्वाणले आठवटा

[४] रूपावचर र अरूपावचर

लोकुत्तरचित्तहरूलाई आरम्मणाधिपति प्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ । यसरी सम्झनुपर्छ ।

## आरम्मण र अधिपति भन्नाको कारण

के कारणले आरम्मण भनिन्छ ? चित्तचैतसिकहरूले ग्रहण गर्ने हुनाले विषयवस्तुलाई आरम्मण भनिन्छ । के कारणले अधिपति भनिन्छ ? आधिपत्य भएकोले अधिपति भनिन्छ । आधिपत्य भनेको के हो ? आफूमाथि गौरव राखेर उत्पन्न भएका चित्तचैतसिकहरूमा अधिकार जमाउनु आधिपत्य हो । आरम्मणाधिपति प्रत्ययधर्महरूलाई संसारका स्वामीहरू जस्तै सम्झनुपर्छ । प्रत्ययुत्पन्न धर्महरूलाई नोकरहरू जस्तै सम्झनुपर्छ ।

## आरम्मणाधिपतिमा प्रत्ययुत्पन्न सम्बन्ध भएको ढङ्ग सुतसोम जातकको उपमा

सुतसोम जातकमा मानिसको मासु खाने पोरिसाद नामक राजा नरमांसलाई महत्त्व दिएर नरमांसको कारणले राज्य त्याग गरी जंगलमा विचरण गर्छ । यस जातक कथनमा नरमांसमा गन्धारम्मण, रसारम्मणधर्महरू (वास, स्वादहरू) आरम्मणाधिपतिप्रत्यय हुन् । राजाको नरमांसमा आशक्त भएको लोभमूलचित्त प्रत्ययुत्पन्नधर्म हो । महासुतसोम जातक अनुसार सुतसोम राजाले सत्यधर्मलाई गौरव राखेर सत्यधर्मको कारणले राज्यसम्पत्ति, ज्ञातिसमूह र आफ्नो ज्यानको प्रवाह नगरी फेरि पोरिसादको समीपमा गयो । त्यसरी जानुमा सत्यधर्म आरम्मणाधिपतिप्रत्ययधर्म हो । सुतसोम राजाको कुशलचित्त प्रत्ययुत्पन्नधर्म हो । यस नयलाई सबै गौरव राखिएका आरम्मणहरूका सन्दर्भमा बुझ्नुपर्छ ।

## सहजाताधिपतिप्रत्ययको स्वरूप

सहजाताधिपतिप्रत्यय भनेको के हो ? अधिपतिभावमा पुगेका १. छन्द २. चित्त ३. वीर्य र ४. वीमंश(प्रज्ञा) – यी चार धर्म अधिपतिप्रत्यय धर्म हो ।

## सहजाताधिपतिप्रत्ययको प्रत्ययुत्पन्नको स्वरूप

कुन कुन धर्महरू यस सहजाताधिपतिप्रत्ययका प्रत्ययुत्पन्नधर्महरू हुन् ? अधिपतिप्रत्ययसँग मिलेका चित्तचैतसिकहरू र अधिपतिप्रत्ययका कारणले उत्पन्न भएका चित्तजरूपहरू यस सहजातप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## सहजात र अधिपति भन्नाको कारण

के कारणले सहजात भनिन्छ ? के कारणले अधिपति भनिन्छ ?

सँगै उत्पन्न गर्ने स्वभावको कारणले सहजात भनिन्छ। सहजात भएका प्रत्ययुत्पन्न धर्महरूलाई अभिभूत गर्नसक्ने वा दबाउनसक्ने स्वभावको कारणले गर्दा अधिपति भनिन्छ। यस कथनमा **सहुप्पादनट्ठेन** भनेको जुन प्रत्यय धर्मले आफू उत्पन्न हुँदा आफूसँग सँगै उत्पन्न हुने सहजात धर्महरूलाई आफू सँगै नै उत्पन्न गर्छ भनेको हो । यस सहजाताधिपतिप्रत्यय धर्मको आफूसँग सहजातभएका प्रत्ययुत्पन्न धर्महरूलाई सँगै उत्पन्न गर्ने स्वभावको कारणले सहजात भनिन्छ । **अभिभवनट्ठेन** भनेको दबाउने स्वभावको कारणले अधिपति भनिन्छ ।

## सहजाताधिपतिमा प्रत्यय प्रत्ययुत्पन्नको सम्बन्ध बारे चक्रवर्ति राजाको उपमा

उपमा, चक्रवर्ति राजाले आफ्नो पुण्यशक्तिले सबै द्वीपवासीलाई अभिभूत गरेर आफ्नो वशमा पार्छ। सबै द्वीपवासी पनि चक्रवर्तिराजाको

वशमा हुन्छन् । त्यस्तै अधिपति स्थानमा पुगेका चारवटा प्रत्ययधर्मले आ-आफ्नो विषयमा (क्षेत्रमा) सहजात भएका प्रत्ययुत्पन्न धर्महरूलाई दबाएर आफ्नो वशमा पार्छन् । सहजात भएका प्रत्ययुत्पन्नधर्महरू पनि ती सहजाताधिपति प्रत्ययधर्महरूको वशमा जान्छन् ।

## सहजाताधिपतिमा प्रत्यय प्रत्ययुत्पन्नको सम्बन्धबारे शिलास्तम्भ इत्यादिको उपमा

उपमा, शिलास्तम्भमा पृथ्वीधातुले आफूसँग सँगै उत्पन्न भएका तीनवटा आपोधातु, तेजोधातु, र वायुधातुलाई; पानी समूहमा आपोधातुले आफूसँग सँगै उत्पन्न भएका तीन वटा पृथ्वीधातु, तेजोधातु र वायुधातुलाई; अग्निसमूहमा तेजोधातुले आफूसँग सँगै उत्पन्न भएका तीनवटा पृथ्वीधातु, आपोधातु र वायुधातुलाई; वायु समूहमा वायुधातुले आफूसँग सँगै उत्पन्न भएका तीनवटा पृथ्वीधातु, आपोधातु र तेजोधातुलाई दबाएर आफ्नै जस्तो स्वभावमा पुऱ्याउँछन् । सहजात भएका पृथ्वी इत्यादि धातुहरू पनि ती आपो इत्यादि धातुहरूकै स्वभावमा पुग्छन् । यसरी नै अधिपति स्थानमा पुगेका चारवटा प्रत्ययधर्महरूले आफ्नो बलशक्तिद्वारा सहजात भएका प्रत्ययुत्पन्न धर्महरूलाई आफ्नो स्वभावमा पुऱ्याउँछन् । सहजात प्रत्ययुत्पन्न धर्महरू पनि त्यस सहजातधिपति प्रत्ययधर्महरूकै गतिमा पुग्छन् । यसरी सहजात प्रत्ययुत्पन्नधर्महरूलाई दबाउने स्वभाव भएको कारणले गर्दा यसलाई अधिपति भनिन्छ ।

## छन्द नै लोभभन्दा बलवान्

यस सहजाताधिपति प्रत्ययका सम्बन्धमा चोदक (आलोचक) हरू भन्ने गर्छन् कि सहजात भएका धर्महरूलाई दबाउने स्वभावको कारणले अधिपति भनेका भए छन्दलाई छोडेर लोभ नै अधिपति हुनसक्छ । सही हो, यो लोभ छन्द भन्दा धेरै बलवान् भएकोले सहजात भएका प्रत्ययुत्पन्न धर्महरूलाई दबाएर उत्पन्न हुन्छ भनी भन्ने गर्छन् । यसको जवाफमा पृथग्जन मूर्खहरूमा मात्र लोभ छन्दभन्दा धेरै बलवान्

हुन्छ । यसरी बलवान् भएतापनि प्रज्ञावान्हरूमा छन्द नै लोभभन्दा धेरै बलवान् भएर सहजात प्रत्ययुत्पन्न धर्महरूलाई दबाएर उत्पन्न हुन्छ । स्पष्ट पार्छु, यदि लोभ नै छन्द भन्दा धेरै बलवान् भए लोभको हातमा पुगेका यी सत्त्वहरूले भवसम्पत्ति, भोगसम्पत्तिहरूलाई त्यागेर नैष्क्रम्य धर्महरूलाई पूर्ण गरी वर्टदुःखबाट कसरी निस्कन सक्छन् ? छन्द नै लोभभन्दा धेरै बलवान् हुने भएकोले लोभको हातमा पुगेका यी सत्त्वहरूले भवसम्पत्ति भोगसम्पत्तिहरूलाई त्यागेर नैष्क्रम्यधर्महरूलाई पूरा गरेर वर्टदुःखबाट निस्कन्छन् । त्यसैले छन्द नै लोभ भन्दा बलवान् हुन्छ । छन्द नै अधिपति हुन्छ । लोभ अधिपति हुँदैन । यस विधिलाई द्वेष इत्यादिहरूको सन्दर्भमा पनि बुझ्नुपर्छ ।

## चारवटा अधिपतिधर्महरूले मात्र लोकमा ठूलठूला कार्यहरू सिद्ध

यस सहजाताधिपति प्रत्ययको अर्थलाई यसरी बुझ्नुपर्छ – लोकमा उत्तम व्यक्तिहरूले मात्र गरिने ठूलठूला धेरै नै गर्न गाह्रो कार्यहरू गर्नुपर्दा यी चारवटा सहजाताधिपतिप्रत्यय धर्महरू कर्मसिद्ध गर्न उत्पन्न हुन्छन् ।

## छन्दहीन व्यक्ति र छन्दाधिक व्यक्तिहरूको छन्द पछि हट्ने र उत्साहित हुने ढङ्ग

हीन छन्द(इच्छा) भएका धेरै मानिसहरूले महान् उत्तम व्यक्तिहरूले गर्ने ठूलठूला अति गर्न गाह्रो कामहरूलाई हेरेर इच्छा कमजोर गरेर पछि हटेका हुन्छन्, गर्न चाहँदैनन् । यो हाम्रो विषय होइन भनेर वास्ता नगरी छोड्छन् । प्रबल इच्छा भएका व्यक्तिले भने उत्तम व्यक्तिहरूले गरिने अति गर्न गाह्रो कार्यहरूलाई हेरेर प्रबल इच्छा राख्छन्, गर्ने अति नै इच्छा गर्छन् । यो काम मेरो विषय हो – यस्तो निर्णयमा पुग्छ । यस्तो प्रबल इच्छा भएको व्यक्तिले इच्छाद्वारा तानिएर त्यो काम सिद्ध नभएसम्म बीचैमा काम त्याग गर्न सक्दैन । त्यस्तो हुँदा त्यो काम अति ठूलो भएता पनि एक समयमा सिद्ध नै हुनेछ ।

## वीर्यहीन व्यक्ति र वीर्याधिक व्यक्तिहरूको वीर्य पछि हट्ने र उत्साहित हुने ढङ्ग

हीनवीर्य भएका धेरै मानिसहरूले ठूलठूला अति गर्न गाह्रो कामहरूलाई हेरेर हतोत्साही हुन्छन् । यो कामले मलाई ठूलो शारीरिक दुःख, मानसिक दुःख हुनेछ – यसरी पछि हट्छन् । प्रबल वीर्य भएका व्यक्तिले भने उत्तम महान् व्यक्तिहरूले गर्ने ठूलठूला अति गर्न गाह्रो कार्यहरूलाई देखेर उत्साहित हुन्छ, तत्काल उठेर गर्ने इच्छा गर्छन् । वीर्य अधिक भएको व्यक्तिले लामो समयसम्म त्यो कार्य गरेर धेरै शारीरिक दुःख र मानसिक दुःख भोग्नुपरे तापनि मिहेनत गरेर गर्नुपर्ने त्यस काममा उद्विग्न हुँदैन । महान् वीर्य विना त्यो काम हुन सक्दैन, त्यस्तो वीर्यले दिनरात बिताएर मानसिकसुख प्राप्त गर्छ, जस्ले गर्दा त्यो काम धेरै ठूलो भए तापनि एक समयमा सिद्ध नै हुनेछ ।

## चित्तहीन व्यक्ति र चित्ताधिक व्यक्तिहरूको मन पछि हट्ने र उत्साहित हुने ढङ्ग

पछि हट्ने हीन मन भएका धेरै व्यक्तिहरू ठूलठूला अति गर्न गाह्रो कार्यहरूलाई देखेर पछि हट्ने मन भएका हुन्छन्, फेरि आरम्मण पनि गर्दैनन् । मन प्रबल भएको व्यक्तिले भने ठूलठूला अति गर्न गाह्रो कामहरूलाई देखेर मन उत्साहित पार्छन्, गर्ने इच्छाबाट मन हटाउन सक्दैनन् । लामो समयसम्म त्यस काममा निरन्तर लाग्ने मन भएका हुन्छन् । त्यस्तो प्रबल चित्त भएको व्यक्ति मनको वसमा गएको भएर लामो समयसम्म पनि सो कार्य गरेर धेरै शारीरिक दुःख भोग्नु परे तापनि त्यो काम सिद्ध नभएसम्म बीचैमा काम त्याग गर्दैन । त्यसो हुँदा त्यो काम अति ठूलो भएता पनि एक समयमा सिद्ध नै हुन्छ ।

## मन्दप्रज्ञा पुद्गल र प्रज्ञाधिक व्यक्तिहरूको ज्ञानदृष्टि मन्द र तीक्ष्ण हुने ढङ्ग

मन्दप्रज्ञा भएका धेरै व्यक्तिहरू ठूलठूला अति गर्न गाह्रो

कामहरूलाई देखेर पछि हट्ने प्रज्ञा भएका हुन्छन् । कामको शुरू पनि देख्दैनन्, अन्तलाई पनि देख्दैनन् । अन्धकार भित्र पसे जस्तै हुन्छन् । ती काम गर्नतिर मन पनि झुक्दैन । प्रज्ञाधिक व्यक्तिहरू चाहिँ ठूलठूला अति गर्न गाह्रो कार्यहरूलाई देखेर तीक्ष्ण प्रज्ञा युक्त हुन्छन् । कामको शुरू पनि अन्त पनि देख्छ, फल पनि देख्छ, आनिशंसलाई पनि देख्छ र सजिलैसँग कर्मसिद्धको विभिन्न कारणलाई पनि देख्छ । तीक्ष्ण प्रज्ञा भएको त्यो व्यक्तिले लामो समयसम्म पनि सो कार्य गरेर धेरै शारीरिक दुःख र मानसिक दुःख भोग्नुपरे तापनि निरीक्षण गरेर गर्नुपर्ने त्यस काममा उद्विग्न हुँदैन । महान् प्रज्ञा विना त्यो काम सिद्ध हुन सक्दैन, त्यस्तो निरीक्षण गर्ने प्रज्ञाले दिनरात बिताएर मानसिकसुख प्राप्त गर्छ, जस्ले गर्दा त्यो काम धेरै ठूलो भए तापनि एक समयमा सिद्ध नै हुनेछ ।

### चारवटा अधिपति भएकोले संसारमा व्यक्ति विशेष, शिल्प विशेष, प्रज्ञा विशेष, प्रयोग विशेष उत्पन्न भएर धेरै सत्त्वहरूले फल भोग्न पाएका विषय प्रस्तुत

यसरी संसारमा महापुरुषहरूले गर्ने ठूलठूला अति गर्न गाह्रो कार्यहरू देखापर्दा चारवटा सहजाताधिपति प्रत्ययहरू कर्म सिद्ध गर्न उत्पन्न हुन्छन् । चारवटा अधिपति धर्महरू पनि प्रकट भएका कारणले लोकमा व्यक्ति विशेषका नामले प्रकट हुन्छन्, सर्वज्ञबुद्धहरू जस्ता विशिष्ट महापुरुष व्यक्तिहरू प्रकट हुन्छन्, सर्वज्ञबोधिसत्त्व भनिनेहरू प्रकट हुन्छन्, प्रत्येकबुद्ध भनिनेहरू प्रकट हुन्छन्, प्रत्येक बोधिसत्त्व भनिनेहरू प्रकट हुन्छन्, अगश्रावक भनिनेहरू प्रकट हुन्छन्, महाश्रावक भनिनेहरू प्रकट हुन्छन्, श्रावक बोधिसत्त्व भनिनेहरू प्रकट हुन्छन् । लोकमा यस्ता महान् स्वभाव भएका व्यक्ति विशेषहरूको शक्तिले सत्त्वलोकको अर्थ, हित, सुखको लागि शिल्प विद्या विशेषहरू र परिभोग वस्तु विशेषहरू प्रकट हुन्छन् – यसरी बुझ्नुपर्छ ।

*अधिपतिप्रत्यय समाप्त भयो ।*

# ४. अनन्तरप्रत्यय

## अनन्तरप्रत्ययको स्वरूप

अनन्तरप्रत्यय भनेको के हो ? अन्तर नभएको क्षणमा निरोध भइसकेका चित्तचैतसिकधर्म समूह अनन्तरप्रत्यय हो ।

## अनन्तरपत्ययको प्रत्ययुत्पन्नधर्म

कुन धर्म अनन्तरप्रत्ययको प्रत्ययुत्पन्न भएको धर्म हो ? पछि उत्पन्न हुने अन्तर नभएको क्षणमा नै उत्पन्न हुने चित्त चैतसिक धर्मसमूह यस अनन्तरप्रत्ययको प्रत्ययुत्पन्न धर्म हो ।

## अनन्तरप्रत्ययले उपकार गर्ने ढङ्ग

एउटा भवमा प्रतिसन्धिचित्तले प्रथमभवङ्गचित्तलाई अनन्तरप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । प्रथमभवङ्गचित्तले दुतियभवङ्गचित्तलाई अनन्तरप्रत्ययशक्तिले उपकार गरेको हुन्छ इत्यादि तरिकाले बुझ्नुपर्छ ।

## नयाँ भवमा सर्वप्रथम भवनिकन्तिक लोभ जवनवीथि उत्पत्ति ढङ्ग

धम्मयमकमा **सुद्धावासानं दुतिये अकुसले चित्ते वत्तमाने** भनेर बताइसकेको तरिकाले त्यस सत्त्वलाई आफ्नो नयाँ आत्मभावलाई आरम्मण गरेर “यो शरीर मेरो सम्पत्ति हो, यो शरीर म हुँ, यो शरीर मेरो आत्म हो” भनी उत्पन्न हुने भव मनपराउने तृष्णासँग मिलेको चित्त उत्पन्न हुने बेलामा सर्वप्रथम दुई चोटि भवङ्ग कम्प हुन्छ । त्यसपछि मनोद्वारावर्जनचित्त उत्पन्न हुन्छ । अनि सातचोटि भवनिकन्तिक लोभ जवनहरू उत्पन्न हुन्छन् । त्यसपछि भवङ्गवार उत्पन्न हुन्छ ।

## गर्भासेय्यक सत्त्वको जवनवीथिले अतीत आरम्मण गरेर औधृत्यसहगत जवन धेरै उत्पत्ति हुनुको कारण

अर्को तरिका, आमाको गर्भमा प्रतिसन्धि बसेको सत्त्वले त्यसबेला वर्तमान भवमा कुनै आरम्मणलाई जाँदैन। पूर्वजन्ममा आफूले भोगेको आरम्मणलाई अनुस्मरण गरेर (बरोबर सम्भेर) बस्छ। हृदयवस्तु भने अतिदुर्बल भएकोले त्यो भोगेको अतीत आरम्मण पनि प्रकट हुँदैन। त्यस अप्रकट विषयवस्तुलाई आरम्मण गरेर औधृत्यसँग मिलेको चित्त मात्र धेरै पटक उत्पन्न हुन्छ।

## आमाको गर्भमा रहेको सत्त्वले एक महिना, दुई महिनादेखि शुरु गरेर जन्मदासम्म कायविज्ञानवीथि र मनोविज्ञानवीथिहरू मात्र उत्पन्न भएर दुःखवेदना दौर्मनस्यवेदनाहरूलाई दुःखपूर्वक अनुभूति गर्ने ढङ्ग

आमाको गर्भ अलि बढेर दुई महिना नाघ्ने बेलामा चक्षु इत्यादि इन्द्रियहरू पूर्ण हुन्छन्। यसरी पूर्ण भएतापनि आमाको गर्भमा प्रकाश इत्यादि प्रत्ययहरू अभाव भएकोले चक्षुविज्ञान इत्यादि चारवटा विज्ञानहरू उत्पन्न हुँदैनन्। कायविज्ञान, मनोविज्ञानहरू मात्र उत्पन्न हुन्छन्। त्यो सत्त्वले आमाको इर्यापथ फेर्ने समय इत्यादिमा धेरै दुःख दौर्मनस्यहरू अनुभव गर्छ। जन्मने बेलामा त तीव्रखालको दुःखमा पुग्छ नै। जन्मेपछि पनि जुन बेलासम्म वस्तुरूपहरू नरम हुन्छन्, छिप्पिएको अवस्थामा पुग्दैनन्, त्यसबेलासम्म त्यो बच्चा थकित भई उत्तानो परी सुतेर मात्र रहन्छ। उसले वर्तमान कुनै पनि आराम्मणलाई चिन्न सक्दैन। बच्चाको मनले धेरैजसो पूर्व जन्मलाई बारम्बार सम्भेर मात्र बसेको हुन्छ।

## नरक, देवलोकहरूबाट आएका बच्चाहरूको अतीत जन्मको विषयवस्तुलाई आरम्मण गरेर मलिन र हँसिलो अनुहार प्रकट

यदि त्यो बालक नरकभवबाट आएको भए धेरैजसो मलिन अनुहार भएको हुन्छ। पहिला नरकमा उत्पन्न भएका विषयवस्तुहरूलाई आरम्मण गरेर क्षण क्षणमा त्यस बच्चाको विरूप अनुहार प्रकट हुन्छ। यदि देवलोकबाट आएको भए दिव्य आरम्मणहरूलाई आरम्मण गरेर धेरैजसो प्रशन्न अनुहार भएको हुन्छ। क्षण क्षणमा त्यस बच्चाको हँसिलो अनुहार प्रकट हुन्छ।

## वस्तुरूपहरू छिप्पिएको अवस्थामा वर्तमान भवको आरम्मणलाई ग्रहण गरेर अतीत भवको आरम्मण बिर्सने ढङ्ग

वस्तुरूपहरू तीक्ष्ण भएर छिप्पिएको अवस्थामा पुग्ने बेलामा भने उक्त बच्चाको चित्तहरू पनि अति सफा हुन्छन्। त्यसबेला मन्द स्वभाव नभएर खेल्दै रमाउँदै खुशी हुँदै अति खुशी हुँदै बस्छ। वर्तमान भवमा आरम्मणहरूलाई चिन्दछ, पहिचान गर्दछ। आमाको कुरा सम्झन्छ। त्यस बच्चाको मन धेरै पटक यस वर्तमान भवमा उत्पन्न आरम्मणलाई स्मरण गरेर उत्पन्न हुन्छ। पूर्व जन्मलाई बिर्सन्छ।

## अतीत भव बिर्सने समय विभाजन र जातिस्वर सत्त्व

के सबै सत्त्वले यस अवस्थामा मात्र अतीत भवलाई बिर्सन्छ? सबै सत्त्वले यस स्थानमा मात्र बिर्सने होइन। वास्तवमा कोही सत्त्वले आमाको गर्भमा बस्दाको दुःखले अति शास्ति भोग्नुपर्ने भएर गर्भमा नै बिर्सन्छ। कोही सत्त्वले जन्मने बेलामा बिर्सन्छ। कोही सत्त्वले यस स्थानमा बिर्सन्छ। कोही सत्त्वले यस पछि पनि सानो बेलामा बिर्संदैन। ठूलो हुदाँ मात्र बिर्सन्छ। कोहीले जीवनभर नै बिर्संदैन। दुई तीनवटा जन्महरूलाई सम्झन सक्ने पुद्गल पनि छ। यसरी दुई तीन जन्म सम्झनसक्नेहरू जातिस्वर नामका सत्त्वहरू हुन्।

## छ द्वारिकवीथि चित्तहरू पूर्ण भएर अनन्तर प्रत्ययले उपकार गर्ने ढङ्ग, अनन्तरप्रत्ययको क्रम नटुटिने र टुटिने अवस्था

जन्मेको बेलादेखि शुरू गरेर वर्तमान आरम्मणलाई पहिचान गरेदेखि छ द्वारमा उत्पन्न हुने वीथिचित्तहरू पूर्ण भएर उत्पन्न हुन्छन् । सम्पूर्ण चित्तमा पनि अन्तर नभएको समयमा निरोध भइसकेको अघि अघिको चित्तले अन्तर नभएको समयमा उत्पन्न भएको पछि पछिको चित्तलाई अनन्तरशक्तिले उपकार गरेको हुन्छ । यो अनन्तरप्रत्ययले शुरू थाहा नभएको संसारमा एकजना सत्त्वलाई निरन्तर सम्बन्ध राख्छ । सत्त्व अरहत्तमार्ग प्राप्त गरेर स्कन्धपरिनिर्वाणमा पुग्ने बेलामा मात्र यो सम्बन्ध टुट्छ ।

## अनन्तर र प्रत्यय भन्नाको कारण

कुन कारणले अनन्तर भनिन्छ ? आफ्नो अन्तर नभएको समयमा आफू समान अर्को धर्मलाई उत्पन्न गर्ने हुनाले अनन्तर भनिन्छ । कुन कारणले प्रत्यय भनिन्छ ? उपकार गर्नसक्ने हुनाले प्रत्यय भनिन्छ । यस कथनमा **अत्तसदिसस्स** भनेको आरम्मणसँग उत्पन्न भएर आफूसँग समान, **सारम्मणभावेन** भनेको आरम्मण विना उत्पन्न नहुने धर्मलाई सारम्मण भनिन्छ । यसरी आरम्मणसँग अलग्ग भएर उत्पन्न नहुने हुनाले **सारम्मणभावेन** भनेको हो । **धम्मन्तरस्स उप्पादनट्ठेन** भनेको पूर्वचित्त निरोध भए तापनि त्यस चित्तको चिन्तन (विचार गर्ने) क्रियावेग शान्त भएको हुँदैन । पछाडिको चित्तलाई उत्पन्न गरिसकेपछि मात्र शान्त हुन्छ । यसरी पछाडि उत्पन्न हुने अर्को धर्मलाई उत्पन्न गर्ने हुनाले अनन्तर भनिन्छ ।

## अनन्तरप्रत्यय प्रत्ययुत्पन्नहरू आमा छोरीसँग समान भएको ढङ्ग, अरहन्तहरूको च्यूतिचित्त अनन्तरप्रत्ययकृत्य रहित भएको ढङ्ग

यस कथनमा पहिले पहिलेका आमा परम्पराजस्तै अनन्तर प्रत्यय क्रमलाई बुभ्नुपर्छ । पछि पछि जन्मेका छोरी परम्पराजस्तै यस अनन्तरप्रत्ययको प्रत्ययुत्पन्न धर्मलाई बुभ्नुपर्छ । यस्तो भए अरहन्तहरूको सबै चित्तको अन्तमा उत्पन्न हुने परिनिर्वाण चित्तले पनि फेरि प्रतिसन्धिचित्त भनिने अर्को धर्मलाई उत्पन्न गर्नसक्छ ? भन्ने प्रश्न उठ्न सक्छ। उत्पन्न गर्न सक्दैन किनभने त्यस परिनिर्वाणचित्तको त्यस समयमा कर्मक्लेशहरूका वेगहरू सबै प्रकारले शान्त भएको कारणले अर्को धर्मलाई उत्पन्न गर्न सक्दैन ।

*अनन्तरप्रत्यय समाप्त भयो ।*

# ५. समनन्तरप्रत्यय

## अनन्तर र समनन्तरहरूको प्रत्यय प्रत्ययुत्पन्नधर्म समानता

समनन्तरप्रत्ययको प्रत्ययधर्म विभाजन र प्रत्ययुत्पन्न धर्म विभाजन अनन्तरप्रत्ययसँग समान छ ।

## समनन्तर भन्नाको कारण

के कारणले समनन्तर भनिन्छ ? राम्रोसँग अन्तर नभएकोले समनन्तर भनिन्छ ।

## नामधर्मलाई नित्य ध्रुव भनी सम्झनुको कारण

शिलास्तम्भ इत्यादिमा रूपकलापहरू एकाबद्ध भएतापनि आकृति (सण्ठान) भएको रूपधर्म भएको हुनाले बीचमा परिच्छेद(आकास)रूप सहित भएका नै हुन्छन् । दुईवटा रूपकलापहरूको बीचमा अन्तर वा खालि भएजस्तै अगाडि पछाडि उत्पन्न भएका दुईवटा चित्तचैतसिककलापहरूको बीचमा अन्तर वा खालि हुँदैन । निश्चय पनि ती अगाडि पछाडि उत्पन्न भएका चित्तचैतसिककलापहरू नामधर्म भएकाले आकृति नभएका धर्महरू भएका कारणले बीचमा कुनै पनि छुटाइदिने धर्म (आकास/खालि ठाउँ) नभएकोले सधैँ अन्तररहित मात्र हुन्छन् । मनुष्य समूहको पनि दुईवटा चित्तचैतसिक कलापहरूको अन्तर प्रकट हुँदैन । त्यसैले यी सत्त्वहरूले चित्त भनेको नित्य छ, ध्रव छ, स्थावर छ, विपरीत नहुने स्वभाव छ – यस्तो नित्य संज्ञा मनमा लिएका हुन्छन् । यसरी राम्ररी अन्तर नभएको कारणले गर्दा समनन्तर भनिन्छ । **अनन्तरट्ठेन** भन्ने पदको पनि अर्थवर्णन **अत्तनो अनन्तरे अत्तसदिसस्स धम्मन्तरस्स उप्पादनट्ठेन** भनेर अगाािडि बताइसकियो । आफ्नो अन्तर नभएको समयमा आफू समान अर्को धर्मलाई उत्पन्न गर्ने हुनाले अनन्तर भनिएको हो ।

## निरोधसमापत्तिको[५] अगाडि र पछाडिका चित्तहरूमा सातदिनसम्म अन्तर रहनुमा तथा असंज्ञासत्त्वभवमा अगाडि र पछाडिका चित्तहरूमा पाँच सय कल्पसम्म समय अन्तर रहनुमा अनन्तर समनन्तर प्रत्ययशक्तिले उपकार गर्न सक्ने नसक्ने सम्बन्धमा

आफूसित अन्तर नभएको आफू समान अर्को धर्मलाई उत्पन्न गर्ने कारणले अनन्तर भनिने भए निरोधसमापत्तिमा प्रवेश गर्ने बेलामा अगाडिको चित्त नैवसंज्ञानासंज्ञायतन चित्त हो । पछाडिको चित्त भनेको आर्यफल चित्त हो । दुईटा अगाडि र पछाडिका चित्तहरूको अन्तरमा एक रात एक दिनसम्म पनि, दुई रात दुई दिनसम्म पनि ........, सात रात सात दिनसम्म पनि चित्त नभएको हुन्छ । असंज्ञासत्त्व भूमिमा पनि अगाडिको कामभूमिमा च्यूतिचित्त पुरिमचित्त (अगाडिको चित्त) हो । पछाडिको चित्त कामभूमिमा प्रतिसन्धि चित्त हो । असंज्ञासत्त्वभूमिमा अगाडि र पछाडिका दुईटा चित्तहरूको अन्तरमा पाँचसय कल्पसम्म पुद्गल चित्त विना स्थिर रहन्छ । यहाँनिर प्रश्न उठ्न सक्छ – त्यस कथनमा दुइटा अगाडिका चित्तहरूले आफ्नो अनन्तरमा आफू समान अर्को धर्मलाई उत्पन्न गर्नसक्ने प्रत्ययशक्तिरहित भएका हुन्छन् ? हुँदैन । किनभने महान् चित्तभावना मनोप्रणिधिबलले रोकेको कारणले अगाडिका चित्तहरू निरोध हुँदा अनन्तरमा एउटा धर्मलाई उत्पन्न गर्नसक्ने शक्ति हुने नै भएर निरोध हुन्छन् । पछिका चित्तहरू पनि उत्पन्न हुँदा त्यही क्षणमा सततरूपले उत्पन्न नभएर लामो समयमा मात्र उत्पन्न हुन्छन् ।

## अनन्तर समनन्तर शक्तिरहित नभएकोलाई सैनिक उपमाद्वारा प्रकाशन

यति प्रमाणले अगाडिका चित्तहरूको अनन्तरमा अर्को धर्म उत्पन्न गर्ने शक्ति हुँदैन । त्यसैले ती अगाडिका चित्तहरू अनन्तरप्रत्यय धर्म होइनन् भन्न सकिंदैन । उपमा : राजाका योद्धाहरू हुन्छन्, राजाले

---

५ चित्त, चैतसिक र चित्तज रूपहरू निरोधमा पुगेको अवस्था

समय हेरेर कहिलेकाहीँ तिमीहरू अहिले युद्ध नगर्नू, युद्ध गर्ने समय भएको छैन, फलाना समयमा मात्र युद्ध गर्नू – यसो भन्न सक्छ । ती योद्धाहरु पनि त्यस समयमा युद्ध नगरिकन विचरण गर्छन् । त्यस्तो भएता पनि ती योद्धाहरूमा युद्ध गर्नसक्ने शक्ति छैन र ती सैनिकहरूलाई योद्धाहरू भनिँदैन भन्न मिल्दैन, यसरी बुझ्नुपर्छ ।

## नाम धर्ममा अन्तर छैन भनेर भन्यो भने नामधर्मको उत्पाद स्थिति भङ्ग भएको भावलाई विश्वास गर्न गाह्रो हुन्छ भन्ने चोदक गुरुलाई जवाफ

यस समनन्तर प्रत्ययमा केही व्यक्तिले यसो भन्ने गर्छन् – यस समनन्तरप्रत्ययमा **ते पन अरूपधम्मभावेन असण्ठानजातिकत्ता मज्झे परिच्छेदधम्मस्स नाम कस्सचि अभावतो सब्बसो अन्तररहिता एवं होन्ति** भनेर तपाइँहरू भन्नुहुन्छ, यसरी भन्दा अगाडि उल्लेख गरिएको आरम्मणप्रत्ययमा ढोलकको आवाज र वीणाको आवाजका उपमाद्वारा चित्तहरूको क्षण क्षणमा जुन उत्पन्न हुनुलाई, जुन निरोध हुनुलाई भनियो, हामीहरूले त्यो कुरालाई कसरी विश्वास गर्ने ?

लोकमा परस्परमा विशेष भएका विभिन्न चित्तहरूको चुट्कीभर, आँखा झिम्काउने क्षणभरमा अघिपछि परिवर्तन हुने, प्रकट हुने भएकाले चित्तहरूको उत्पाद, निरोधलाई विश्वास गर्नुयोग्य छ । यस अर्थलाई अगाडिको चित्तयमकदीपनीमा विस्तृतरूपले बताइसकेको छ ।

*समनन्तरप्रत्यय समाप्त भयो ।*

# ६. सहजातप्रत्यय

## सहजातप्रत्ययमा प्रत्ययधर्म र प्रत्ययुत्पन्नधर्म विभाजन

प्रत्ययधर्म विभाजन र प्रत्ययुत्पन्न धर्म विभाजनबारे भन्नु आवश्यक छ । सँगै उत्पन्न भएका सबै चित्तचैतसिक नामधर्महरू परस्पर सहजातप्रत्ययधर्महरू पनि हुन्, सहजातप्रत्ययुत्पन्न धर्महरू पनि हुन् । प्रतिसन्धि अवस्थामा उत्पन्न भएका चारवटा नामस्कन्धहरू र चारवटा प्रतिसन्धिनामस्कन्धसँग उत्पन्न भएको हृदयवस्तु परस्पर सहजातप्रत्ययधर्महरू हुन्, त्यस्तै सहजातप्रत्ययुत्पन्न धर्महरू पनि हुन् । सबै चारवटा महाभूतहरू पनि परस्पर सहजातप्रत्ययधर्महरू र सहजातप्रत्ययुत्पन्न धर्महरू हुन् । पन्ध्रवटा पञ्चवोकारप्रतिसन्धि[६] चित्तको उत्पादक्षणमा उत्पन्न भएका सबै कर्मजरूपहरू, प्रवृत्ति अवस्थामा त्यस त्यस (रूपलाई उत्पन्न गर्नसक्ने) चित्तको उत्पादक्षणमा त्यस त्यस (रूपलाई बनाउनसक्ने) चित्तको कारणले उत्पन्न भएका सबै चित्तजरूपहरू सहजातचित्तका प्रत्ययुत्पन्न धर्महरू हुन् । सबै चौबीस वटा उपादारूपहरू सहजात भएका महाभूतहरूका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## सहजात र प्रत्यय भन्नाको कारण

कुन कारणले सहजात भनिन्छ ? कुन कारणले प्रत्यय भनिन्छ ? सँगै उत्पन्न हुने, सँगै उत्पन्न गर्ने हुनाले सहजात भनिन्छ । उपकार गर्नसक्ने हुनाले प्रत्यय भनिन्छ । यस कथनमा **सहजाननट्ठेन** भन्ने पदको अर्थ यसरी बुझ्नुपर्छ – जुन प्रत्ययधर्म उत्पन्न हुँदा आफ्नो प्रत्ययुत्पन्न धर्महरूसँग सँगै नै आफू पनि उत्पन्न हुन्छ, आफ्नो प्रत्ययुत्पन्न धर्महरूलाई पनि आफूसाथ नै उत्पन्न गर्छ, त्यस प्रत्यय धर्मको यसरी सँगै उत्पन्न हुने, उत्पन्न गर्ने अर्थ **सहजाननट्ठ** भन्ने अर्थ हो ।

---

६ पाँचवटा स्कन्ध भएको कामप्रतिसन्धि दशवटा र रूपप्रतिसन्धि पाँचवटा

## सहजातप्रत्ययमा प्रत्ययप्रत्ययुत्पन्नहरूका सँगै उत्पन्न हुने ढङ्गलाई सूर्य र सूर्यको प्रकाश, दियो र दियोको प्रकाशको उपमाद्वारा प्रकाशन

सूर्य भनेको पर्वतबाट उदाउँदा सूर्यको ताप र सूर्यको प्रकाश आफूसँगै नै उत्पन्न गरी उदाउँछ । अर्को उपमा, दियो बल्दा दियोको ताप र दियोको प्रकाश आफू सँगै नै उत्पन्न गरी बल्छ । यो दुईवटा उपमा जस्तै नै यो सहजातप्रत्ययधर्म उत्पन्न हुँदा आफ्नो प्रत्ययुत्पन्न धर्महरूलाई आफूसँगै नै उत्पन्न गर्दछ । यस उपमामा एक एकवटा नामस्कन्धलाई सूर्य जस्तै सम्भनुपर्छ, सूर्यको ताप जस्तै त्यस नामस्कन्धसँग सम्प्रयुक्त भएका बाँकी नामस्कन्धहरूलाई सम्भनुपर्छ, सूर्यको प्रकाश जस्तै सहजात रूपधर्महरूलाई सम्भनुपर्छ, त्यस्तै सूर्य जस्तै एक एकवटा महाभूतरूपधर्मलाई सम्भनुपर्छ । सूर्यको ताप जस्तै बाँकी सहजात महाभूतधर्मलाई सम्भनुपर्छ, सूर्यको प्रकाश जस्तै सहजात उपादारूपहरूलाई सम्भनुपर्छ । यस उपमा उपमेय्यलाई दियोको उपमामा पनि यसरी नै बुभ्नुपर्छ ।

*सहजातप्रत्यय समाप्त भयो ।*

# ७. अन्यमन्य(अन्योन्य)प्रत्यय

## अन्यमन्यप्रत्ययमा प्रत्ययधर्म र प्रत्ययुत्पन्नधर्म विभाजन

सहजातप्रत्ययमा विभाजित दुईवटा प्रत्यय प्रत्ययुत्पन्न धर्महरूमध्ये जुन जुन धर्मलाई प्रत्ययधर्म भनिन्छ, त्यो त्यो नै सहजातप्रत्ययमा भनिएका प्रत्ययधर्म यस अन्यमन्यप्रत्ययमा प्रत्ययधर्म हुन्छ । सबै चित्तचैतसिक नामस्कन्धहरू परस्परको प्रत्ययधर्म पनि हुन्, परस्परको प्रत्ययुत्पन्न धर्म पनि हुन् । सहजात चारवटा महाभूत परस्परको प्रत्यय धर्म पनि हुन्, परस्परको प्रत्ययुत्पन्न धर्म पनि हुन् । पञ्चवोकार प्रतिसन्धि नामस्कन्धहरू र पञ्चवोकार प्रतिसन्धिनामस्कन्ध सँगै उत्पन्न भएको हृदयवस्तुरूप परस्परको प्रत्ययधर्म पनि हुन्, परस्परको प्रत्ययुत्पन्नधर्महरू पनि हुन् । अन्यमन्य शब्दको अर्थ, प्रत्यय शब्दको अर्थ सजिलैसित नै जान्नबुझ्न सकिन्छ ।

## चित्तचैतसिकरूपधर्महरूको परस्पर उपकार गर्ने तरीका

परस्पर आधार लिएर ठड्याएका तीनवटा लट्ठीहरू परस्पर एकअर्काको आधारहरू पनि हुन् । एकले अर्कोको आधार लिएका पनि हुन्छन् । ती तीन लट्ठीहरूमध्ये प्रत्येक लट्ठी नहल्लिकन दृढरूपले टेकिरहेको छ भने तीनवटै लट्ठीहरू ठडिरहेका हुन्छन् । एउटा लट्ठी खुस्क्यो भने सबै तीनैवटै लट्ठी ढल्छन् । यसरी नै अन्यमन्य प्रत्यय प्रत्ययुत्पन्न धर्महरूलाई पनि सम्झनुपर्छ ।

## चित्तचैतसिकहरू परस्पर अन्यमन्यप्रत्यय भएको भाव र महाभूत उपादारूपहरूका अन्यमन्यप्रत्यय भएको भाव प्रकाशन

यस अन्यमन्यप्रत्यय प्रत्ययुत्पन्नको विषयमा केही व्यक्तिहरू यसो भन्ने गर्छन् – सबै चैतसिक धर्महरू चित्त भनिने सहयोगी प्रत्ययधर्मलाई प्राप्त भएन भने आफूहरू मात्र उत्पन्न हुन सक्दैनन् । स्पर्श गर्नु इत्यादि

चैतसिककृत्यहरूको आरम्मणलाई जान्ने कृत्य नै अगाडि भएकोले यसो भन्नु उचित छ । सही हो, **मनोपुब्बङ्गमा** भनी भगवानले आज्ञा भएको छ । चित्त चाहिँ चैतसिकको सहयोगी प्रत्यय विना उत्पन्न हुन सक्दैन भन्नको लागी उचित छैन भन्ने गर्छन् । यसको जवाफ दिनुपर्छ । चैतसिकधर्महरू चित्तको सँगै उत्पन्न हुने सहायक अङ्ग भएकोले त्यस सहायक चैतसिकहरूसँग अलग्ग भएर चित्त पनि आफू मात्र उत्पन्न हुन सक्दैन नै । चारवटा महाभूतहरूमा पनि यो विधिलाई नै सम्झनुपर्छ – यो उत्तर हो । उपादारूपहरू भने महाभूतहरूको आनिशंस मात्र भएकाले सँगै उत्पन्न हुने सहायकहरू होइनन् । यसरी सम्झनुपर्छ । प्रश्न गर्छु, आहाररूप र जीवितरूप आहारप्रत्यय, इन्द्रियप्रत्यय छुट्टै हुने हुनाले सहायक हुन्छ, होईन ? यसको जवाफ दिनुपर्छ । स्थितिक्षणमा मात्र सहायक हुन्छ, उत्पादक्षणमा सहायक हुँदैन । यस अन्यमन्यप्रत्ययमा भने उत्पाद क्षणमा सहायक चाहिन्छ – यो जवाफ हो ।

*अन्यमन्यप्रत्यय समाप्त भयो ।*

# ८. निश्रयप्रत्यय

## निश्रयप्रत्ययको प्रकार

निश्रयप्रत्यय तीन प्रकारका छन् (१) सहजात निश्रयप्रत्यय (२) वस्तुपूर्वजात निश्रयप्रत्यय (३) वस्तारम्मणपूर्वजात निश्रयप्रत्यय ।

## सहजातनिश्रय र सामान्य सहजातहरू प्रत्ययप्रत्ययुत्पन्न सबै समान

ती तीन प्रकारका निश्रयप्रत्ययहरूमध्ये सहजातनिश्रयप्रत्यय के हो ? सबै सहजातप्रत्यय नै सहजातनिश्रय प्रत्यय भएकाले त्यस सहजातनिश्रय प्रत्ययमा प्रत्ययधर्म विभाजन र प्रत्ययुत्पन्न धर्म विभाजनलाई सहजातप्रत्ययमा भनिसकेको तरिकाले नै बुझ्नुपर्छ ।

## वस्तुपूर्वजातनिश्रयका प्रत्ययप्रत्ययुत्पन्न धर्महरू

वस्तुपूर्वजातनिश्रय प्रत्यय भनेको के हो ? छ वटा वस्तुरूप – १. चक्षुवस्तु २. श्रोतवस्तु ३. घ्राणवस्तु ४. जिव्हावस्तु ५. कायवस्तु ६. हृदयवस्तु हुन् । यी छ वटा वस्तुरूपले प्रवृत्तिकालमा सातवटा विज्ञानधातुलाई वस्तुपूर्वजातनिश्रयशक्तिले उपकार गरेको हुन्छ ।

## वस्तुपूर्वजातनिश्रय शब्दको अर्थ इत्यादि

वस्तुपूर्वजातनिश्रय भनेको वस्तुरूप नै सबैभन्दा अगाडि उत्पन्न भएर विज्ञानधातुहरूको आधार हुनु हो । यस वस्तुपूर्वजात भन्ने पदमा चित्तचैतसिकहरूको आश्रय आधार भएकोले वस्तु भनिएको हो । पूर्वजात भनेको आ-आफ्नो प्रत्ययुत्पन्न धर्मको उत्पतिक्षणबाट अघिल्लो क्षणमा उत्पन्न हुनु हो ।

## वस्तुरूपहरूले प्रतिसन्धिचित्तलाई शुरु गरेर पछिका चित्तक्रमहरूलाई उपकार गर्ने ढङ्ग

प्रतिसन्धिक्षणमा प्रतिसन्धिचित्त उत्पन्न हुन अघि हृदयवस्तुरूप नभएकोले आफू भनिने प्रतिसन्धि चित्तसँग उत्पन्न भएको हृदयवस्तु रूपकै आधार लिएर प्रतिसन्धिचित्त उत्पन्न हुन्छ। प्रथमभवङ्ग चित्त भने प्रतिसन्धिचित्तसँग एकसाथ उत्पन्न भएको हृदयवस्तुरूपको आधार लिएर उत्पन्न हुन्छ । दोस्रो भवङ्गचित्त प्रथमभवङ्गचित्तसँग एकसाथ उत्पन्न भएको हृदयवस्तुरूपको आधार लिएर उत्पन्न हुन्छ। यसरी तेस्रो भवङ्गचित्त दोस्रो भवङ्गचित्तसँग एकसाथ उत्पन्न भएको हृदयवस्तुरूपको इत्यादि रूपले मरणासन्न समयसम्म दुइवटा मनोधातु र मनोविज्ञानधातुहरूको वस्तुपूर्वजातनिश्रयप्रत्ययलाई बुझ्नुपर्छ ।

## विज्ञानचित्तइत्यादि उत्पत्तिहुने अवस्थालाई बोध गराउनको लागि वीणाको उपमा

जसरी वीणाको ध्वनी भनेको वीणाका तारहरूमा वीणा बजाउने साधनले प्रहार गरेको वेगको कारणले मात्र उत्पन्न हुन्छ, अन्यथा उत्पन्न हुँदैन । त्यसरी नै पञ्चविज्ञानहरू पाँचवटा वस्तुरूप भनिने पाँचवटा द्वारहरूमा पाँचवटा रूपारम्मण, शब्दारम्मण इत्यादि आरम्मणहरूको प्रकटरूपमा पुगेको वेगको कारणले मात्र उत्पन्न हुन्छन्, अन्यथा उत्पन्न हुँदैनन् ।

## पञ्चविज्ञानधातु[७] र वस्तुरूप

प्रकटरूपमा पुग्न पनि त्यस द्वार आरम्मणहरूको स्थितिमा पुगेको बेलामा मात्र हुन्छ । प्रकटरूपले पुगेको कारणले मात्र भवङ्ग दुईचोटि कम्प हुन्छ । भवङ्ग कम्प भएको कारणले पञ्चद्वारमा विचार गर्ने पञ्चद्वारावर्जन चित्त उत्पन्न हुन्छ। आवर्जनको कारणले चक्षुविज्ञान

७ चक्षुविज्ञानधातु, श्रोतविज्ञानधातु, घ्राणविज्ञानधातु, जिव्हाविज्ञानधातु र कायविज्ञानधातु

इत्यादि पाँचवटा विज्ञानहरू आरम्मण अनुसार उत्पन्न हुन्छन्। त्यसैले चक्षु इत्यादि पाँचवटा वस्तुहरू चक्षुविज्ञान इत्यादि उत्पन्न हुनु पहिले अतीत भवङ्गचित्तको उत्पादक्षणमा उत्पन्न भएपछि मात्र पञ्चविज्ञानधातुहरूलाई वस्तुपूर्वजातनिश्रयशक्तिले उपकार गरेको हुन्छ ।

## मरणासन्न समय वस्तुपूर्वजात निश्रयप्रत्यय

मरणासन्न अवस्थामा भने च्यूतिचित्तबाट अगाडि सत्रौं भवङ्गचित्तको उत्पादक्षणमा मात्र सबै छवटा वस्तुरूपहरू उत्पन्न हुन्छ । त्यस सत्रौं भवङ्गचित्तको उत्पादक्षण पछि यी उत्पन्न हुँदैनन् । त्यसैले मरणासन्न समयमा भवङ्गचित्तहरू, सबै छद्वारिकवीथिचित्तहरू र च्यूतिचित्त आफू उत्पन्न हुनुभन्दा पहिलेको समयमा उत्पन्न भएका त्यस सत्रौं चित्तसँग उत्पन्न भएका आ-आफ्नो वस्तुहरूको आश्रय लिएर उत्पन्न हुन्छन् । यो वस्तुपूर्वजातनिश्रय प्रत्यय हो ।

## वस्तारम्मणपूर्वजातनिश्रयमा प्रत्ययप्रत्ययुत्पन्न धर्म सहित उपकार गर्ने ढङ्ग

वस्तारम्मणपूर्वजातनिश्रय प्रत्यय के हो ? जुन समयमा आफ्नो अध्यात्म वस्तुरूपलाई आरम्मण गरेर जुन हृदयवस्तुरूपलाई आधार लिएर मेरो मनोविज्ञानचित्त उत्पन्न हुन्छ, त्यतिखेर यो मेरो मनोविज्ञानचित्तको आधार हृदयवस्तुरूप मेरो सम्पत्ति हो, यो हृदयवस्तुरूप म हुँ, यो हृदयवस्तुरूप मेरो आत्म अथवा शरीर हो भनेर तृष्णा, मान र दृष्टिहरूले ग्रहण गरेको शक्तिद्वारा अथवा यो हृदयवस्तुरूप अनित्य, दुःख, अनात्म हो भनेर परामर्शको शक्तिद्वारा आवर्जन चित्त इत्यादि मनोद्वारिक वीथिचित्तहरू उत्पन्न हुन्छन् । त्यसबेला त्यो त्यो वस्तुरूप अलग्ग अलग्ग त्यस मनोद्वारिकवीथि चित्तहरूको निश्रयवस्तु पनि हुन्छ, आरम्मण पनि हुन्छ । त्यसैले त्यो त्यो हृदयवस्तुरूपले आरम्मण गरेको त्यस त्यस चित्तुत्पादलाई वस्तारम्मणपूर्वजात निश्रयशक्तिले उपकार गरेको हुन्छ ।

यो वस्तारम्मण पूर्वजात निश्रयप्रत्यय हो । यसरी निश्रयप्रत्यय तीन प्रकारका छन् ।

## सुत्तन्तनय अनुसार निश्रयप्रत्यय

यहाँ निश्रयप्रत्ययलाई सुत्तन्तनय अनुसार बताउनुपर्छ । मानिस अथवा पशुपंछी र रूख इत्यादि महापृथ्वीमा ठडिएका हुन्छन् । महापृथ्वीले पानीको आधार लिएको हुन्छ, पानीले हावाको आधार लिएको हुन्छ, हावाले खुल्ला आकाशको आधार लिएको हुन्छ । मानिसहरू घरहरूमा, भिक्षुहरू विहारहरूमा, देवताहरू दिव्य विमानहरूमा आधार लिएर बसेका हुन्छन् । यसरी सबै लोक उत्पतिबारे जानेर निश्रयप्रत्ययलाई बुझ्नुपर्छ ।

(मनुष्य, तिरिश्चिन, रूख, वन, पर्वत इत्यादि निश्रयप्रत्ययका प्रत्ययुत्पन्न हुन् भने महापृथ्वी निश्रयप्रत्यय हो । महापृथ्वी निश्रयप्रत्ययको प्रत्ययुत्पन्न र पानी निश्रयप्रत्यय हो । पानी निश्रयप्रत्ययको प्रत्ययुत्पन्न र हावा निश्रयप्रत्यय हो । हावा(समूह) निश्रयप्रत्ययका प्रत्ययुत्पन्न र खुल्ला आकाश निश्रयप्रत्यय हो । मनुष्यहरू निश्रयप्रत्ययका प्रत्ययुत्पन्न र घरहरू निश्रयप्रत्यय हुन् । भिक्षुहरू निश्रयप्रत्ययका प्रत्ययुत्पन्न र विहारहरू निश्रयप्रत्यय हुन्, इत्यादि तरिकाले लिनुपर्छ ।)

*निश्रयप्रत्यय समाप्त भयो ।*

# ९. उपनिश्रयप्रत्यय

## उपनिश्रयप्रत्ययका प्रकार

उपनिश्रयप्रत्यय तीन प्रकारका छन् – (१) आरम्मणूपनिश्रयप्रत्यय (२) अनन्तरूपनिश्रयप्रत्यय (३) पकतूपनिश्रयप्रत्यय (प्रकृति उपनिश्रयप्रत्यय)। ती तीन प्रकारका उपनिश्रयमध्ये आरम्मणूपनिश्रयप्रत्यय आरम्मणाधिपतिप्रत्ययसँग समान छ । अनन्तरूपनिश्रयप्रत्यय अनन्तरप्रत्ययसँग समान छ ।

## पकतूपनिश्रयका प्रत्ययप्रत्ययुत्पन्न

सबै भूत, भविष्यत् र वर्तमान तीनवटा काल र अध्यात्म, बाह्य सन्तानमा उत्पन्न भएका चित्त, चैतसिक, रूपधर्महरू, निर्वाण र प्रज्ञप्तिले वर्तमानमा उत्पन्न भएका सबै चित्तचैतसिक धर्महरूलाई योग्यतानुसार पकतूपनिश्रयशक्तिले उपकार गरेको हुन्छ ।

## अतीतधर्मले पकतूपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गर्ने तरिका

त्यस पकतूपनिश्रयप्रत्ययमा अतीतका परिनिर्वाण भइसकेका हाम्रा बुद्ध, धर्म, आर्यश्रावकसंघ, सम्मुतिसंघ परम्पराले पछि जन्मेका हामीलाई कुशलधर्म उत्पन्न गर्नका लागि पकतूपनिश्रयप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । त्यस्तै लोकमा परलोक भइसकेका अतीतका आमाबुबा, गुरू आचार्य, पण्डित श्रमणब्राह्मण, प्रसिद्ध विभिन्न वाद भएका तैर्थिक् आचार्य र महान् ऋद्धि, महान् आनुभाव भएका पुराना राजाहरूले पछिका जन समूहहरूलाई कुशल, अकुशल उत्पन्न गर्नको लागि र सुखदु:ख उत्पन्न गर्नको लागि पकतूपनिश्रयप्रत्ययद्वारा उपकार गरेका हुन्छन् । यो कुरो सत्य हो, ती अतीतका आमाबुबा, श्रमणब्राह्मण आदिले पछिका मानिसहरूको लागि विभिन्न सद्धर्मप्रज्ञप्ति, विभिन्न असद्धर्मप्रज्ञप्ति र विभिन्न प्रकारका लौकिक भौतिक पूर्वाधार (भवनहरू)

छोडेर गएका छन् । पछिका मानिसहरूले पनि ती पहिलेका मानिसहरूले छोडेर गएका दान, शील इत्यादि धर्महरूमा; लोकचारित्र, कुलगोत्रमा आचरण गरिने धर्महरूमा; विभिन्न प्रकारका धारणाहरूमा; विभिन्न प्रकारमा कामकाज शिल्प विद्या क्षेत्रमा; स्थापना गरेर छोडेर गएका गाँउ, निगम, शहर, खेत, बालि, (एकतर्फी) तलाउ, (चारपाटि) पोखरी, इनार, गुफा इत्यादिमा; घर, रथ, गाडा, नाउ, जहाज, पुल इत्यादिमा र सुन, चाँदि, मणिक, मोति इत्यादिमा अंश प्रयोग गरेर (अंशियार बनी) लोकमा समृद्ध भएका हुन्छन् ।

## अनागतधर्मले पकतूपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गर्ने तरिका

भविष्यमा उत्पन्न हुने मैत्रेय नामक बुद्ध, उहाँका धर्म र उहाँका संघले वर्तमानमा विद्यमान धेरै मानिसहरूलाई पारमिता कुशल उत्पन्न गर्नको लागि पकतूपनिश्रयशक्तिले उपकार गरेको हुन्छ । त्यस्तै यही वर्तमान भवमा पनि पछिल्लो समयमा पनि प्राप्त हुने अधिकार क्षेत्र, धन धान्य सम्पत्तिहरू, पहिलेको समयमा रहेका धेरै मानिसहरूलाई विभिन्न प्रयत्न गरेर पुण्याभिसंस्कार,[८] अपुण्याभिसंस्कार[९] र आनेञ्जाभिसंस्कार[१०] उत्पन्न गर्नको लागि पकतूपनिश्रयप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । भविष्यको जन्ममा पनि अनुभव गरिने भवसम्पत्ति, भोगसम्पत्ति, मार्गफल निर्वाण सम्पत्तिहरूले यही वर्तमान भवमा रहेका धेरै मानिसहरूलाई दान, शील, इत्यादि पुण्य गर्नको लागि पकतूपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ ।

उपमा – लोकमा हेमन्तऋतुमा धान, फल फूलहरू पाउने मनसायले वर्षाऋतुमा खेत जोत्ने, धान रोप्ने कामहरू मेहेनतका साथ गरिन्छ । हामीले गरेको यो काम सिद्ध भयो भने चाहना गरेको धन हामी पाउँनेछौं यस्तो आशा एवं विचार गरेर शरीरले मिहेनत गर्नुपर्ने

---

८ आठवटा महाकुशल, पाँचवटा रूपकुशलसँग मिलेको तेह्रवटा चेतना

९ बाह्रवटा अकुशलसँग मिलेको चेतना

१० चारवटा अरूपकुशलसँग मिलेको चेतना

काम ज्ञानबुद्धिले गर्नुपर्ने काम पहिला गर्छन् । यस उपमामा धान फल प्राप्त हुन, चाहना गरेको धन लाभ हुन कामहरू मेहेनतका साथ गर्नका लागि अनागत पकतूपनिश्रयशक्तिले उपकार गरेको हुन्छ । ती कृत्य गर्न, धानफल प्राप्त गर्न, चाहना गरेको धन प्राप्त गर्नका लागि अतीत पकतूपनिश्रयशक्तिले उपकार गरेको हुन्छ । यसरी नै पछि भविष्यमा विभिन्न कामकाजहरूको प्रतिफलहरूको आशा गरेका धेरै मानिसहरूले पहिलाको तत्कालिन समयमा विभिन्न पुण्यकर्महरू अभ्यास गर्छन् । यस कथनमा पुण्यको प्रतिफलहरूले पुण्यकर्महरूलाई अनागतपकतूपनिश्रयशक्तिले उपकार गरेको हुन्छ । कुशलकर्महरूले कुशलका फलहरूलाई अतीत पकतूपनिश्रयप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । त्यसैले अनागत पकतूपनिश्रयप्रत्ययले पनि अतीत पकतूपनिश्रयप्रत्यय जस्तै अति महान प्रत्यय हुन्छ ।

## वर्तमानधर्मले पकतूपनिश्रयशक्तिद्वारा उपकार गर्ने ढंग

वर्तमानमा उत्पन्न भएका बुद्ध इत्यादि प्रत्ययहरूले वर्तमानमा जन्मेका उत्पन्न भएका मनुष्यदेव ब्रह्माहरूलाई, वर्तमान आमाबुबाहरूले वर्तमान छोराछोरी आदिलाई वर्तमान पकतूपनिश्रयप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । त्यो वर्तमान पकतूपनिश्रयप्रत्यय अति प्रकट नै छ ।

## आध्यात्म बाह्य धर्महरूले योग्यतानुसार पकतूपनिश्रयशक्तिले उपकार गर्ने तरिका

अध्यात्म भएका पकतूपनिश्रय धर्म भनेको बुद्ध इत्यादि प्राण भएका सत्त्वहरूका सन्तानहरूमा उत्पन्न भएका प्रत्ययधर्महरू हुन् । बाह्य पकतूपनिश्रयप्रत्यय भनेका सत्त्वहरूका आधार भएका पृथ्वी, पर्वत, नदी, समुद्र इत्यादिले सत्त्वप्राणीहरूलाई धेरै उपकार गरेका हुन्छन् । त्यस्तै धेरै उपकार गर्ने वन जङ्गल, रूख, घाँस, धान, गेडागुडी इत्यादि; चन्द्र, सूर्य, ग्रह, नक्षत्र इत्यादि र वर्षा, पानी, आगो, हावा, चिसो, तातो इत्यादि सबै प्रत्ययधर्महरूले सत्त्वहरूको लागि कुशलधर्म उत्पन्न गर्न,

अकुशल धर्महरू उत्पन्न गर्न, सुख उत्पन्न गर्न, दु:ख उत्पन्न गर्नको लागि बलियो कारण प्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । त्यसैले ती पृथ्वी इत्यादिहरू बलियो कारण पकतूपनिश्रयप्रत्ययहरू हुन् ।

## निर्वाणधर्मले पकतूपनिश्रयशक्तिद्वारा उपकार

यी मार्गफलनिर्वाणको लागि आचरण उद्योग अभ्यास गरिरहेका सत्पुरुषहरूले "हामी यही भवमा नै परिनिर्वाण हुनेछौं" भन्ने विचार गरेर बोधिपक्षीय धर्म सैंत्तिसवटालाई वृद्धि गर्छन् अथवा "हामी भविष्यमा उत्पन्न हुने बुद्धको पालामा परिनिर्वाण हुनेछौं" भन्ने विचार गरेर पारमिता धर्महरूलाई पूरा गर्छन् । यस कथनमा निर्वाण ती बोधिपक्षीय धर्म र पारमिता धर्महरू उत्पन्न गर्ने बलियो कारण पकतूपनिश्रयप्रत्यय हो ।

## प्रज्ञप्तिधर्मले पकतूपनिश्रयशक्तिद्वारा उपकार गर्ने तरिका

लोकमा विभिन्न किसिमले व्यवहार भइरहेका नामप्रज्ञप्तिहरू र बुद्धशासनमा त्रिपिटक परियत्तिधर्म भइरहेका नाम प्रज्ञप्तिहरू ती ती अर्थहरूलाई जान्नका लागि बलियो कारण पकतूपनिश्रयप्रत्यय हो ।

## निर्वाण र प्रज्ञप्ति दुईवटा धर्महरू प्रत्ययुत्पन्न हुन सक्दैन

यस पकतूपनिश्रयप्रत्ययमा सम्झनुपर्ने केहीँ बाँकी रहेका कुरालाई भन्नेछु । कारणधर्मद्वारा मर्मत गर्न योग्य भएकोले संस्कृतधर्म भनिने चित्तचैतसिक र रूपधर्महरू कारण प्रत्ययधर्म छ भने उत्पन्न हुन्छन्, छैन भने उत्पन्न हुँदैनन् । उत्पन्न भइसकेपछि पनि स्थिर हुनाको कारण प्रत्ययधर्म छ भने स्थिर रहन्छन्, छैन भने रहँदैन । त्यसैले ती धर्महरूको उत्पन्न हुन र स्थिर हुनका लागि कारण चाहिन्छ । तर निर्वाण र प्रज्ञप्ति भने असंस्कृत स्वभाव, उत्पन्न नहुने स्वभाव, नित्य स्वभाव, ध्रुव स्वभाव भएका धर्महरू हुन् । त्यसैले ती निर्वाण प्रज्ञप्तिहरूको

उत्पन्न हुन र स्थिर हुनाको कारण छैन । त्यसैले निर्वाण र प्रज्ञप्ति दुईवटा धर्म प्रत्ययुत्पन्न हुन सक्दैन भनी सम्झनुपर्छ ।

## कुशल परस्पर, अकुशल परस्पर, अव्याकृत परस्पर पकतूपनिश्रयशक्तिद्वारा उपकार गर्ने तरिका

कुशलधर्मले कुशलधर्मलाई उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । श्रद्धाको आधार लिएर दान दिन्छ, शील समादान गर्छ इत्यादि तरिकाले पट्ठानपालिमा राम्ररी प्रकट भएको छ । त्यस्तै रागको आधार लिएर प्राणी हिंसा गर्छ, चोरी गर्छ इत्यादि; अनुकूल मौसम, अनुकूल भोजनको आश्रय लिएर कायिक सुख अनुभव गर्छ इत्यादि तरिकाले अकुशल धर्मले अकुशल धर्मलाई, अव्याकृत धर्मले अव्याकृतधर्मलाई उपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गर्ने कुरा पनि पट्ठानपालिमा धेरै प्रकट छ ।

## कुशलले अकुशललाई पकतूपनिश्रयशक्तिले उपकार गर्ने तरिका

कुशलधर्मले अकुशल धर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । दान दिएपछि त्यस दानको कारणले आफैले आफूलाई प्रशंसा गर्छ, अरूलाई निन्दा गर्छ । त्यसरी नै शील, समाधि र प्रज्ञाले सम्पन्न भएर आफैले आफूलाई प्रशंसा गर्छ, अरूलाई निन्दा गर्छ ।

## कुशलधर्मले अव्याकृतधर्मलाई पकतूपनिश्रयशक्तिले उपकार गर्ने तरिका प्रकाशन

कुशलधर्मले अव्याकृतधर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । सबै चतुरभूमिक कुशलकर्महरू[११] र कर्म परिवार भइरहेका कुशलहरूले कालान्तरमा चतुरभूमिक विपाक

---

[११] काम, रूप, अरूप र लोकुत्तर चारवटा भूमिमा उत्पन्न हुने कुशलकर्महरू

अव्याकृतधर्महरूलाई बलियो उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । दान पारमिता पूर्ण गर्नेहरूले पूरा गर्ने बेलामा धेरै शारीरिक दुःख अनुभव गर्छन् । त्यसरी नै शीलपारमिता, नैष्क्रम्यपारमिता, प्रज्ञापारमिता, वीर्यपारमिता, क्षान्तिपारमिता, सत्यपारमिता, अधिष्ठानपारमिता, मैत्रीपारमिता र उपेक्षापारमितालाई पूर्ण गर्नेहरूले पूरा गर्ने बेलामा धेरै शारीरिक दुःख अनुभव गर्छन् । ध्यानभावना र मार्गभावनाहरू पूरा गर्दा पनि यस्तै अनुभव गर्छन् ।

## अकुशलले कुशलधर्मलाई पकतूपनिश्रयशक्तिले उपकार गर्ने तरिका

अकुशल धर्मले कुशल धर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । यस लोकमा कोही व्यक्ति पाप गरिसकेपछि पश्चाताप गरी त्यस पापलाई प्रहाण गर्न दान कुशल, शीलकुशल, ध्यानकुशल, मार्गकुशलहरूलाई पूर्ण गर्छ । त्यो पापकर्मले त्यस दान इत्यादि कुशलहरूलाई बलियो उपनिश्रयशक्तिले उपकार गरेको हुन्छ ।

## अकुशलधर्मले अव्याकृतधर्मलाई पकतूपनिश्रयशक्तिले सहयोग गर्ने तरिका

अकुशलधर्मले अव्याकृत धर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा सहयोग गरेको हुन्छ। यस लोकमा धेरै मानिसहरूले दुश्चरित्र गरिसकेपछि चारवटा अपायमा पतन भएर अपायदुःख भोग्छन् । यही प्रत्यक्ष जीवनमा पनि क-कसैले आफ्नो वा अरूको दुश्चरित्र पापको कारणले धेरै दुःख भोग्छन् । क-कसैले दुश्चरित्र कर्मद्वारा धन प्राप्त गरेर सुख भोग गर्छन् । धेरै मानिसहरूले राग नै मूलकारण भएको धेरै दुःख भोग गर्छन् । त्यस्तै द्वेष, मोह, दृष्टि, मान इत्यादि मूलकारण भएको धेरै दुःख भोग गर्छन् ।

## अव्याकृतधर्मले कुशलधर्मलाई पकतूपनिश्रयशक्तिले उपकार गर्ने तरिका

अव्याकृतधर्मले कुशल धर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा

उपकार गरेको हुन्छ। धनसम्पन्न भएकोले दान दिन्छ, शील पालन गर्छ, प्रज्ञा पूर्ण गर्छ र भावनाको लागि अनुकूल विहार, सुरुङ्ग, गुफा, रूख, वन, पर्वत, भिक्षाटन गर्ने गौचार गाँउ, अनुकूल मौसम र अनुकूल आहार प्राप्त गरेर समथ विपश्यना भावनालाई वृद्धि गर्छ।

## अव्याकृतधर्मले अकुशलधर्मलाई पकतूपनिश्रयशक्तिले सहयोग गर्ने तरिका

अव्याकृतधर्मले अकुशलधर्मलाई पनि बलियो उपनिश्रयशक्तिद्वारा सहयोग गरेको हुन्छ। लोकमा आँखाको आश्रय लिएर देख्नु नै मूल कारण भएका धेरै अकुशलहरू उत्पन्न गर्छन्। कानको आश्रय लिई सुन्नु इत्यादिमा पनि यही तरिकालाई सम्झनुपर्छ। त्यस्तै हात, खुट्टा, हतियार इत्यादिको आधार लिएर धेरै अकुशलहरु उत्पन्न हुन्छन्।

यसरी बताइसकेको विधि अनुसार उपनिश्रय प्रत्यय तीन प्रकारका छन्।

## सुत्तन्त उपनिश्रय

यहाँ सुत्तन्त उपनिश्रयप्रत्ययलाई पनि उल्लेख गर्न योग्य छ। कल्याणमित्रको आश्रय लिएर, पापी मित्रको आश्रय लिएर, गाँउको आश्रय लिएर, वनको आश्रय लिएर इत्यादि तरिकाले ग्रन्थको धेरै स्थानहरूमा आँउछ। वास्तवमा पाँच नियामधर्महरूले सत्त्वलोक, संस्कारलोक र ओकासलोक भनिने तीनवटा लोकहरूको निरन्तर उत्पन्न हुनका लागि बलियो प्रत्ययले अथवा उपनिश्रयशक्तिले उपकार गरेका हुन्छन्। यस अर्थअभिप्रायलाई पनि नियामदीपनी ग्रन्थमा हामीले विस्तृतरूपले देखाइसकेको छ।

## आरम्मणूपनिश्रय भन्नाको कारण

के कारणले आरम्मणूपनिश्रयप्रत्यय भनिन्छ ? अधिपति भएको

आरम्मणलाई नै आरम्मण गरिने आरम्मणिक धर्महरूको बलियो आश्रय भएकोले आरम्मणूपनिश्रय भनिन्छ ।

## अनन्तररूपनिश्रय भन्नाको कारण

के कारणले अनन्तररूपनिश्रय भनिन्छ ? अन्तराल नभएको अगाडिको चित्त नै लगत्तै पछाडिको बिना अन्तरालको चित्त उत्पन्न हुनको लागि बलियो आधार भएकोले अनन्तरूपनिश्रय भनिएको हो । अगाडिको चित्तलाई आमा जस्तै र पछि उत्पन्न हुने चित्तलाई छोरा जस्तै सम्झनुपर्छ। आमाले आफ्नो अन्तर नहुने समयमा छोरा उत्पन्नको लागि बलियो कारण उपनिश्रयशक्तिद्वारा उपकार गरेजस्तै अगाडि उत्पन्न भएको चित्तले पछि उत्पन्न हुने चित्त उत्पन्न गर्न बलियो कारण रहेको उपनिश्रयशक्तिद्वारा उपकार गरेको हुन्छ । यसरी सम्झनुपर्छ ।

## पकतूपनिश्रय भन्नाको कारण

के कारणले पकतूपनिश्रय भनिन्छ ? प्रकृतिस्वभावले नै लोकमा पण्डितहरू प्रकट हुनाको बलियो आधार भएकोले पकतूपनिश्रय भनिन्छ।

## अनन्तरूपनिश्रय र पकतूपनिश्रयहरूको शक्ति विशेषता

यस उपनिश्रयप्रत्ययमा अनन्तरूपनिश्रयप्रत्ययको शक्ति अन्तर नभएको चित्तमा मात्र फैलिन्छ। पकतूपनिश्रयको शक्ति भने टाढासम्म पनि फैलिन्छ । त्यो कथन सही हो, यस भवमा पहिले पहिलेका दिनहरूमा वा महिनाहरूमा वा वर्षहरूमा देखिएका सुनिएका, सुँघिएका, स्वाद लिइएका, स्पर्श गरिएका र जानिएका विषयवस्तुहरू पछिल्लो समयमा पनि त्यस्तै स्वभाव भएको कारण भए एक सय वर्ष वितिसकेको भएपनि मनोद्वारमा प्रकट हुन्छन् । “मैले यो नामको रूपारम्मण, शब्दारमण इत्यादिलाई पहिले देखेँ, सुनेँ” इत्यादिरूपले सत्त्वहरूले सम्झन्छन् । ओपपातिक प्रतिसन्धि लिएका सत्त्वहरूले त अतीतभवलाई

पनि सम्झन्छन् । त्यस्तै मानिसहरूमध्ये पनि कुनै मानिसहरुले पहिलेका पूर्व अतीत भवलाई सम्झनसक्ने संज्ञा प्राप्त गर्छन् । त्यस्तै परापूर्व कालमा अनेक सय हजार (हजारौं) देखिएका सुनिएका रूपारम्मण इत्यादि वस्तुहरूमध्ये पछिल्लो समयमा एक क्षणमा एउटा विषयवस्तुलाई देखेर वा सुनेर त्यस देखिरहेको, सुनिरहेको क्षणमा नै ती वस्तु आरम्मणहरू धेरै भएतापनि मनोविज्ञान क्रमलाई फैलाएर उत्पन्न हुन्छ ।

*उपनिश्रयप्रत्यय समाप्त भयो ।*

# १०. पूर्वजातप्रत्यय

## पूर्वजातप्रत्ययको प्रकार

पूर्वजातप्रत्यय तीन प्रकारको छन् – १) वस्तुपूर्वजातप्रत्यय २) आरम्मणपूर्वजातप्रत्यय ३) वस्तारम्मणपूर्वजातप्रत्यय ।

## वस्तुपूर्वजात र वस्तारम्मणपूर्वजात दुईवटा सामान्य पूर्वजातसँग समान

तीन प्रकारका पूर्वजातप्रत्ययमा वस्तुपूर्वजातप्रत्यय र वस्तारम्मणपूर्वजातप्रत्ययलाई अगाडि निश्रयप्रत्ययमा बताइसकिएको छ ।

## आरम्मणपूर्वजातमा प्रत्यय प्रत्ययुत्पन्नधर्महरूलाई विभाजन गरेर उपकार गर्ने तरिका उपमा सहित प्रस्तुत

आरम्मणपूर्वजात प्रत्यय भनेको वर्तमानमा उत्पन्न भएका अठारवटा निष्पन्नरूपहरू[१२] मात्र हुन् । ती अठारवटा निष्पन्नरूपहरूमध्ये पनि वर्तमान रूपारम्मण, शब्दारम्मण इत्यादि पञ्चारम्मणहरूले पाँचवटा पञ्चविज्ञानवीथि[१३]चित्तहरूलाई नित्यरूपले आरम्मणपूर्वजात प्रत्ययशक्तिले उपकार गरेका हुन्छन् । उपमा वीणाको ध्वनि वीणाका तारहरूमा वीणा बजाउने उपकरणले कोरेको कारणले गर्दा मात्र उत्पन्न हुन्छन् । यस्तो हुँदा ती ध्वनि ध्वनि उत्पन्न नहुँदै पहिले भइरहेका वीणाको

---

१२ कर्म, चित्त, ऋतु र आहारको कारणले उत्पन्न हुने भूतरूप ४ वटा, प्रसादरूप ५ वटा, गौचररूप ४ वटा, भावरूप २ वटा, हृदयरूप जीवितरूप र आहाररूप हुन् ।

१३ पञ्चविज्ञानसँग सम्बन्धित चित्तक्रम । उदाहरणको लागि चक्षुविज्ञानवीथि भए अतीत भवङ्ग, भवङ्गचलन, भवङ्गुपच्छेद, पञ्चद्वारावर्जन, चक्षुविज्ञान, सम्प्रटिच्छन, सन्तीरण, वोट्ठव्बन, जवन सात, तदारम्मण दुई । यसरी नै चक्षुविज्ञानको ठाउँमा श्रोतविज्ञान इत्यादि हुन्छ ।

तार, वीणाको कोर्ने उपकरणसँग अलग्ग भएर उत्पन्न हुन सक्दैन । यसरी नै पञ्चविज्ञान वीथिचित्तहरू पनि पाँचवटा वस्तुद्वारहरूमा पाँचवटा आरम्मणहरू प्रकट हुने कारणले मात्र उत्पन्न हुन्छन् । प्रकटरूपमा पुग्नु पनि ती वस्तु र आरम्मण दुईवटा स्थितिक्षणमा पुगेको समयमा मात्र हुन्छ । त्यस समयमा ती पाँचवटा आरम्मणहरू ती पाँचवटा वस्तुहरूमा केवल पुग्ने मात्र होइन, वास्तवमा भवङ्ग भनिने मनोद्वारमा पनि प्रकट हुन्छन् । मनोद्वारमा प्रकट अवस्थामा पुगेको कारणले नै त्यो भवङ्ग पनि दुईचोटि कम्प भई टुट्छ । भवङ्ग टुट्दा मात्र ती पञ्चद्वारवीथिचित्तहरू उत्पन्न हुन्छन् । यसो भए ती पञ्चद्वारवीथिचित्तहरू आफूहरू उत्पन्न नहुँदै पहिलेको अतीत भवङ्ग एकचोटि बितेर जाने इत्यादिसँग एकै समयमा उत्पन्न भइसकेको वस्तुद्वारआरम्मणहरूसँग अलग्ग भई उत्पन्न हुन सक्दैन ? सबै ती अठारवटा निष्पन्न रूपहरू विनाश भएर अतीत पनि भएका हुन्छन्, उत्पन्न नभएका भएर अनागत पनि हुन्छन् । उत्पन्न भइरहेकोले वर्तमान पनि हुन्छन् । अतीत, अनागत र वर्तमान सबै निष्पन्नरूपहरू पनि मनोविज्ञान वीथिचित्तहरूको आरम्मणहरू हुन् । ती तीनवटा कालमा उत्पन्न भएका निष्पन्नरूपहरूमध्ये वर्तमान निष्पन्नरूपहरूले मात्र ती पञ्चद्वारवीथिचित्तहरूलाई आरम्मणपूर्वजात प्रत्ययशक्तिले उपकार गरेको हुन्छ । जुन समयमा टाढा वा छोपिराखेको स्थानमा रहेको आरम्मणवस्तुलाई मनले मात्र आरम्मण गर्छ वा मनोद्वारवीथिचित्तले मात्र आरम्मण गर्छ, त्यस बेला त्यो त्यो आरम्मण वस्तु यदि त्यस त्यस ठाउँमा प्रकट भएमा वर्तमान आरम्मण हुन्छ ।

*पूर्वजातप्रत्यय समाप्त भयो ।*

# ११. पश्चात्जातप्रत्यय

## पश्चात्जातमा प्रत्यय प्रत्ययुत्पन्न स्वरूप देखाएर उपकार गर्ने तरिका उपमाद्वारा प्रकाशन

पछि पछि प्रकटरूपले उत्पन्न हुने चित्तले पहिला उत्पन्न भएका स्थितिक्षणमा पुगेर प्रकट भइरहेको कर्म, चित्त, ऋतु र आहार चारवटा कारणहरूले उत्पन्न भएका रूपसमूहलाई वृद्धि, अभिवृद्धि, विकाश गर्न पश्चात्जातप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । त्यो पश्चात्जात प्रत्ययशक्तिले कसरी उपकार गरेको हुन्छ ? पछिल्लो वर्षहरूमा वर्षेनी वर्षाभएको पानीले पहिले पहिलेका वर्षहरूमा उब्जेका सानो रूखहरूलाई वृद्धि र अभिवृद्धि हुनको लागि पछि उत्पन्न (वर्षा) भएर उपकार गरेको हुन्छ । यो उपमालाई सम्झनुपर्छ ।

## पश्चिमचित्त र पूर्वजातरूपको स्वरूप

यस पश्चात्जातप्रत्ययमा पश्चिमचित्त (पछि पछि उत्पन्न हुने चित्त) भनेर प्रतिसन्धि पछि सबैभन्दा पहिले उत्पन्न भएको प्रथम भवङ्गबाट शुरू गरेर च्यूतिचित्तसम्मको सबै चित्तलाई भनिन्छ । पूर्वजात भनेर प्रतिसन्धि चित्तसंग सँगै उत्पन्न भएको कर्मजरूप समूहलाई शुरू गरेर अध्यात्म सन्तानमा समावेश भएका सबै चतुसमुस्थानिक[१४] रूपसमूहलाई भनिन्छ ।

## प्रतिसन्धिचित्तसँग सँगै उत्पन्न हुने कर्मजरूपलाई प्रतिसन्धिचित्त सोह्रौं भवङ्गचित्तहरूले पश्चात्जातशक्तिले उपकार गर्न नसक्नाको कारण

प्रतिसन्धिचित्तसँग सँगै उत्पन्न हुने कर्मजरूपसमूहलाई प्रथमभवङ्ग इत्यादि पन्ध्रवटा भवङ्गचित्तहरूले पश्चात्जातप्रत्ययशक्तिले उपकार गरेका हुन्छन् । प्रतिसन्धि चित्त भने त्यस कर्मजकायसँग सँगै

१४ कर्म, चित्त,ऋतु र आहार भनिने चारवटा कारणले उत्पन्न हुने रूप

उत्पन्न भएकोले पश्चात्जातप्रत्यय हुँदैन । सोह्रौं भवङ्गचित्त भने त्यस प्रतिसन्धिचित्तसँग सँगै उत्पन्न हुने कर्मजकायको भङ्गक्षणमा उत्पन्न हुने हुनाले पश्चात्जातप्रत्यय हुँदैन । त्यसैले पन्ध्रवटा भवङ्गचित्तहरू हुन्छन् ।

## द्विजकाय त्रिजकाय चतुजकायहरू उत्पन्न हुने तरिका र तिनीहरूलाई पश्चिमचित्तले पश्चात्जातप्रत्ययशक्तिले उपकार गर्ने तरिका

प्रतिसन्धिचित्तको स्थितिक्षणमा कर्मजरूपकलाप र ऋतुजरूपकलापहरू गरी दुई प्रकारका रूपकलापहरू उत्पन्न हुन्छन् । त्यस्तै भङ्गक्षणमा पनि उत्पन्न हुन्छन् । प्रथमभवङ्गको उत्पादक्षणमा भने कर्मजरूपकलाप, ऋतुजरूपकलाप, चित्तजरूपकलाप गरी तीन प्रकारका रूपकलापहरू उत्पन्न हुन्छन् । जुन बेला बाह्य आहारमा फैलिएर रहेको ओज प्राप्त गरी अध्यात्मसन्तान भनिने तीन प्रकारका रूपकलापमा रहेको ओजले आहारजरूपकलापलाई उत्पन्न गर्छ, त्यस बेलादेखि शुरू भई चारवटा कारणले उत्पन्न भएका चार प्रकारका रूपकलापहरू दियोको ज्वालाझैं उत्पन्न हुन्छन् । ती चतुसमुस्थानिकरूपकलापहरू उत्पादक्षणलाई नाघेर स्थितिको रूपमा प्रकट भएसम्म पन्ध्रवटा चित्तहरूले ती चतुसमुस्थानिकरूपहरूलाई पश्चात्जातप्रत्ययशक्तिले उपकार गरेका हुन्छन् ।

## वृद्धि, विरूढिको अभिप्राय

वृद्धि, विरुढि(अभिवृद्धि) भनेको चतुसमुत्थानिक रूपक्रमको झन् झन् वृद्धि, अभिवृद्धि हुनु हो । यो कुरा सही हो, पहिले पहिले उत्पन्न भएका चार प्रकारका रूपकलापहरूले पश्चात्जातप्रत्ययलाई बारम्वार प्राप्त गरेमा ती चतुसमुत्थानिकरूपकलापहरू निरोध भए तापनि पछिको समयमा रूपकलापक्रमलाई वृद्धि, विरूढि, विपुल गर्न र फैलाउनको लागि बलवान् प्रत्ययहरू भएर निरोध हुन्छन् – यसरी सम्झनुपर्छ ।

*पश्चात्जातप्रत्यय समाप्त भयो ।*

# १२. आसेवनप्रत्यय

## आसेवनप्रत्यय र प्रत्ययुत्पन्नको स्वरूप

बाह्रवटा अकुशलचित्त, सत्रवटा लौकिककुशलचित्त, दुईवटा आवर्जन वर्जित अठारवटा क्रियाचित्त – यी ४७ वटा लौकिक जवन चित्तहरू आसेवनप्रत्यय हुन्। ती ४७ वटा लौकिक जवनमध्ये निरन्तररूपले उत्पन्न हुने जवनक्रममा पुगेर अगाडि अगाडि उत्पन्न भएको जवनचित्त आसेवनप्रत्यय हो। चारवटा मार्गचित्तहरूसहित पछाडि पछाडि उत्पन्न भएका जवनचित्त आसेवन प्रत्ययको प्रत्ययुत्पन्न धर्म हो।

## आसेवन भन्नाको कारण

के कारणले आसेवन भनिन्छ ? झन् झन् प्रगुणता वृद्धि गर्न र बलशक्ति वृद्धि गर्न धेरै लामो समयदेखि ग्रहण(अभ्यास) गर्ने हुनाले आसेवन भनिन्छ।

## प्रगुणभाव र परिवासको अभिप्राय

यस कथनमा प्रगुणभाव भनेको बारम्बार पाठ गर्ने गर्नाले पालिपाठ सजिलैसँग आएजस्तै, जवनस्थान जवनकृत्य भनिने स्थान विशेष, कृत्य विशेषमा पछि पछि उत्पन्न हुने चित्तलाई सजिलैसँग उत्पन्न गराउनु हो। **परिवास** भनेको रेशमवस्त्रलाई बारम्बार सुगन्धले वासनामय पारे जस्तै चित्त सन्तानमा बारम्बार लोभ, द्वेष इत्यादि वा अलोभ, अद्वेष इत्यादिले परिवासित हुनु हो। अगाडिको जवनचित्त निरोध भएतापनि त्यस जवनचित्तको जवनवेग शक्ति निरोध हुँदैन, पछाडिको चित्तक्रमलाई फैलाएर उत्पन्न हुन्छ। त्यसैले पछि पछि उत्पन्न हुने जवनचित्त उत्पन्न हुँदा त्यस जवनवेगले उचालिदिदाँ झन् बलशक्ति सम्पन्न भएर उत्पन्न हुन्छ।

यसरी अगाडिको चित्तले आफ्नो परिवासलाई पछाडिको चित्तलाई ग्रहण गराँउछ । पछाडिको चित्त पनि अगाडिको चित्तको परिवासलाई लिएर उत्पन्न हुन्छ । यसो भए तापनि त्यस आसेवनप्रत्ययशक्तिको वेग प्रकृति स्वभाव अनुसार चित्त सातपटक उत्पन्न भएर क्षय हुन्छ । (कामजवनलाई लक्षित गरेर भनेको हो । ध्यान जवनमा भने सातपटकभन्दा बढी भावनाको स्रोतको अन्तसम्म हुन्छ ।) त्यस सातपटकको जवनवार पछि तदारम्मणविपाकचित्त भए पनि उत्पन्न हुनसक्छ, भवङ्गचितवार भए पनि उत्पन्न हुनसक्छ ।

## सुत्तन्तनय अनुसार आसेवनप्रत्यय

सुत्तन्तनय अनुसार आसेवनप्रत्ययबारे पनि बताउनु पर्छ । स्मृतिप्रस्थानधर्मलाई भाविता गर्छ, सम्यक्प्रधानलाई भाविता गर्छ, स्मृतिसम्बोध्यङ्गधर्मलाई भाविता गर्छ, धर्मविचयसम्बोध्यङ्गधर्मलाई भाविता गर्छ, सम्यक्दृष्टिलाई भाविता गर्छ, सम्यक्संकल्पलाई भाविता अर्थात् वृद्धि गर्छ भनी धेरै ठाउँमा भगवान् बुद्धबाट आज्ञा भएको छ । यस पालिमा **भावेति** भन्ने पदको अर्थ यसरी बुझ्नुपर्छ – दिनभरी पनि वृद्धिगर्छ, सात दिनसम्म पनि वृद्धि गर्छ, एक महिनासम्म पनि वृद्धि गर्छ, सात महिनासम्म पनि वृद्धि गर्छ, एक वर्षसम्म पनि वृद्धि गर्छ, सात वर्षसम्म वृद्धि गर्छ (मार्ग र फल प्राप्त नहोउन्जेल वृद्धि गर्छ ) – यसरी बुझ्नुपर्छ ।

## पूर्व भवका कुशल अकुशलधर्महरूले पछि पछिको भवमा कुशल अकुशल उत्पन्न गर्नको लागि आसेवनशक्तिले उपकार

पहिले पहिलेको पुरानो जन्ममा बारम्वार अभ्यास गरेका वृद्धि गरिएका कुशलधर्महरू अथवा अकुशलधर्महरूले पछि पछि उत्पन्न हुने नयाँ भवहरूमा झन् बलवान् भएका कुशलहरू अथवा अकुशलहरूलाई उत्पन्न गर्नको लागि आसेवनप्रत्ययशक्तिले उपकार गरेको हुन्छ ।

## उपनिश्रयशक्ति र आसेवनशक्ति विशेष

कालान्तरमा अथवा भवन्तरमा यस्ता स्वभाव भएका कुशल अकुशल धर्महरूलाई उत्पन्न गर्न उपकार गर्ने प्रत्यय उपनिश्रयप्रत्यय हो । ती कुशल अकुशल धर्महरूलाई झन् बलियो बनाउन उपकार गर्ने प्रत्यय आसेवनप्रत्यय हो ।

## आसेवनप्रत्ययका क्रमिक फलधर्महरू

लोकमा पनि महान् मन, वचन र शरीरद्वारा भाविता गर्नुपर्ने कर्महरूमा, अङ्गप्रत्यङ्गद्वारा भाविता गर्नुपर्ने कर्महरूमा र कर्म, शिल्प विद्याक्षेत्रहरूमा बारम्बार सेवन गरिने, भाविता गरिने धेरै अभ्यास गरिने कृत्यहरूको प्रतिफल उपकार गुणहरू भनेको प्रत्यक्षरूपले प्रकट हुन्छन् नै ।

## सर्वज्ञबुद्धको भाव प्राप्त हुनु आसेवनशक्तिसँग अलग्ग नभएको भाव प्रस्तुत

सबै क्षणिक धर्महरूको (तीनवटा क्षणसँग जोडेका धर्महरूको) माझमा यस्तो स्वभाव भएको आसेवनप्रत्यय प्रकट भएकोले पुरुषबल पुरुषशक्तिहरूको झन् झन् वृद्धि हुने हिसाबले लामो समयसम्म व्यक्तिहरूद्धारा गरिएका कामहरू सोझै सिद्ध हुन्छन् । सर्वज्ञबुद्धभावमा समेत पुग्छन् ।

*आसेवनप्रत्यय समाप्त भयो ।*

# १३. कर्मप्रत्यय

## कर्मप्रत्ययका प्रकार

कर्मप्रत्यय सहजातकर्मप्रत्यय र नानाक्षणिककर्मप्रत्यय गरी दुई प्रकारका छन् ।

## सहजातकर्मप्रत्यय प्रत्ययुत्पन्नहरूको स्वरूप

ती दुईवटामध्ये तीनवटा क्षण समूहले सम्पन्न भएका सबै कुशल, अकुशल, अव्याकृतचेतनाहरू सहजातकर्मप्रत्यय हुन् । चेतनासँग मिलेका सबै चित्तचैतसिक धर्महरू, प्रतिसन्धिसँग सँगै उत्पन्न भएका कर्मजरूपधर्महरू र प्रवृत्तिकालमा सबै चित्तजरूपधर्महरू त्यस सहजातकर्मप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## नानाक्षणिककर्मप्रत्यय प्रत्ययुत्पन्नधर्महरू

अतीतका कुशल अकुशल चेतनाहरू नानाक्षणिककर्मप्रत्यय हुन् । बत्तिस प्रकारका लौकिक विपाक चित्तचैतसिक धर्महरू र सबै कर्मजरूपधर्महरू त्यस नानाक्षणिककर्म प्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## कर्म भन्नाको कारण

के कारणले कर्म भनिन्छ ? क्रिया विशेष भएकोले कर्म भनिन्छ । चेतना चैतसिक सबै कर्महरूमा प्रमुख भएकोले क्रिया विशेष हो । यो चेतनाले सबै कायकर्म, वचीकर्म र मनोकर्महरू अगाडि प्रकट हुँदा सम्बन्धित कर्म सिद्ध गर्नका लागि सम्प्रयुक्तधर्महरूलाई प्रेरणा दिन्छ , व्यवस्था गर्छ, एकसाथ उठाउँछ त्यसैले सबै कर्मकृत्यहरूमा प्रमुख हो । यसरी क्रियाविशेष भनिने कारणले कर्म भनिन्छ अथवा, यस चेतनाले काम गर्छन् त्यसैले कर्म भनिन्छ । कुन कृत्यलाई गर्छन् ? कायिक कर्म,

वाचसिक कर्म र मानसिक कर्म गर्छन् ।

यस कथनमा शरीरले गर्ने कामकृत्यहरू भन्नाले हिँडनु, उभिनु, बस्नु; अगाडि जानु, पछि हट्नु इत्यादि र सानोतिनोमा परेला खोल्नु, बन्द गर्नु हुन् । वाचसिक क्रिया भनेको कुरा गर्न स्वर उत्पन्न गर्ने कृत्य हो । मनले गर्ने कृत्यहरू भनेको राम्रो विचार गर्नु, नराम्रो विचार गर्नु र सानोतिनोमा पञ्चविज्ञानहरूका दर्शनकृत्य श्रवणकृत्य इत्यादिहरू पनि हुन् । सत्त्वहरूले यी सबै कृत्यहरूलाई चेतनाद्वारा गर्छन्, व्यवस्था गर्छन्, त्यसैले यो चेतनालाई कर्म भनिन्छ ।

## सहजातकर्मप्रत्यय भन्ने पदको अर्थ प्रदर्शन

आफ्नो प्रत्ययुत्पन्नधर्मसँग उत्पन्न हुने हुनाले सहजात भनिन्छ । त्यस प्रत्ययुत्पन्नधर्मसँग सँगै उत्पन्न पनि हुन्छ, त्यस प्रत्ययुत्पन्नधर्मसँग सँगै उत्पन्न हुने धर्म भनेको कर्म पनि हो – त्यसैले (ती दुईवटा शक्तिको कारणले) सहजातकर्म भनिन्छ । सहजातकर्म भएर उपकार गर्ने प्रत्यय अर्थात् सहजातकर्मभावले उपकार गर्ने धर्म भन्न खोजेको हो ।

## नानाक्षणिककर्मप्रत्यय पदको अर्थ

चेतनाकर्मको उत्पत्ति क्षण अर्को हो भने फलविपाकको उत्पत्तिक्षण अर्कै हो । यसरी यस नानाक्षणिक चेतनाकर्मको अलग्ग अलग्ग उत्पत्तिक्षण छ, त्यसकारण नानाक्षणिक भनिन्छ । अलग्ग अलग्ग उत्पत्तिक्षण पनि छ, त्यो अलग्ग अलग्ग उत्पत्तिक्षण भएको धर्म भनेको कर्म पनि हो – यी दुईटा शक्तिको कारणले नानाक्षणिककर्म भनिन्छ । नानाक्षणिक कर्म भएर उपकार गर्ने प्रत्यय अर्थात् नानाक्षणिककर्म प्रत्ययको भावले उपकार गर्ने प्रत्यय भन्न खोजेको हो । आर्य मार्ग चारवटासँग मिलेको चेतनाले आफ्नो निरोध भएको अन्तर नभएको क्षणमा नै चारवटा आर्यफलविपाक उत्पत्ति गर्छ । त्यस आर्यमार्ग चारवटामा भएको चेतना नानाक्षणिककर्म प्रत्यय नै हो ।

## एउटा चेतनाले नै दुई भिन्न समयमा दुईटा कर्मप्रत्ययशक्तिले अलग्ग अलग्ग उपकार गर्ने तरिका

यस कर्मप्रत्ययमा एउटा दानकुशल चेतनाले आफूसँग सँगै उत्पन्न भएका चित्तचैतसिकहरूलाई र शारीरिक क्रियाकलाप, वाचसिक क्रियाकलाप भएका चित्तजरूपहरूलाई सहजातप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । त्यस दानकुशल चेतनाकर्मको कारणले पछिल्लो समयमा (अर्को समयमा) उत्पन्न हुने चारवटा विपाकनामस्कन्धलाई र कर्मजरूपस्कन्धलाई नानाक्षणिककर्मप्रत्यय शक्तिले उपकार गर्छ । यसरी एउटा कर्मपथमा पुगेको सुचरित्र (कुशल), दुश्चरित्र (अकुशल) एउटा एउटा चेतनाले दुई भिन्न समयहरूमा दुईवटा प्रत्ययुत्पन्न धर्महरूलाई दुईवटा प्रत्ययशक्तिहरूले उपकार गरेको हुन्छ भनी सम्झनुपर्छ ।

## कामावचरकर्म र महर्गतकर्म दुईवटाको फलदिने विशेषता

यस नानाक्षणिककर्म प्रत्ययमा कर्म भनेको क्रिया विशेष हो । चेतना निरोध भएतापनि क्रिया विशेष निरोध नभएर त्यस चित्तसन्तानमा पछि लागेको हुन्छ । जुन समयमा फल दिने मौका पाउँछ, त्यस समयमा त्यस क्रियाविशेषले च्यूतिचित्तको अनन्तरमा एउटा स्कन्धशरीर भएर फल दिन्छ, प्रकट हुन्छ । फलदिने मौका प्राप्त नभए एकसय भवसम्म, एक हजार भवसम्म पनि, एकलाख भवसम्म पनि त्यस सत्त्वको स्कन्धक्रम पछि लागिरहन्छ नै । महर्गत चेतना कर्मले भने मौका प्राप्त हुँदा दोस्रो भवमा ब्रह्मलोकमा एउटा ब्रह्माको स्कन्धशरीर भएर फलदिन्छ अर्थात् प्रकट हुन्छ । राम्ररी छिपेको कर्म भएकोले दोस्रो भवमा नै क्षय हुन्छ । यस दोस्रो भवबाट त्यस पछिका भवमा पछि लाग्दैन ।

*कर्मप्रत्यय समाप्त भयो ।*

# १४. विपाकप्रत्यय

## विपाकप्रत्ययको प्रत्ययप्रत्ययुत्पन्नधर्मको स्वरूप

छत्तीस प्रकारका फलविपाक भएका सम्प्रयोगलक्षण[१५]चारवटासँगै उत्पन्न भएका चित्तचैतसिक धर्महरू विपाकप्रत्यय हुन् । ती विपाकचित्त चैतसिक धर्महरू नै परस्पर र प्रतिसन्धिक्षणमा कर्मजरूपहरू, प्रवृत्तिक्षणमा विपाकचित्तले उत्पन्न गरेका चित्तजरूपहरू विपाकप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## विपाक भन्नाको कारण

के कारणले विपाक भनिन्छ ? छिप्पिएको अवस्थामा पुगेको कारणले विपाक भनिन्छ । **विपच्चन** भनेको नरम कलिलो भावलाई नाघेर छिप्पिएको भावमा पुग्नु हो । कुन धर्मको नरम, कलिलो भाव हो ? कुन धर्मको छिप्पिएको भाव हो ? नानाक्षणिक कर्मप्रत्यय भनिने अतीत चेतना कर्मको नरम, कलिलो भाव हो । त्यस नानाक्षणिक चेतना अतीत कर्मको नै छिप्पिएको भाव हो ।

## एउटा चेतनाको चारवटा अवस्था

एउटा चेतना कर्मको चारवटा अवस्था हुन्छन् भनी बुझ्नुपर्दछ – १. चेतना अवस्था[१६] २. कर्म अवस्था ३. निमित्तअवस्था ४. विपाकअवस्था ।

---

१५ चित्तसँग उत्पत्ति र निरोध हुनु, एउटै विषयवस्तु र आधार हुनु

१६ लेडी सयादोले चेतना अवस्थाको बारेमा उल्लेख गर्नुभएको छैन । (दुश्चरित्र, सुचरित्र एक एकवटालाई गरिरहेको क्षणमा उत्पन्न भएको चेतनाको तीनवटा क्षण)

## कर्म अवस्था

ती चारवटा अवस्थामध्ये कर्म अवस्था केलाई भनिन्छ ? नानाक्षणिकचेतना निरोध भएतापनि त्यस चेतनाको क्रिया विशेष निरोध नहुने हुनाले सत्त्वप्राणीको चित्त सन्ततिमा पछि लागिरहन्छ। यो चेतना निरोध भइसकेपछि सत्त्वप्राणीको चित्त सन्ततिमा पछि पछि लागी रहेको अवस्थालाई कर्म अवस्था भनिन्छ।

## तीनवटा निमित्त प्रकट हुने तरिका सहित निमित्त अवस्था

निमित्त अवस्था भनेको एकजना सत्त्वको चित्तसन्तति पछि लागी रहेको क्रिया विशेष भनिने कर्म जुन समयमा फल दिनको लागि मौका पाँउछ, त्यस बेलामा मरणासन्न अवस्थामा त्यस व्यक्तिको त्यस फल दिन लागेको कर्म अगाडि प्रकट हुन्छ। त्यस व्यक्तिले त्यस समयमा दान दिइरहेको जस्तो, शील पालन गरिरहेको जस्तो, प्राणीहिंसा गरिरहेको जस्तो हुन्छ। कर्मनिमित्त भएपनि अगाडि प्रकट हुन्छ अथवा पहिले पहिले गरेको कर्मको उपकरण भइरहेको दातव्य वस्तु आदि आरम्मण वा चक्कु आदि आरम्मण वा अन्य आरम्मण त्यस मरणासन्न अवस्थामा त्यस व्यक्तिको हातमा आइपुगेको जस्तो हुन्छ। गतिनिमित्त वा अगाडि प्रकट हुन्छ। दिव्यविमान इत्यादि आरम्मण वा नरकाग्नि इत्यादि

आरम्मण वा उत्पन्न हुनलागेको भवमा पाइने आरम्मण वा अनुभव गर्न लागेको आरम्मण त्यस मरणासन्न समयमा प्रकट हुन्छ। यो मरणासन्न अवस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्त तीन वटामध्ये एउटा प्रकट भएको अवस्थालाई निमित्त अवस्था भनिन्छ।

## विपाक अवस्था

विपाक अवस्था भनेको त्यस पुद्गलको अगाडि प्रकट भएको त्यो छिप्पिएर फल दिने कर्म, कर्मनिमित्त र गतिनिमित्तमध्ये एउटा एउटा आरम्मणलाई नछोडिकन यदि मऱ्यो भने त्यस समयमा त्यो

कर्मले त्यस नयाँ भवमा फल दिन्छ। त्यो कर्म त्यस नयाँ भवमा एउटा स्कन्धशरीर भएर प्रकट हुन्छ।

ती चारवटा अवस्थाहरूमध्ये अगाडिका तीनवटा अवस्थामा त्यो कर्म नरम कलिलो हुन्छ। सबैभन्दा पछाडिको विपाक अवस्थामा पुगेर छिप्पिएको हुन्छ। त्यसैले विपच्चनं नाम मुदुतरूणभावं अतिक्कम्म विपक्कभाव आपज्जनं भनी मैले भनिसकें। यसरी छिपेको भावमा पुगेको चित्तचैतसिकधर्मसमूहलाई विपाक भनिन्छ।

## विपाकधर्महरूको सुक्ष्मभावलाई पाकेको आँपको उपमाद्वारा प्रस्तुत

यस विपाकप्रत्ययमा आँपका फलहरू जुन समयमा छिप्पिएको अवस्थामा पुग्छन्, त्यसबेलामा पूर्ण रूपले नरम स्वभाव भए जस्तै विपाकधर्म भनेका निरुत्साह, व्यापार अलग्ग भएर पूर्ण रूपले शान्तरूपका हुन्छन्। ती विपाकधर्महरू शान्तरूपको भएकाले नै भवङ्गचित्तहरूको आरम्मण अप्रकट हुन्छ। भवङ्गबाट उठेको समयमा त्यस आरम्मणलाई थाहा पाउँदैन। यो कथन सही हो, राती निदाइरहेको व्यक्तिले अघिल्लो भवमा मरणासन्न अवस्थामा ग्रहण गरे अनुसारको कर्म इत्यादि आरम्मणलाई आरम्मण गरेर "मेरो अघिल्लो भवमा यो नामको आरम्मण देखियो" यसरी कुनै जान्ने वीथिचित्त उत्पन्न हुनको लागि कारण हुँदैन। त्यस व्यक्तिले निदाएको र ब्युँझेको समयमा पूर्व जन्ममा सिद्ध भएको त्यस आरम्मणलाई जान्दैन यसरी उत्साह व्यापाररहित भएर शान्त स्वभाव भएर उपकार गर्नु विपाकप्रत्ययको शक्ति हो भनी बुझ्नुपर्छ।

*विपाकप्रत्यय समाप्त भयो।*

# १५. आहारप्रत्यय

## दुई प्रकारका आहार प्रत्यय

आहारप्रत्यय दुई प्रकारका छन् - १. रूप आहारप्रत्यय २. नाम आहारप्रत्यय ।

## रूपआहारको प्रत्यय र प्रत्ययुत्पन्न धर्मको स्वरूप

यी दुई प्रकारका आहारमध्ये कबलीकारआहार भनिने ओजरूपलाई रूप आहारप्रत्यय भनिन्छ । यी ओजरूप पनि अध्यात्म ओज र बाह्य ओज गरी दुई प्रकारका छन् । कबलीकार आहार नै खाना भएका सत्त्वहरूका सबै चतुसमुत्थानिक रूपधर्महरू दुई प्रकारका रूप आहारप्रत्ययका प्रत्ययुत्पन्नधर्म हुन् ।

## नामआहारका प्रत्यय प्रत्ययुत्पन्नधर्महरूको स्वरूप

नाम आहार तीन प्रकारका छन् – १. स्पर्श आहार २. मनोसञ्चेतना आहार ३. विज्ञान आहार । तीन प्रकारका ती नामप्रत्ययधर्महरूले सहजात नामरूपधर्महरूलाई आहारप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । सहजात नामरूपधर्महरू पनि ती तीन प्रकारका नाम आहारहरूका प्रत्ययुत्पन्न धर्म हुन् ।

## आहार भन्नाको कारण

के कारणले आहार भनिन्छ ? तीव्ररूपले उत्पन्न गर्ने, सहयोग गर्ने हुनाले आहार भनिन्छ । **भूसं हरण** को अर्थ पनि तीव्ररूपले उत्पन्न गर्न, लामो समयसम्म स्थिर गर्न, वृद्धि गर्न, अभिवृद्धि गर्न, विपुलतामा पुग्न सहयोग गर्ने हुनाले यसरी भन्न खोजिएको हो । उत्पन्न गर्ने जननकृत्ययुक्त भएको आहार पनि भरोसा दिने कृत्य नै प्रधान हो भनी बुझ्नुपर्छ ।

## आध्यात्मिक रूपक्रमलाई रक्षा गर्ने हुनाले दुइटै रूपआहारलाई नै आहार भनेको कारण

यस आहारप्रत्ययको अर्थलाई यसरी बुझ्नुपर्छ । दुई प्रकारको रूपआहारले अध्यात्मसन्तानमा चारवटा कारणले उत्पन्न हुने रूपसमूहलाई वृद्धि गरेर तीव्ररूपले रक्षा गर्छ, तीव्ररूपले उत्पन्न गर्छ, लामो समयसम्म पु-याउँछ, त्यस त्यस आयुकल्प परिच्छेदको अन्ततिर पु-याउँछ – त्यसैले आहार भनिन्छ ।

## तीनवटा नामआहारधर्मको अलग्ग अलग्ग कृत्य

स्पर्शआहारले आरम्मणधर्महरूमा रहेको इष्टरस र अनिष्टरसलाई निकाल्दै सम्प्रयुक्तधर्महरूतिर तीव्ररूपले लग्छ । मनोसञ्चेतनाहारले कायकर्म, वचीकर्म र मनोकर्महरूमा उत्साह उत्पन्न गर्दै सम्प्रयुक्त धर्महरूलाई तीब्ररूपले लग्छ । विज्ञानाहारले आरम्मणलाई जानेर अगाडि बढ्ने प्रधान कृत्यलाई वहन गरी सम्प्रयुक्त धर्महरूलाई तीव्ररूपले लग्छ । दृढरूपले उत्पन्न गर्छ, लामो दुरीमा पु-याउँछ । सम्प्रयुक्तधर्महरूलाई तीब्ररूपले लग्दा सहजात रूपहरूलाई पनि दृढरूपले लग्छ नै ।

## सुत्तन्तविधि अनुसार चराको उपमाद्वारा आहाप्रत्ययको उपकार गर्ने तरिका

यस आहारप्रत्ययमा सुत्तन्तनयलाई पनि बताउँछु । चराहरूले आफ्ना आँखाहरूले दिशा विदिशालाई प्रकट गर्दै (हेर्दै) पखेटाहरूले एउटा रूखबाट अर्को रूखमा र एउटा वनबाट अर्को वनमा आकाशमार्गबाट उडेर थुतुनाहरूले सानाठूला फलहरूलाई ठुँगेर खानपान गरी जीवनभर आफूलाई यापन गरेजस्तै यी सत्त्वहरूले छवटा विज्ञानहरूद्वारा छवटा आरम्मणहरूलाई जवनक्रममा प्रकट गर्दै, छवटा मनोसञ्चेतना आहार हरूद्वारा आरम्मण रूपी आधारवस्तु प्राप्त गर्न उद्योग गरेर, छवटा स्पर्शाहारद्वारा आरम्मणहरूमा इष्टानिष्ट रसलाई प्रकट गर्दै सुखवेदना

दुःखवेदनालाई अनुभव गर्छन् अथवा छवटा विज्ञानहरूद्वारा छवटा आरम्मणहरूलाई प्रकट गरेर नामरूप दुईवटा सम्पन्न गर्न सिद्ध गर्छन्। स्पर्शहरूले आरम्मणहरूमा इष्टअनिष्ट रसलाई प्रकट गरेर आरम्मण रस अनुभव गर्ने वेदनालाई सम्पन्न गरी तृष्णा वृद्धि गरिदिन्छन्।

चेतनाहरूले तृष्णामूल भएका नानाक्षणिक कर्महरूलाई वृद्धि गर्दै एउटा जन्मबाट अर्को जन्ममा घुमाइरहन्छन्। यसरी आहारधर्महरूको महान् हरण गर्ने शक्तिलाई बुझ्नुपर्छ। यो नै सूत्तन्त विधि हो।

*आहारप्रत्यय समाप्त भयो।*

# १६. इन्द्रियप्रत्यय

## इन्द्रियप्रत्यय भेद

इन्द्रियप्रत्यय तीन प्रकारका छन् – (१) सहजात–इन्द्रियप्रत्यय (२) पूर्वजात–इन्द्रियप्रत्यय (३) रूपजीवित–इन्द्रियप्रत्य ।

## सहजात–इन्द्रियप्रत्ययको प्रत्ययुत्पन्न धर्महरूको स्वरूप

ती तीन प्रकारका इन्द्रियप्रत्ययहरूमध्ये १. नामजीवित–इन्द्रिय २. मन–इन्द्रिय ३. सुख–इन्द्रिय ४. दु:ख–इन्द्रिय ५. सौमनस्य–इन्द्रिय ६. दौर्मनस्य–इन्द्रिय ७. उपेक्षा–इन्द्रिय ८. श्रद्धा–इन्द्रिय ९. वीर्य–इन्द्रिय १०. स्मृति–इन्द्रिय ११. समाधि–इन्द्रिय १२. प्रज्ञा–इन्द्रिय १३. अनज्ञातंज्ञाष्यामिति इन्द्रिय[१७] १४. अज्ञा–इन्द्रिय[१८] १५. अज्ञाताविइन्द्रिय[१९] – यी पन्ध्रवटा नाम इन्द्रियहरू सहजात–इन्द्रियप्रत्यय हुन् । ती पन्ध्रवटा नाम–इन्द्रियधर्महरूसँग सँगै उत्पन्न भएका चित्त चैतसिकहरू र रूपधर्महरू त्यस सहजात–इन्द्रियका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## पूर्वजात–इन्द्रियप्रत्ययको प्रत्ययुत्पन्न स्वरूप

१. चक्षु–इन्द्रिय २. श्रोत–इन्द्रिय ३. घ्राण–इन्द्रिय ४. जिव्हा–इन्द्रिय ५. काय–इन्द्रिय – यी पाँचवटा रूप–इन्द्रियहरू पूर्वजात–इन्द्रियप्रत्यय हुन् । पञ्चविज्ञानचित्त र त्यस चित्तसँग मिलेका सब्बचित्तसाधारण चैतसिक सातवटा धर्महरू यस पूर्वजात–इन्द्रियप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

---

[१७] स्रोतापत्ति मार्ग ज्ञान

[१८] स्रोतापत्तिमार्ग बाहेक तीनवटा मार्ग र अरहत्तफल बाहेक तीनवटा फलज्ञान

[१९] अरहत्तफल ज्ञान

## रूपजीवित–इन्द्रियप्रत्ययको प्रत्ययुत्पन्न स्वरूप

एउटा रूपजीवित-इन्द्रिय रूपजीवित-इन्द्रियप्रत्यय हो । रूपजीवित-इन्द्रिय वर्जित सम्पूर्ण कर्मजरूपहरू उक्त रूपजीवित-इन्द्रियप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## इन्द्रिय भन्नाको कारण

के कारणले इन्द्रिय भनेको हो ? अधिकार जमाउने हुनाले इन्द्रिय भनिएको हो । अधिकार जमाउने भन्नाले कुन धर्ममा अधिकार जमाउँछ ? आ–आफ्ना प्रत्ययुत्पन्न धर्महरूमा अधिकार जमाउँछ । कुन कुन कृत्यमा अधिकार जमाउँछ ? आ–आफ्ना कृत्यमा अधिकार जमाउँछ। नामजीवित–इन्द्रियले सम्प्रयुक्तधर्महरूको जीवनकृत्य (जीवित राख्नेकाम)मा अधिकार जमाउँछ । जीवनकृत्य अर्थात् आयु वृद्धि गर्ने कृत्यमा सन्ततिस्थितिको लामो समयसम्म स्थिर गर्ने कृत्यमा अधिकार जमाउँछ। मन–इन्द्रियले आरम्मण ग्रहण गर्ने काममा सम्प्रयुक्तधर्महरूमा अधिकार जमाउँछ। बाँकी रहेका इन्द्रियहरूका अर्थलाई अगाडि इन्द्रियको बारेमा वर्णन गरेको इन्द्रिययमकदीपनी ग्रन्थमा वर्णन गरिसकेको छु।

## स्त्री–इन्द्रिय र पुरुष–इन्द्रिय दुईवटालाई इन्द्रियप्रत्ययको रूपमा ग्रहण गर्न मिल्दैन

यहाँ प्रश्न उठ्न सक्छ, स्त्री–इन्द्रियरूप र पुरुष–इन्द्रियरूपहरू दुईवटा इन्द्रिय भए तापनि किन इन्द्रियप्रत्ययमा अलग्ग लिइँदैन ? प्रत्ययकृत्य अभाव भएकोले लिइँदैन ।

## तीनवटा प्रत्ययशक्ति

विस्तृतरूपमा वर्णन गर्छु । प्रत्ययशक्ति तीन प्रकारका छन् – १. जननशक्ति २. उपष्टम्भन शक्ति ३. अनुपालन शक्ति । ती तीन प्रकारका प्रत्ययशक्तिमध्ये जुन प्रत्ययले प्रत्ययुत्पन्न धर्म उत्पन्न गर्न

उपकार गरेको हुन्छ, जुन प्रत्यय नहुँदा प्रत्ययुत्पन्नधर्म उत्पन्न हुँदैन, त्यस प्रत्ययुत्पन्न धर्म उत्पन्न गर्न उपकार गर्ने प्रत्ययको प्रत्ययशक्तिलाई जनकशक्ति भनिन्छ अर्थात् प्रत्ययुत्पन्न धर्मलाई उत्पन्न गर्नसक्ने शक्ति भनिन्छ। यो अनन्तरप्रत्यय जस्तै हो। जुन प्रत्ययले प्रत्ययुत्पन्न धर्मलाई स्थिर गर्न, वृद्धि गर्न र विशाल गर्न उपकार गरेको हुन्छ; जुन प्रत्यय नहुँदा प्रत्ययुत्पन्न धर्म स्थिर हुँदैन, वृद्धि हुँदैन, विसाल हुँदैन, त्यस प्रत्ययुत्पन्न धर्मको स्थिर, वृद्धि, विसाल गर्नमा मद्दत गर्ने प्रत्ययको प्रत्ययशक्तिलाई उपष्टम्भनशक्ति भनिन्छ अथवा, प्रत्ययुत्पन्न धर्मलाई सहयोग गर्ने धर्म भनिन्छ। यो पश्चात्जात प्रत्यय जस्तै हो। जुन प्रत्ययले प्रत्ययुत्पन्न धर्म उत्पन्न गर्न उपकार गरेको हुन्छ, जुन प्रत्यय विना प्रत्ययुत्पन्न धर्म लामो समयसम्म उत्पन्न हुँदैन, निरन्तर एकबद्ध भएर उत्पन्न हुने क्रम टुट्छ उक्त प्रत्ययुत्पन्न धर्मलाई निरन्तर नटुटिने गरी उपकार गर्ने प्रत्ययको प्रत्ययशक्तिलाई अनुपालन प्रत्ययशक्ति भनिन्छ अथवा, प्रत्ययुत्पन्न धर्म टुट्न नदिन रक्षा गर्नसक्ने शक्ति भनिन्छ । यो रूपजीवित–इन्द्रिय प्रत्यय जस्तै हो । दुईवटा स्त्री–इन्द्रिय, पुरुष–इन्द्रियहरूले ती देखाइसकेका तीनवटा प्रत्यय शक्तिहरूमध्ये कुनै एउटा कृत्य पनि सिद्ध गर्दैन, त्यसैले ती दुईवटा इन्द्रियहरूलाई इन्द्रियप्रत्ययको रूपमा लिन मिल्दैन – यो उत्तर हो ।

## स्त्रीभाव पुरूषभावहरूलाई इन्द्रियप्रत्ययको रूपमा लिन नमिले तापनि इन्द्रिय भन्न सकिने कारण

इन्द्रियप्रत्ययको रूपमा लिन नमिले यी स्त्रीभाव र पुरुषभाव दुईवटालाई इन्द्रिय भनेर पनि भन्न योग्य छैन भनी यदि कसैले भन्छ भने इन्द्रिय भन्नै नमिल्ने चाहिँ होइन। किन ? अधिकार जमाउने कृत्य भएकोले इन्द्रिय भन्न मिल्छ भनी बुझ्नुपर्छ।

## स्त्रीभाव पुरूषभावहरूको अधिकार गर्ने कृत्य

ती स्त्रीभावरूप पुरुषभावरूपहरूको अधिकार गर्ने कृत्य भनेको

के हो ? लिङ्ग, निमित्त, आकृति क्रियाकलापहरूमा अधिकार जमाउने भाव इन्द्रियकृत्य हो । यो कुरा सत्य हो, जुन व्यक्तिलाई प्रतिसन्धि क्षणमा स्त्री–इन्द्रियरूप उत्पन्न हुन्छ उक्त व्यक्तिको सन्तानमा चार वटा कर्म इत्यादि कारणहरूले उत्पन्न भएका पञ्चस्कन्धहरू स्त्रीभाव हुनलाई झुक्छन् । त्यो स्कन्धशरीर निश्चितरूपले स्त्रीलिङ्ग, स्त्री निमित्त, स्त्री आकृति क्रियाकलापले युक्त हुन्छ, अन्यथा हुँदैन । स्त्री-इन्द्रियरूपले ती पाँचवटा स्कन्धहरूलाई उत्पन्न गर्ने पनि होइन, स्थिर गर्न सघाउने पनि होइन, क्रम टुट्न नदिन रक्षा गर्ने पनि होइन । पक्कै पनि स्त्री-इन्द्रियरूपले आ–आफ्नो कारणले उत्पन्न भएका ती पाँच स्कन्धधर्महरू यस्तो यस्तो आकारप्रकारले मात्र उत्पन्न होऊ भनेर हुकुम दिएजस्तै गरी ती धर्महरूमा आफ्नो प्रभाव उत्पन्न गर्छ । ती धर्महरू पनि त्यसरी नै उत्पन्न हुन्छन्, अन्यथा उत्पन्न हुँदैनन् भनी बुझ्नुपर्छ । यो स्त्रीइन्द्रियरूपको स्त्रीलिङ्ग इत्यादिहरूमा अधिकार भएको भाव हो । पुरुष–इन्द्रियरूपको पुरुषलिङ्ग इत्यादिहरूमा अधिकार भएको भावमा पनि यही तरीका हो । यसरी ती स्त्रीभावरूप पुरुषभाव रूप दुईवटा लिङ्ग इत्यादिहरूमा अधिकार गर्ने कृत्य भएकोले इन्द्रिय भनिएको हो भनी बुझ्नुपर्छ ।

## हृदयवस्तुले पनि इन्द्रियकृत्यलाई सिद्ध गर्न नसक्नाको कारण

हृदयवस्तुरूपले भने दुईवटा मनोधातु र मनोविज्ञानधातुहरूको निश्रयवस्तुकृत्यलाई सिद्ध गरे तापनि ती दुईवटा मनोधातु मनोविज्ञानधातुहरूमा इन्द्रियकृत्य सिद्ध गर्न सक्दैन किनभने भाविता गरिसकेको चित्त भएको पुद्गलको हृदयवस्तुरूप प्रसन्न भए तापनि वा अप्रसन्न भए तापनि मनोविज्ञानधातुहरू त्यस हृदयवस्तुतिर लागेर उत्पन्न हुँदैनन् । त्यसैले इन्द्रियकृत्यलाई सिद्ध नगर्ने हुनाले हृदयवस्तुरूप पाँचवटा प्रसाद वस्तुरूपहरू जस्तै पूर्वजात-इन्द्रियप्रत्यय हुँदैन भनी बुझ्नुपर्छ ।

*इन्द्रियप्रत्यय समाप्त भयो ।*

# १७. ध्यानप्रत्यय

## ध्यानप्रत्ययको प्रत्यय प्रत्ययुत्पन्न धर्महरूको स्वरूप

सातवटा ध्यानङ्गहरू ध्यानप्रत्यय हुन् । ती सातवटा ध्यानङ्गहरू के के हुन ? १. वितर्क चैतसिक ध्यानङ्ग २. विचार चैतसिक ध्यानङ्ग ३. प्रीति चैतसिक ध्यानङ्ग ४.सौमनस्य वेदना ध्यानङ्ग ५. दौर्मनस्य वेदना ध्यानाङ्ग ६. उपेक्षा वेदना ध्यानङ्ग ७. एकाग्रता चैतसिक ध्यानङ्ग – यी सातवटा हुन् । ती ध्यान अङ्ग सातवटासँग मिलेका पञ्चविज्ञान वर्जित चित्तचैतसिक धर्महरू र रूपधर्महरू त्यस ध्यानप्रत्ययका प्रत्ययुत्पन्न धर्महरू हुन् ।

## ध्यान भन्नाको कारण

के कारणले ध्यान भनिन्छ ? विषयवस्तुतिर नजिक रहेर नियाल्ने हुनाले ध्यान भनिन्छ । **उपनिज्झानट्ठेन** भनेको मनले आरम्मण विषयवस्तुतिर गएर नियाल्ने हुनाले पनि ध्यान भनिएको हो ।

## ध्यानले विषयवस्तुतिर नजिक रहेर दृढरूपले नियाल्ने तरिकालाई धनुषधारीको उदाहरणद्वारा प्रस्तुत

उदाहरणको लागि धनुषधारीले टाढा उभिएर सानो लक्ष्य घेरामा तीर हानेर लक्ष्य भेदन गर्न चाहँदा हातले तीरलाई सीधा र निश्चल राखी लक्षित घेरालाई पनि प्रकट गरेर आँखाले नियालेर हान्छ । यसरी नै यी सातवटा ध्यानाङ्गहरूले मनलाई सीधा र निश्चल गरी आरम्मणलाई पनि प्रकट गरेर नियालेको व्यक्तिलाई नजिकबाट नियाल्छ भनिन्छ । यसरी नजिक रहेर नियाले पछि कुनै कायकर्म वा वचीकर्म वा मनोकर्म गर्दा फरक नपर्ने गरी गर्छ ।

यस कथनमा कायकर्म भनेको अगाडि जाने, पछाडि हट्ने इत्यादिलाई भनिन्छ । वचीकर्म भनेर अक्षर, पद, व्यञ्जनले सम्पन्न

भएको मुखले बोलिने बोलीलाई भनिन्छ । मनोकर्म भनेको मनले कुनै आरम्मण प्रकट गराउनुलाई भनिन्छ । कमजोर चित्तले दानकर्म वा प्राणीहिंसा गर्ने काम कर्म अनुसारको ध्यानअङ्गहरूबाट अलग भएर गर्न सकिँदैन । बाँकी कुशल अकुशल कर्महरूमा पनि यस विधिलाई बुझ्नुपर्छ ।

## ध्यानधर्महरूको अलग्ग अलग्ग लक्षण

यस अर्थलाई पनि वितर्क इत्यादि ध्यानङ्गहरूको अलग्ग अलग्ग स्वभावलक्षणद्वारा देखाउनुपर्छ । सम्प्रयुक्त धर्महरूलाई आरम्मणमा अभिरोपन गर्ने (राख्ने) लक्षण भएको वितर्क ध्यानङ्गले मनलाई आरम्मणमा दृढरूपले जोडिदिन्छ। आरम्मणलाई बारम्बार अनुमार्जन गर्ने लक्षण भएको विचार ध्यानङ्गले मनलाई आरम्मणमा दृढरूपले राम्ररी जोडिदिन्छ। आरम्मण राम्ररी मनपराउने लक्षण भएको प्रीति ध्यानङ्गले मनलाई आरम्मणमा तुष्त हुने, मनपराउने गरिदिन्छ । आरम्मणको रसलाई अनुभव गर्ने लक्षण भएका तीन प्रकारका वेदनाहरूले पनि चित्तलाई आरम्मणमा इष्ट आरम्मणको रस, अनिष्ट आरम्मणको रस र मध्यस्त आरम्मणको रसलाई अनुभव गर्ने कृत्यले दृढरूपमा बाँढ्ने गर्छ। मनलाई आरम्मणमा राम्ररी राख्ने लक्षण भएको एकाग्रता ध्यानङ्गले पनि चित्तलाई आरम्मणमा निश्चल राख्छ। यसरी अलग्ग अलग्ग भएको लक्षणस्वभावलाई छुट्याएर सम्झनुपर्छ।

*ध्यानप्रत्यय समाप्त भयो ।*

# १८. मार्गप्रत्यय

## मार्गप्रत्ययका प्रत्ययप्रत्ययुत्पन्नधर्महरूको स्वरूप

बाह्रवटा मार्गाङ्गहरू मार्गप्रत्यय हुन् । ती बाह्रवटा मार्गाङ्गहरू के के हुन् ?

१. सम्यक्दृष्टि – सही धारणा (प्रज्ञेन्द्रिय चैतसिक )

२. सम्यक्संकल्प – सही चिन्तन (विर्तक चैतसिक )

३. सम्यक्वचन – सही वचन

४. सम्यक्कर्मान्त – सही काम

५. सम्यक्आजीविका – सही जीवनयापन

६. सम्यक्व्यायाम – सही उद्योग (वीर्य चैतसिक)

७. सम्यक्स्मृति – सही स्मरण (स्मृति चैतसिक)

८. सम्यक्समाधि – सही स्थिरता (एकाग्रता चैतसिक)

९. मिथ्यादृष्टि – गलत धारणा (दृष्टि चैतसिक)

१०. मिथ्यासंकल्प – गलत चिन्तन (वितर्क चैतसिक)

११. मिथ्याव्यायाम – गलत उद्योग (वीर्य चैतसिक)

१२. मिथ्यासमाधि – गलत स्थिरता (एकाग्रता चैतसिक)

यी बाह्रवटा मार्गाङ्गहरू हुन । बाँकी मिथ्यावचन, मिथ्याकर्मान्त र मिथ्याआजीविका तीनवटा मार्गाङ्गहरू अलग्ग चैतसिकहरू होइनन्, मुसावाद इत्यादिको शक्तिले उत्पन्न भएका चारवटा अकुशलस्कन्धहरूको नाम हुन् । त्यैसैले ती मिथ्यावचन, मिथ्याकर्मान्त र मिथ्याआजीविकाहरूलाई मार्गप्रत्ययमा अलग्ग लिइँदैन भनी बुझ्नुपर्छ । सबै सहेतुक चित्तचैतसिकधर्महरू र सहेतुकचितसँगै उत्पन्न भएका रूपधर्महरू यस मार्गप्रत्ययका प्रत्ययुत्पन्नधर्महरू हुन् ।

## मार्ग भन्नाको कारण

के कारणले मार्गप्रत्यय भनेको हो ? सुगतिभव, दुर्गतिभव र निर्वाणमा पुऱ्याइदिने भएकोले मार्गप्रत्यय भनिएको हो । सही हो, सम्यक्‌दृष्टि इत्यादि आठवटा सम्यक्‌मार्गाङ्गले सुगतिभव र निर्वाणमा पुऱ्याइदिन्छ । मिथ्यादृष्टि इत्यादि चारवटा मिथ्यामार्गाङ्गले दुर्गतिभवमा पुऱ्याइदिन्छ भनी बुझ्नुपर्छ ।

## दुईवटा ध्यानप्रत्ययशक्ति र मार्गप्रत्ययशक्तिहरूको भिन्नता सम्बन्धी उपमा

यहाँ ध्यानप्रत्ययले चित्तलाई आरम्मणमा सीधा पार्छ, स्थिर गर्छ, अर्पणामा पुऱ्याउने गर्छ । अर्पणामा पुग्नु भनेर गहिरो पानीमा राखिएको माछा जस्तै कसिणनिमित्त इत्यादि निमित्त आरम्मणमा गडेको चित्तलाई भनिन्छ । मार्गप्रत्ययले संसारवर्ट पथमा चेतना कर्मलाई संसारबाट निस्कने निवार्णपथमा भावनाकर्मलाई सीधा पार्छ; स्थिर गर्छ; कर्मपथमा पुऱ्याइदिन्छ; वृद्धि, अभिवृद्धि र विपुल गरिदिन्छ; भूमि विशेषमा पुऱ्याइदिन्छ – यी दुईवटा ध्यानप्रत्यय र मार्गप्रत्ययहरूको भिन्नता हुन् ।

## कर्मपथपत्त र भूमन्तरपत्त वचनहरूको अभिप्राय

यस कथनमा **कर्मपथपत्त** भनेको पाणातिपात, अदिन्नादान इत्यादि अकुशल, कुशलकर्महरूको अङ्ग परिपूर्ण गर्न प्रतिसन्धि प्रतिफल दिनमा समर्थ भएको भाव (कर्मगतिमा पुगेको चेतना कर्म) हो । **भूमन्तरपत्त** भनेको भावनाक्रमले कामभूमिबाट शुरू गरेर लोकुत्तरभूमिसम्म एउटै इर्यापथमा पनि माथि माथिको भूमिमा पुगेको भावना कर्म हो । यस अर्थलाई पनि ध्यानप्रत्ययमा भनिसकेको विधिद्वारा सम्यक्‌दृष्टि इत्यादि मार्गाङ्ग धर्महरूको अलग्ग अलग्ग स्वभावलक्षणले देखाउनुपर्छ भनी बुझ्नुपर्छ ।

*मार्गप्रत्यय समाप्त भयो ।*

# १९. सम्प्रयुक्तप्रत्यय

## तीन प्रकारका प्रत्ययद्विकलाई देशना गर्नाको कारण

सम्प्रयुक्तप्रत्यय र विपयुक्तप्रत्यय एउटा द्विक वा जोडी हो । अस्तिप्रत्यय र नास्तिप्रत्यय एउटा द्विक हो । विगतप्रत्यय र अविगतप्रत्यय एउटा द्विक हो । यी तीनवटा प्रत्यय जोडीहरू अलग्ग प्रत्ययविशेषहरू होइनन् । अगाडि आएका प्रत्ययहरूमध्ये केही प्रत्ययहरू आफ्ना प्रत्ययुत्पन्नहरूसँग मिलेर प्रत्ययभावमा पुग्छन् । केही प्रत्ययहरू नमिलिकन प्रत्ययभावमा पुग्छन् । केही प्रत्ययहरू विद्यमान(प्रकट) भएर प्रत्ययभावमा पुग्छन् । केही प्रत्ययहरू विद्यमान नभईकन प्रत्ययभावमा पुग्छन् । केही प्रत्ययहरू अलग्ग भएर प्रत्ययभावमा पुग्छन् । केही प्रत्ययहरू अलग्ग नभईकन प्रत्ययभावमा पुग्छन् । यसरी देखाउनका लागि यी तीनवटा प्रत्ययद्विकहरूलाई भगवान बुद्धले आज्ञा हुनुभएको हो ।

## अस्ति शब्द, नास्तिशब्दहरूको सास्वतदृष्टि, उच्छेददृष्टि दुईवटालाई अलग्ग अलग्ग देशना गर्नु भएको तरिका

निरन्तरता दिन्छु, यहाँ **अत्थीति खो कच्चान अयमेको अन्तो, नत्थीति खो दुतियो अन्तो** यस्तो स्वभाव भएको ठाउँमा अस्तिशब्द, नास्तिशब्दहरू शास्वतवाद उच्छेदवाद भन्ने अर्थमा हुन्छन् । त्यसैले यस्ता स्वभाव भएका अर्थहरूलाई प्रतिक्षेप गर्न फेरि विगतद्विकबारे भगवान्ले आज्ञा हुनुभयो ।

## सम्प्रयुक्तप्रत्ययको प्रत्ययुत्पन्नधर्महरू स्वरूपद्वारा निकालेर प्रदशर्न

सबै सम्प्रयुक्त चित्तचैत्तसिक धर्महरू परस्परमा प्रत्ययधर्महरू पनि हुन्छन्, प्रत्ययुत्पन्नधर्महरू पनि हुन्छन् ।

## सम्प्रयुक्त भन्नाको कारण

के कारणले सम्प्रयुक्त भनिन्छ ?

१) संगै उत्पन्न हुनु २) सँगै निरोध हुनु ३) समान आधारवस्तु हुनु ४) समान आरम्मण हुनु – यी चारवटा सम्प्रयोग अङ्गहरूले सम्पन्न भई राम्ररी मिलेर एकसाथको भावमा पुग्ने हुनाले सम्प्रयुक्त भनिन्छ ।

## एकीभाव भनिने शब्दको अभिप्राय

यस कथनमा **एकीभावं गतो** भन्ने पदको अर्थ यसरी जान्नुपर्छ - चक्षुविज्ञान चित्त स्पर्श इत्यादि सातवटा चैतसिकहरूसँग एकत्र हुन तिर पुगेको हुन्छ । **दस्सनं** भनेर (देख्नसक्ने धर्म भनेर) एउटै नामप्रज्ञप्तिमा पुग्छ । आठवटा धर्महरू फरक फरक व्यवहारमा पुग्दैन । छुट्याएर व्यक्त गर्न सक्दैन । बाँकी सबै चित्तुत्पादहरूमा यही तरिकालाई सम्झनुपर्छ – यसरी बुझ्नुपर्छ

*सम्प्रयुक्तप्रत्यय समाप्त भयो ।*

# २०. विप्रयुक्तप्रत्यय

विप्रयुक्तप्रत्यय चार प्रकारका छन् - १) सहजात विप्रयुक्तप्रत्यय (२) वस्तुपूर्वजात विप्रयुक्तप्रत्यय (३) वस्तारम्मणपूर्वजात विप्रयुक्तप्रत्यय ४) पश्चात्जात विप्रयुक्तप्रत्यय ।

## सहजातविप्रयुक्तप्रत्ययको प्रत्ययप्रत्ययुत्पन्नधर्महरूको स्वरूप

यी चारवटामध्ये सहजातविप्रयुक्त प्रत्यय भनेको दुईवटा सहजातप्रत्यय र सहजातप्रत्ययुत्पन्न भएका नामरूपधर्महरूमध्ये नामधर्मले रूपधर्मलाई अथवा रूपमर्धले नामधर्मलाई विप्रयुक्त भएर (नमिलिकन) उपकार गरेको हुन्छ । त्यस सहजातविप्रयुक्त प्रत्ययमा **नाम** भनेको प्रवृत्तिकालमा चारवटा नामस्कन्धले, रूपस्स भनेको चित्तजरूप प्रत्ययुत्पन्न धर्मलाई, रूपं भनेको प्रतिसन्धिक्षणमा हदयवस्तुरूपले र **नामस्स** भनेको चारवटा प्रतिसन्धि नामस्कन्धलाई भनिएको हो । सहजात विप्रयुक्तबाट बाँकी रहेका तीनवटा विप्रयुक्त प्रत्ययहरूलाई पनि अगाडि विभाजन गरिसकियो । यसरी जान्नुपर्छ ।

*विप्रयुक्तप्रत्यय समाप्त भयो ।*

# २१. अस्तिप्रत्यय

अस्तिप्रत्यय सात प्रकारका छन् – (१) सहजातस्तिप्रत्यय (२) वस्तुपूर्वजातस्तिप्रत्यय (३) आरम्मणपूर्वजातस्तिप्रत्यय (४) वस्तारम्मणपूर्वजातस्तिप्रत्यय (५) पश्चात्जातस्तिप्रत्यय (६) रूपाहारस्तिप्रत्यय (७) रूपजीवितेन्द्रियस्ति प्रत्यय ।

## सात प्रकारका अस्तिप्रत्यय प्रकाशन र अलग्ग अलग्ग प्रत्ययसँग समान भएको भाव निर्देशन

यी सातवटा अस्तिप्रत्ययहरूमध्ये सहजातप्रत्यय मात्र सहजातस्तिप्रत्यय नामको हुन्छ। बाँकी छवटा अस्ति प्रत्ययहरूमा यस्तै तरिकाले बुझ्नुपर्छ । प्रत्ययधर्मप्रत्ययुत्पन्नधर्म विभाजनलाई पनि त्यस त्यस सम्बन्धित प्रत्ययमा बताइसकियो नै।

## अस्ति भन्नाको कारण

के कारणले अस्तिप्रत्यय भनिएको हो ? स्वयं क्षणिकवर्तमान भइरहेको प्रकट भइरहेको भावले वर्तमान धर्मलाई उपकार गर्ने प्रत्यय भएकोले अस्तिप्रत्यय भनिएको हो भनी बुझ्नुपर्छ ।

*अस्तिप्रत्यय समाप्त भयो ।*

# २२. नास्तिप्रत्यय
# २३. विगतप्रत्यय
# २४. अविगतप्रत्यय

**नास्ति र विगत दुईवटा प्रत्ययहरू अनन्तरप्रत्ययसँग समान र अविगतप्रत्यय अस्तिप्रत्ययसँग समान**

सबै अनन्तरप्रत्यय नास्तिप्रत्यय हो, त्यस्तै विगतप्रत्यय पनि हो । अविगत प्रत्यय पनि अस्तिप्रत्ययसँग सबै समान छ । अस्ति शब्द र अविगत शब्द स्वरूपको हिसाबले एउटै हुन् । त्यस्तै नास्ति शब्द, विगत शब्द स्वरूपको हिसाबले एकै हुन् ।

नास्तिप्रत्यय, विगतप्रत्यय, अविगतप्रत्यय समाप्त भयो ।

*प्रत्ययार्थदीपनी समाप्त भयो ।*

# प्रत्ययसभागनय

## प्रत्ययसभागनयमा महासहजात, मध्यमसहजात र क्षुद्रिकसहजात प्रत्ययप्रजाति विभाजन

स्वभाव जोडा भएको प्रत्यय जोडेर देखाउने (**प्रत्ययसभाग**) नयबारे बताउछु। सहजातप्रत्यय पन्ध्र प्रकारका छन्। ती पन्ध्र प्रकारका सहजातप्रत्यय के के हुन ? चार प्रकारका महासहजात, चार प्रकारका मध्यमसहजात, सात प्रकारका क्षुद्रिक सहजात हुन्। यीमध्ये ४ वटा महासहजात प्रत्ययहरू हुन् – १. केवल सहजात २. सहजात निश्रयप्रत्यय ३. सहजात-अस्तिप्रत्यय ४. सहजात-अविगतप्रत्यय। चार प्रकारका मध्यमसहजात प्रत्ययहरू हुन् – १. अन्यमन्यप्रत्यय २. विपाकप्रत्यय ३. सम्प्रयुक्तप्रत्यय ४. सहजातविप्रयुक्तप्रत्यय। सात प्रकारका क्षुद्रिकसहजातप्रत्ययहरू हुन् – १. हेतुप्रत्यय २. सहजाताधिपतिप्रत्यय ३. सहजातकर्मप्रत्यय ४. सहजाताहारप्रत्यय ५. सहजात-इन्द्रियप्रत्यय ६. ध्यानप्रत्यय ७. मार्गप्रत्यय।

### तीन प्रकारका रूपाहार प्रत्यय

रूपाहार तीन प्रकारका छन् – १. रूपाहारप्रत्यय २. रूपाहार-अस्तिप्रत्यय ३. रूपाहार विगतप्रत्यय।

### तीन प्रकारका रूपजीवितेन्द्रिय

रूपजीवितेन्द्रिय तीन प्रकारका छन् – १. रूपजीवितेन्द्रिय २. रूपजीवितेन्द्रिय-अस्तिप्रत्यय ३. रूपजीवितेन्द्रिय-अविगतप्रत्यय।

### सत्र प्रकारका पूर्वजातप्रत्ययको स्वरूप

पूर्वजातप्रत्यय सत्र प्रकारका छन्। सत्र प्रकारका पूर्वजातप्रत्यय

के के हुन् ? छ प्रकारका वस्तुपूर्वजात, छ प्रकारका आरम्मणपूर्वजात, पाँच प्रकारका वस्तारम्मणपूर्वजात। ती सत्र प्रकारका पूर्वजातमध्ये छ प्रकारका वस्तुपूर्वजात हुन् – १. वस्तुपूर्वजातप्रत्यय २. वस्तुपूर्वजातनिश्रयप्रत्यय ३. वस्तुपूर्वजात-इन्द्रियप्रत्यय ४. वस्तुपुरेजातविप्रयुक्तप्रत्यय ५. वस्तुपूर्वजात-अस्तिप्रत्यय ६. वस्तुपूर्वजात-अविगतप्रत्यय । छ प्रकारका आरम्मणपूर्वजातप्रत्यय हुन् – १. आरम्मणपूर्वजातप्रत्यय २. कुनै आरम्मणप्रत्यय ३. कुनै आरम्मणाधिपतिप्रत्यय ४. कुनै आरम्मणूपनिश्रयप्रत्यय ५. आरम्मणपूर्वजात-अस्तिप्रत्यय ६. आरम्मणपूर्वजात-अविगत प्रत्यय । **किञ्चि आरम्मण** इत्यादि कथनमा **किञ्चि** शब्द र **कोचि** शब्दले वर्तमान निष्फन्न रूप १८ वटालाई लिनुपर्छ । पाँच प्रकारका वस्तारम्मण पूर्वजात – १. वस्तारम्मण पूर्वजातप्रत्यय २. वस्तारम्मण पूर्वजातनिश्रयप्रत्यय ३. वस्तारम्मण पूर्वजात विप्रयुक्तप्रत्यय ४. वस्तारम्मण पूर्वजात-अस्तिप्रत्यय ५. वस्तारम्मणापूर्वजात-अविगतप्रत्यय हुन् ।

## चार प्रकारका पश्चात्जातप्रत्यय

पश्चात्जातप्रत्यय चार प्रकारका छन् – १. केवल पश्चात् जातप्रत्यय २. पश्चात्जात विप्रयुक्तप्रत्यय ३. पश्चात्जात-अस्तिप्रत्यय ४. पश्चात्जात-अविगत प्रत्यय ।

## सात प्रकारका अनन्तरप्रत्यय स्वरूप

अनन्तर प्रत्ययहरू सात प्रकारका छन् – १. अनन्तरप्रत्यय २. समनन्तरप्रत्यय ३. अनन्तरूपनिश्रय प्रत्यय ४. आसेवनप्रत्यय ५. अनन्तरकर्मप्रत्यय ६. नास्तिप्रत्यय ७. विगतप्रत्यय । यी सात प्रकारका अनन्तरमा पनि अनन्तरकर्म प्रत्यय भनेको चारवटा आर्यमार्गले युक्त भएको चेतना हो । यो चेतनाले आफ्नो अनन्तरमा चारवटा आर्यफल उत्पन्न गर्छ ।

## नमिसिएका पाँच प्रकारका प्रत्यय

नमिसिएका प्रत्ययहरू पाँच प्रकारका छन् । ती के के हुन् ? १. बाँकी आरम्मणप्रत्यय २. बाँकी आरम्मणाधिपतिप्रत्यय ३. बाँकी आरम्मणूपनिश्रयप्रत्यय ४. सबै पकतूपनिश्रयप्रत्यय ५. बाँकी नानाक्षणिककर्मप्रत्यय हुन् । यसरी बताइसकेको विधि अनुसार प्रस्थानप्रत्ययहरू विस्तृतरूपले ५४ प्रकारका हुन्छन् भनी बुझ्नुपर्छ ।

## ५४ प्रकारका प्रत्ययहरूलाई तीनवटा कालमा विभाजन

ती ५४ प्रकारका प्रत्ययहरूमध्ये सबै सहजात प्रजातिहरू, सबै पूर्वजात प्रजातिहरू, सबै पश्चात्जात प्रजातिहरू, रूपाहार प्रजातिहरू र रूपजीवितेन्द्रिय प्रजातिहरू प्रत्युत्पन्न(वर्तमान) प्रत्ययहरू हुन् । सबै अनन्तरप्रजातिहरू र सबै नानाक्षणिककर्मप्रजातिहरू अतीत प्रत्यय प्रजातिहरू हुन् । आरम्मणप्रत्यय र पकतूपनिश्रयप्रत्ययहरू तीनवटा कालसँग सम्बन्धित प्रत्ययहरू हुन् । निर्वाण र प्रज्ञप्तिहरू चाहिँ तीनैवटा कालबाट मुक्त भएका प्रत्ययहरू हुन् ।

## दुईवटा निर्वाणप्रज्ञप्तिहरूको अप्रत्यय र असंस्कृत भाव

निर्वाण र प्रज्ञप्ति यी दुईवटा अप्रत्यय र असंस्कृत नामक धर्म हुन् । किन ? उत्पादको हिसाबले प्रकटरूपमा उत्पन्न हुने धर्म नभएकाले हो । सही हो, जुन धर्महरूको जाति छ, उत्पाद छ, ती धर्महरू कारणधर्महरूसँग उत्पन्न हुने हुनाले सप्रत्यय नाम भएका; कर्म, चित्त, ऋतु र आहार भनिने कारणधर्महरूले मर्मत गरिने हुनाले संस्कृत नाम भएका र कारण धर्महरूको आधार लिएर उत्पन्न हुने हुनाले प्रतीत्यसमुत्पन्न नाम भएका धर्महरू हुन् । यी दुईवटा निर्वाण र प्रज्ञप्ति धर्महरू जातिबाट अलग्ग भएका धर्मप्रजाति भएकाले, उत्पादबाट अलग्ग भएकाले र उत्पन्न हुनको लागि कारण अलग्ग भएकाले अप्रत्यय नाम भएका र कर्म, चित्त, ऋतु, आहार भनिने कारणधर्महरूद्वारा मर्मत नहुने

हुनाले असंस्कृत नाम भएका धर्मप्रजातिहरू हुन् – यसरी बुझ्नुपर्छ ।

## सप्रत्यय संस्कृतहरूको अनित्यको भाव

कारणधर्महरूसँग उत्पन्न भएका र कारणधर्महरूद्वारा मर्मत गरिएका धर्महरूमा पनि नित्य, ध्रुव सास्वत, परिवर्तन नहुने एउटा पनि धर्म छैन । ती सबै सप्रत्यय संस्कृत धर्महरू निश्चय पनि विनाश हुने हुनाले अनित्य धर्महरूमात्र हुन् । किन ? आफू स्वयं पनि कारणधर्महरूसँग सम्बन्ध राखेर उत्पत्ति हुने स्वभावको भएकोले र कारणधर्महरूको पनि नित्य स्वभाव नभएकोले यी अनित्यधर्महरू मात्र हुन् ।

## निर्वाण प्रज्ञप्ति भनिने प्रत्ययहरू नित्य भएकोले फलधर्महरू पनि नित्य हुनयोग्य भन्ने चोदनाको स्पष्टिकरण

निर्वाण र प्रज्ञप्ति कारणप्रत्ययधर्महरू हुन्, होईनन् र ? ती निर्वाणप्रज्ञप्तिधर्महरू पनि नित्य, ध्रुव हुन् होइनन् र ? यसरी यदि भन्छ भने प्रत्ययधर्म हो, ठीक छ ।

तर केवल निर्वाण भनिने कारण वा प्रज्ञप्ति भनिने कारणले मात्र उत्पन्न हुने धर्म कुनै छैन, धेरै कारणले उत्पन्न हुन्छ । ती धेरै कारण पनि अनित्य धर्महरूमात्र हुन्, ध्रुव नभएका धर्महरूमात्र हुन् भनी यसरी सम्झनुपर्छ ।

## अनित्यधर्महरू नै भयको कारण भएकोले दुःख भनिएको कारण र तीनवटा दुःखको स्वरूप

जुन धर्महरू अनित्य हुन् ती अनित्यधर्महरूले सधैं सत्त्वहरूलाई तीन प्रकारका दुःख दण्डहरूद्वारा सास्ति गर्छन्, कष्ट दिन्छन् त्यसैले ती अनित्यधर्महरू डरलाग्दा भएकाले दुःखधर्महरू मात्र हुन् । तीन प्रकारका दुःख दण्डहरू छन् – १. कायिक दुःख, मानसिक(चैतसिक) दुःख भनिने दुःखदुःख २. सस्कारधर्महरूका सधैं मर्मत गरिनुपर्ने भाव भनिने सस्कार

दुःख ३. परिवर्तन हुने कारणले दुःख भनिने विपरिणाम दुःख ।

## अनित्य दुःखधर्महरू अनात्म भनिएको कारण

जुनसुकै सस्कारधर्महरू अनित्य नै हुन्, एउटै इर्यापथमा[२०] पनि बारम्बार विनाश हुन्छन्, ती अनित्यधर्महरू कसरी जीवनभर नित्य भन्ने संज्ञा भएका सत्त्व पुद्‌गलहरूलाई आत्म भनिएका हुनसक्लान् ? सार भनेका हुनसक्लान् ? जुनसुकै धर्महरू दुःख मात्र हुन्छन्, ती दुःखधर्महरू कसरी दुःखलाई घृणा गरेका, सुखको कामना गरेका सत्त्वहरूका आत्म हुनसक्लान् ? सार भएका हुनसक्लान् ? त्यसैले ती धर्महरू सार नभएका कारणले अनात्मधर्महरू मात्र हुन् ।

## प्रस्थानप्रत्ययदेशना अनात्मलक्षणलाई प्रकाश गरिएको साँच्चिकैको ग्रन्थरत्न

निश्चय पनि चौबीस प्रकारका यस प्रस्थान प्रत्ययदेशनाले यस अर्थलाई दर्साउँछ – सबै संस्कृत धर्महरू भनेका कारण प्रत्ययसँग सम्बन्ध राखेर मात्र उत्पन्न हुन्छन् । सत्त्वहरूको इच्छासँग सम्बन्ध राखेर उत्पन्न हुँदैनन् । कारण प्रत्ययसँग सम्बन्ध राखेर उत्पन्न भएका ती धर्महरू कुनै पनि अल्प कारणप्रत्ययको कारणले उत्पन्न हुँदैनन् । अवश्य पनि धैरै कारणप्रत्ययहरूको कारणले मात्र उत्पन्न हुन्छन् । त्यसरी एउटा धर्म थोरै कारणले उत्पन्न हुन्न, धेरै कारणले मात्र हुन्छ भन्ने अर्थ देखाएकोले यो प्रस्थानप्रत्यय देशना सबै धर्महरूको अनात्मलक्षण देखाएकोमा शीर्षस्थमा पुगेको हो – यसरी थाहापाउनुपर्छ ।

*प्रत्ययस्वभावसंग्रह समाप्त भयो ।*

---

२० उठ्ने, बस्ने, हिंडडूल गर्ने र लेट्ने शारीरिक गतिविधिका चार अवस्था

# प्रत्ययघटनानय

## पञ्चविज्ञानहरूमा प्रत्ययघटनानय

### प्रत्ययघटनानयको अभिप्रायसहित सप्रत्यय संस्कृत प्रतीत्यसमुत्पन्नधर्महरूको स्वरूप

एउटा एउटा प्रत्ययुत्पन्न धर्ममा धेरै प्रत्ययहरू समावेश हुनु प्रत्ययघटना हो । जुन धर्महरूलाई सप्रत्ययधर्म, संस्कृतधर्म र प्रतीत्यसमुत्पन्न धर्म भनिन्छ, ती सबै धर्महरू उत्पादक्षणमा र स्थितिक्षणमा चौवीसवटा यी प्रत्ययहरूसँग सँगै उत्पन्न हुने हुनाले सप्रत्यय नाम भएका हुन्, सप्रत्यय भएकाले संस्कृत नाम भएका हुन्, संस्कृत भएकाले प्रतीत्यसमुत्पन्न नाम भएका हुन् । ती सप्रत्यय, संस्कृत र प्रतीत्यसमुत्पन्न धर्महरू के के हुन् ? १२१ वटा चित्तहरू, ५२ वटा चैतसिकहरू र २८ वटा रूपहरू हुन् ।

### १२१ वटा चित्त ७ वटा विज्ञानधातुमा विभाजन

ती चित्त चैतसिक रूपधर्महरूमध्ये १२१ वटा चित्त धातुको हिसाबले सात प्रकारका छन् । १. चक्षुविज्ञानधातु २. श्रोतविज्ञानधातु ३. घ्राणविज्ञानधातु ४. जिव्हाविज्ञानधातु ५. कायविज्ञानधातु ६. मनोधातु ७. मनोविज्ञानधातु । ती सातवटा विज्ञानधातुमध्ये दुईवटा चक्षुविज्ञानचित्तलाई चक्षुविज्ञानधातु भनिन्छ। दुईवटा श्रोतविज्ञानचित्तलाई श्रोतविज्ञानधातु भनिन्छ । दुईवटा घ्राणविज्ञानचित्तलाई घ्राणविज्ञानधातु भनिन्छ। दुईवटा जिव्हाविज्ञानचित्तलाई जिव्हाविज्ञानधातु भनिन्छ। दुईवटा कायविज्ञानचित्तलाई कायविज्ञानधातु भनिन्छ । पञ्चद्वारावर्जनचित्त र दुई वटा सम्प्रटिच्छनचित्तलाई मनोधातु भनिन्छ । बाँकी रहेको १०८ वटा चित्तलाई मनोविज्ञानधातु भनिन्छ ।

## ५२ वटा चैतसिक चारवटा राशिमा विभाजन

५२ वटा चैतसिक रासिको हिसाबले चार प्रकारका छन् । ती हुन् – १. सर्वचित्तिक (सर्वचित्त साधारण चैतसिक) चैतसिक सातवटा २. प्रकीर्णक चैतसिक छवटा ३. अकुशल चैतसिक चौधवटा ४. कल्याण (शोभन ) चैतसिक पच्चीस वटा ।

## सबै नामधर्महरूसँग सम्बन्धित प्रत्यय, केही नामधर्महरूसँग मात्र सम्बन्धित प्रत्यय, रूपधर्महरूसँग मात्र सम्बन्धित प्रत्ययहरू विभाजन

चौबीसवटा प्रत्ययहरूमध्ये पन्ध्रवटा प्रत्ययहरू सबै नामधर्म (चित्तुत्पाद)हरूसँग सम्बन्धित छन् । ती पन्ध्रवटा प्रत्ययहरू हुन् – १. आरम्मणप्रत्यय २. अनन्तरप्रत्यय ३. समनन्तरप्रत्यय ४. सहजातप्रत्यय ५.अन्यमन्यप्रत्यय ६. निश्रयप्रत्यय ७. उपनिश्रयप्रत्यय ८.कर्मप्रत्यय ९.आहारप्रत्यय १०. इन्द्रियप्रत्यय ११. सम्प्रयुक्तप्रत्यय १२. अस्तिप्रत्यय १३. नास्तिप्रत्यय १४.विगतप्रत्यय १५. अविगतप्रत्यय । कुनै पनि चित्त वा चैतसिक आरम्मण विना उत्पन्न हुँदैन । त्यसरी नै अनन्तर इत्यादि प्रत्ययहरूसँग पनि अलग्ग भएर उत्पन्न हुन्छ भन्ने छैन ।

आठवटा प्रत्ययहरू कुनै चित्तुत्पादहरूसगँ सम्बन्धित छन् । ती आठ वटा प्रत्ययहरू हुन् – १. हेतुप्रत्यय २. अधिपतिप्रत्यय ३. पूर्वजातप्रत्यय ४. आसेवनप्रत्यय ५. विपाकप्रत्यय ६. ध्यानप्रत्यय ७. मार्गप्रत्यय ८. विप्रयुक्तप्रत्यय । ती आठवटा मध्ये हेतुप्रत्यय सहेतुक चित्तुत्पादहरूसँग मात्र सम्बन्धित छ । अधिपतिप्रत्यय साधिपतिजवनसँग मात्र सम्बन्धित छ । पूर्वजातप्रत्यय केही चित्तुत्पादहरूसँग मात्र सम्बन्धित छ । आसेवनप्रत्यय कुशल, अकुशल र क्रिया जवनहरूसँग मात्र सम्बन्धित छ । विपाकप्रत्यय विपाकचित्तुत्पादसँग मात्र सम्बन्धित छ । ध्यानप्रत्यय मनोधातु, मनोविज्ञानधातु चित्तुत्पादहरूसँग मात्र सम्बन्धित छ । मार्गप्रत्यय सहेतुकचित्तुत्पादहरूसँग मात्र सम्बन्धित छ । विप्रयुक्तप्रत्यय अरूपभूवनमा उत्पन्न हुने चित्तुत्पादहरूमा हुँदैन । पश्चात्‌जात प्रत्यय एउटा रूपधर्महरूसँग मात्र छुट्टै भएर प्रत्यय हुन्छ ।

## चित्तसहित सर्वचित्तिक चैतसिकहरूको हुनसक्ने प्रत्यय विभाजन (प्रत्ययघटना) विधि

यस प्रत्ययघटनामा सर्वचित्तिक नामक चैतसिकहरू सात वटा छन् – १. स्पर्श चैतसिक २. वेदना चैतसिक ३. संज्ञा चैतसिक ४. चेतना चैतसिक ५. एकाग्रता चैतसिक ६. जीवितेन्द्रिय चैतसिक ७. मनसिकार चैतसिक । चित्त यस स्थानमा अधिपतिप्रत्यय प्रजाति, आहारप्रत्यय र इन्द्रियप्रत्यय पनि हो । स्पर्श चैतसिक आहारप्रत्यय हो । वेदना चैतसिक इन्द्रियप्रत्यय र ध्यानप्रत्यय हो । चेतना चैतसिक कर्मप्रत्यय र आहारप्रत्यय हो । एकाग्रता चैतसिक इन्द्रियप्रत्यय, ध्यानप्रत्यय र मार्गप्रत्यय हो । जीवितेन्द्रिय चैतसिक इन्द्रियप्रत्यय हो । बाँकी दुईवटा (संज्ञा, मनसिकार) चैतसिक धर्महरू प्रत्ययविशेष होइनन् ।

## चक्षुविज्ञान इत्यादि पञ्चविज्ञानधातुले चित्तुत्पादहरूलाई परस्पर उपकार गर्ने बेलामा पाइने प्रत्यय; चक्षुवस्तुले रूपारम्मणहरूलाई उपकार गर्ने बेलामा पाइने प्रत्यय; अनन्तरचित्त, अतीतचेतना र अविद्या इत्यादिले उपकार गर्ने बेलामा पाइने प्रत्यय, नपाइने प्रत्ययहरूको विभाजन भनिने प्रत्ययघटनानय

चक्षुविज्ञानचित्तमा सातवटा सर्वचित्तिक चैतसिकहरू उपलब्ध हुन्छन् । यसमा चक्षुविज्ञान सहित आठवटा नामधर्महरू हुन्छन् । ती आठ नामधर्मले सातवटा प्रत्ययद्वारा परस्परमा उपकार गर्छन् । सातवटा प्रत्यय के के हुन् ? चारवटा महासहजात र विप्रयुक्तप्रत्यय वर्जित तीनवटा मध्यमसहजात हुन् । ती आठ धर्ममध्ये चक्षुविज्ञानचित्तले बाँकी सातवटा धर्महरूलाई आहारप्रत्ययशक्ति र इन्द्रियप्रत्ययशक्तिद्वारा उपकार गरेको हुन्छ । स्पर्श चैतसिकले आहारप्रत्ययशक्तिद्वारा, वेदना चैतसिकले इन्द्रियप्रत्यशक्तिद्वारा मात्र, चेतना चैतसिकले कर्मप्रत्ययशक्ति र आहारप्रत्ययशक्तिद्वारा, एकाग्रता चैतसिकले इन्द्रियप्रत्ययशक्तिद्वारा मात्र, जीवित(जीवितेन्द्रिय)ले बाँकी सातवटा धर्महरूलाई इन्द्रियप्रत्ययशक्तिले

उपकार गरेको हुन्छ । चक्षुवस्तुरूपले भने ती आठवटा नामधर्महरूलाई छ प्रकारका वस्तुपूर्वजातशक्तिद्वारा उपकार गरेको हुन्छ । त्यस चक्षुवस्तुरूपमा प्रकटरूपमा पुगेका वर्तमान रूपारम्मणहरूले ती आठवटा नामधर्मलाई चार प्रकारका आरम्मण पूर्वजात प्रजातिद्वारा उपकार गरेको हुन्छ । चक्षुविज्ञान चित्त उत्पन्न नहुँदै अनन्तरालमा निरोध भएको पञ्चद्वारावज्जन चित्तले पनि ती आठ नामधर्मलाई पाँच प्रकारका अनन्तर प्रजातिद्वारा उपकार गरेको हुन्छ । पहिला गरिसकेको कुशलकर्मले वा अकुशलकर्मले कुशलविपाक वा अकुशलविपाक भएका ती चक्षुविज्ञानधातु चित्तुत्पादहरूलाई नानाक्षणिककर्मशक्तिले उपकार गरेको हुन्छ । कर्म सहायक भएका पूर्व जन्ममा अविद्या, तृष्णा र उपादानहरूले, त्यस्तै यस प्रत्यक्ष जीवनमा आवास, पुद्गल, ऋतु, भोजन इत्यादिले ती आठ चक्षुविज्ञानधातु चित्तुत्पादलाई पकतूपनिश्रयप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । यस चक्षुविज्ञान चित्तमा हेतुप्रत्यय, अधिपतिप्रत्यय, पश्चात्जातप्रत्यय, आसेवनप्रत्यय, ध्यानप्रत्यय ६. मार्गप्रत्यय – यी छ वटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, अठार वटा प्रत्ययहरू उपलब्ध हुन्छन् । यस चक्षुविज्ञानचित्तमा उपलब्ध हुने वा नहुने प्रत्ययहरूमा जस्तै श्रोतविज्ञानचित्त इत्यादिमा पनि छ वटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, अठारवटा प्रत्ययहरू उपलब्ध हुन्छन् । यसरी बुझ्नुपर्छ ।

*पञ्चविज्ञानचित्तहरूमा प्रत्ययघटनाविधि समाप्त भयो ।*

# अहेतुक चित्तुत्पादहरुमा प्रत्ययघटनानय

## ६ वटा प्रकीर्णक चैतसिकहरुको स्वरुपसहित हुनसक्ने प्रत्ययहरु विभाजन

६ वटा प्रकीर्णक चैतसिकहरू हुन्– १. वितर्क चैतसिक २. विचार चैतसिक ३. अधिमोक्ष चैतसिक ४. वीर्य चैतसिक ५. प्रीति चैतसिक ६. छन्द चैतसिक । ती छवटा प्रकीर्णक चैतसिकमध्ये वितर्क चैतसिक ध्यानप्रत्यय र मार्गप्रत्यय हो । विचार चैतसिक ध्यानप्रत्यय हो । वीर्य चैतसिक अधिपतिप्रत्ययप्रजाति, इन्द्रियप्रत्यय र मार्गप्रत्यय हो । प्रीति चैतसिक ध्यानप्रत्यय हो । छन्द चैतसिक अधिपतिप्रत्ययप्रजाति हो । अधिमोक्षचैतसिक भने प्रत्ययविशेष होइन ।

## पञ्चद्वारावर्जन, सम्प्रटिच्छन र उपेक्षासन्तीरण चित्तुत्पादहरूमा प्रत्ययघटनानय

पञ्चद्वारावर्जनचित्त, दुईवटा सम्प्रटिच्छन, दुईवटा उपेक्षा सन्तीरण – यी पाँचवटा चित्तहरूमा सातवटा सर्वचित्तसाधारण चैतसिक, प्रकीर्णक चैतसिकमध्ये वितर्क चैतसिक, विचार चैतसिक र अधिमोक्ष चैतसिक – यी दशवटा चैतसिक उपलब्ध हुन्छन् । यसमा चित्त सहित अलग्ग अलग्ग एघार वटा नामधर्महरू हुन्छन् । यी चित्तहरूमा ध्यानकृत्य उपलब्ध हुन्छ । वेदना चैतसिक, एकाग्रता चैतसिक, वितर्क चैतसिक र विचार चैतसिकहरूले ध्यानप्रत्ययशक्ति सिद्ध गर्छन् । पञ्चद्वारावर्जन चित्त भने क्रियाचित्त हो, त्यसैले यसमा विपाकप्रत्यय हुँदैन र नानाक्षणिक कर्मप्रत्यय पनि उपनिश्रयप्रत्ययको ठाउँमा रहन्छ, विपाकप्रत्यय सहित छवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् । ध्यानप्रत्यय सहित अठारवटा प्रत्ययहरू उपलब्ध हुन्छन् । बाँकी चार वटा सम्प्रटिच्छन र उपेक्षा सन्तीरण विपाकचित्तहरूमा पाँचवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् । विपाकप्रत्यय, ध्यानप्रत्यय सहित १९ वटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

## सौमनस्यसन्तीरण, मनोद्वारावर्जन र हसितुत्पादचित्तहरूमा प्रत्ययघटनानय प्रकाशन

सौमनस्यसन्तीरण चित्तमा प्रीति चैतसिक सहित ११ वटा चैतसिकहरू मिल्छन् । मनोद्वारावज्जन चित्तमा पनि वीर्य चैतसिक सहित ११ वटा चैतसिकहरू मिल्छन् । यसरी चित्त सहित १२ वटा नामधर्महरू हुन्छन् । हसित्तुत्पादचित्तमा भने प्रीति चैतसिक र वीर्य चैतसिक सहित १२ वटा चैतसिकहरू मिल्छन् । चित्त सहित १३ वटा नामधर्महरू हुन्छन् । ती धर्महरूमध्ये सौमनस्यसन्तीरण चित्तमा ध्यानाङ्गहरूमध्ये प्रीतिमात्र अधिक हुन्छ, अगाडिका उल्लेख गरिएका उपेक्षासन्तीरण दुई वटा चित्तसमूहमा जस्तै पाँच वटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, १९ वटा प्रत्ययहरू उपलब्ध हुन्छन् । मनोद्वारावर्जन चित्तमा पनि वीर्य चैतसिक मात्र अधिक हुन्छ । त्यस वीर्य चैतसिकले पनि इन्द्रियकृत्य, ध्यानकृत्यहरूलाई सिद्ध गर्छ; अधिपतिकृत्य र मार्गकृत्यलाई सिद्ध गर्दैन । क्रियाचित्त भएकोले विपाकप्रत्यय पनि यसमा हुँदैन र अगाडिका पञ्चद्वारावज्जन चित्तमा जस्तै विपाकप्रत्यय सहित ६ वटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, ध्यानप्रत्यय सहित १८ वटा प्रत्ययहरू उपलब्ध हुन्छन् । हसित्तुत्पादचित्त पनि क्रियाचित्त भएकोले विपाकप्रत्यय हुँदैन । यो जवनचित्त भएकोले भने यसमा आसेवनप्रत्यय हुन्छ, विपाकप्रत्यय सहित पाँचवटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, आसेवनप्रत्ययसहित १९ वटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

*अहेतुकचित्तुत्पादहरूमा प्रत्ययघटनानय समाप्त भयो ।*

# अकुशल चित्तुत्पादहरुमा प्रत्ययघटनानय

## अकुशलचित्त र अकुशलचैतसिकहरूको स्वरूप

अकुशल चित्तहरू बाह्रवटा छन् । बाह्रवटा के के हुन् ? दुईवटा मोहमूल चित्त, आठवटा लोभमूल चित्त, दुईवटा द्वेषमूल चित्त हुन् । पाप (अकुशल) चैतसिकहरू चौधवटा छन् – १. मोह चैतसिक २. अहिरिक (अह्रिक) चैतसिक ३. अनोत्तप्प (अनत्रपा) चैतसिक ४. औधृत्य (औद्धत्य) चैतसिक ५. लोभ चैतसिक ६. दृष्टि चैतसिक ७. मान चैतसिक ८. द्वेष चैतसिक ९. ईर्ष्या चैतसिक १०. मात्सर्य चैतसिक ११.कौकृत्य चैतसिक १२. थिन चैतसिक १३. मिद्ध चैतसिक १४. विचिकित्सा चैतसिक हुन् । यीमध्ये १. मोह चैतसिक २. अहिरिक चैतसिक ३. अनोत्तप्प चैतसिक ४. औधृत्य चैतसिक – यी चारवटा चैतसिक समूहलाई मोहचतुष्क भनिन्छ । १. लोभ चैतसिक २. दृष्टि चैतसिक ३. मान चैतसिक – यी तीनवटा चैतसिक समूहलाई लोभत्रिक भनिन्छ । १. द्वेष चैतसिक २. ईर्ष्या चैतसिक ३. मात्सर्य चैतसिक ४. कौकृत्य चैतसिक – यी चारवटा चैतसिक समूहलाई द्वेषचतुष्क भनिन्छ । १. थिन चैतसिक २. मिद्ध चैतसिक ३. विचिकित्सा चैतसिक – यी तीनवटा चैतसिक समूह अलग्ग त्रिक हो ।

## अकुशल चैतसिकहरूका हुनसक्ने प्रत्ययहरू

अकुशल चैतसिकहरूमध्ये (१) लोभ (२) द्वेष (३) मोह – यी तीनवटा मूलधर्महरू हेतुप्रत्यय हुन् । दृष्टि चैतसिक मार्गप्रत्यय हो । बाँकी दश वटा चैतसिक प्रत्ययविशेष होइनन् ।

## मोहमूल चित्तुत्पादहरूमा प्रत्ययघटनानय प्रकाशन

ती बाह्रवटा अकुशल चित्तहरूमध्ये दुईवटा मोहमूल भएका चित्तहरू भनेका विचिकित्सासम्प्रयुक्त चित्त र औधृत्यसम्प्रयुक्त चित्त

हुन् । ती मोहमूल चित्तहरूमध्ये विचिकित्सासम्प्रयुक्त चित्तमा पन्ध्रवटा चैतसिकहरू उत्पन्न हुन्छन् । पन्ध्रवटा के के हुन् ? सात वटा सर्वचित्तसाधारण चैतसिक; तीनवटा वितर्क, विचार र वीर्य प्रकीर्णक चैतसिक तथा अकुशल चैतसिकहरूमध्ये मोहचतुष्क र विचिकित्सा चैतसिक । विचिकित्सासम्प्रयुक्त चित्त सहित सोह्रवटा नामधर्महरू हुन्छन्। यस विचिकित्सासम्प्रयुक्त चित्तमा हेतुप्रत्यय र मार्गप्रत्यय उपलब्ध हुन्छन्। ती सोह्रवटा नामधर्महरूमध्ये मोह चैतसिक हेतुप्रत्यय, वितर्क र वीर्य चैतसिक मार्गप्रत्यय हुन्छन् । एकाग्रता चैतसिक चाहिँ विचिकित्सा चैतसिकले विनाश गरेकोले यस विचिकित्सासम्प्रयुक्त चित्तमा इन्द्रियकृत्य र मार्गकृत्य सिद्ध हुँदैनन्, ध्यानकृत्य मात्र सिद्ध हुन्छ । अधिपतिप्रत्यय, पश्चात्जातप्रत्यय, विपाक प्रत्यय – यी तीनवटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, बाँकी एकाइसवटा प्रत्ययहरू उपलब्ध हुन्छन् । औधृत्यसप्रयुक्त चित्तमा विचिकित्सा चैतसिकलाई हटाएर अधिमोक्ष चैतसिकसहित पन्ध्रवटा नै चैतसिकहरू उत्पन्न हुन्छन्। सोह्रवटा नै भएका नामधर्महरू हुन्छन् । यस औधृत्यसम्प्रयुक्त चित्तमा एकाग्रता चैतसिकले इन्द्रियकृत्य, ध्यानकृत्य र मार्गकृत्य सिद्ध गर्छ । यसमा तीनवटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, एकाइसवटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

## लोभमूलचित्तुत्पादहरूमा प्रत्ययघटनानय

आठवटा लोभमूल चित्तमा भने सातवटा सर्वचित्तसाधारण चैतसिकहरू, छवटा पकीर्णक चैतसिकहरू, अकुशल चैतसिकहरूमध्ये मोहचतुष्क, लोभत्रिक र २ वटा थिनमिद्ध गरी बाइसवटा चैतसिकहरू उत्पन्न हुन्छन् । ती बाइसवटा चैतसिकहरूमध्ये लोभ र मोह – यी दुईवटा मूलहरू हेतुप्रत्यय हुन् । छन्द, चित्त र वीर्य – यी तीनवटा नामधर्महरू अधिपतिप्रजाति भएकोले कहिलेकाँही मात्र अधिपतिकृत्य सिद्ध गर्छन् । लोभमूल चित्तमा आरम्मणाधिपति प्रत्यय पनि उपलब्ध हुन्छ । यसमा चेतना चैतसिक कर्मप्रत्यय हो । तीनवटा स्पर्श, चेतना र विज्ञान भनिने नाम आहारहरू आहार प्रत्यय हुन्, चित्त, वेदना चैतसिक,

एकाग्रता चैतसिक, जीवितेन्द्रिय चैतसिक, वीर्य चैतसिक – यी पाँच वटा इन्द्रियधर्महरू इन्द्रियप्रत्यय हुन्; वितर्क, विचार, प्रीति, वेदना, एकाग्रता – यी पाँचवटा ध्यानाङ्ग धर्महरू ध्यानप्रत्यय हुन् । वितर्क, एकाग्रता, दृष्टि, वीर्य – यी चारवटा मार्गाङ्गहरू मार्गप्रत्यय हुन् । यसमा पश्चात्‌जातप्रत्यय र विपाकप्रत्यय – यी दुईवटा प्रत्ययहरू उपलब्ध हुँदैनन्, बाँकी बाइसवटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

## द्वेषमूल चित्तुत्पादहरूमा प्रत्ययघटनानय

दुईवटा द्वेषमूल चित्तमा प्रीति र लोभत्रिकलाई हटाएर द्वेष चतुष्कसँग बाइसवटा नै भएका चैतसिकहरू उत्पन्न हुन्छन् । द्वेष र मोह – यी दुई मूलहरू हुन् । अधिपति प्रजाति तीनवटा, आहार प्रत्यय हुनसक्ने धर्महरू तीनवटा, इन्द्रिय प्रत्यय हुनसक्ने धर्महरू पाँचवटा, ध्यानाङ्ग हुनसक्ने धर्महरू चारवटा, मार्गाङ्ग हुनसक्ने धर्महरू तीनवटा छन् । यस द्वेषमूल चित्तुत्पादमा पनि दुईवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् – यसरी बाइसवटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

*अकुशलचित्तुत्पादहरूमा प्रत्ययघटनानय समाप्त भयो ।*

# शोभनचित्तुत्पादमा प्रत्ययघटनानय

## ९१ वटा शोभनचित्तहरूको स्वरूप प्रदर्शन

एकानब्बेवटा शोभन चित्त भनेका चौवीसवटा कामशोभन चित्त, प्रन्ध्रवटा रूपावचर चित्त, बाह्रवटा अरूपावचर चित्त र चालिसवटा लोकुत्तर चित्त हुन् । ती शोभन चित्तहरूमध्ये आठवटा कामावचर कुशल चित्त, आठवटा काम शोभनविपाक चित्त, आठवटा कामशोभन क्रियाचित्त गरी चौवीस वटा कामशोभन चित्तहरू हुन् ।

## २५ वटा कल्याण चैतसिकहरूको स्वरूप

पच्चीसवटा कल्याण चैतसिक अर्थात शोभन चैतसिकहरू हुन् – १. अलोभ २. अद्वेष ३. अमोह ४. श्रद्धा ५. स्मृति ६. हिरि (ह्री) ७. ओत्तप्प (अत्रपा) ८. तत्रमध्यस्तता ९. कायप्रश्रब्धि १०. चित्तप्रश्रब्धि ११. कायलघुता १२. चित्तलघुता १३. कायमृदुता १४.चित्तमृदुता १५. कायकर्मण्यता १६. चित्तकर्मण्यता १७. कायप्रागुण्यता १८.चित्तप्रागुण्यता १९. कायऋजुकता २०. चित्तऋजुकता २१. सम्यक् वचन २२. सम्यक्कर्मान्त २३. सम्यक् आजीविका २४. करूणा २५. मुदिता । यी पच्चीसवटा शोभन चैतसिकमध्ये १. अलोभ २. अद्वेष ३. अमोह – यी तीनवटा कल्याण मूलहरू हुन् । १. सम्यक्वचन २. सम्यक्कर्मान्त ३. सम्यक् आजीविका – यी तीनवटा विरति चैतसिकहरू हुन् । १. करूणा २. मुदिता – यी दुईवटा अप्रमाण्य चैतसिकहरू हुन् ।

## शोभन चैतसिकहरूको अलग्ग अलग्ग हुनसक्ने प्रत्ययहरूको विभाजन

शोभन चैतसिकहरूमध्ये तीनवटा कल्याणमूल हेतुप्रत्यय हुन् । ती तीन हेतुप्रत्यय भएका कल्याणमूलमध्ये अमोह चैतसिक भने अधिपति प्रत्ययमा वीमंशाधिपति, इन्द्रियप्रत्ययमा प्रज्ञेन्द्रिय र मार्गप्रत्ययमा सम्यक्दृष्टि मार्गाङ्ग हुन्छ । श्रद्धा चैतसिक इन्द्रियप्रत्ययमा श्रद्धेन्द्रिय

हुन्छ । स्मृति चैतसिक इन्द्रियप्रत्ययमा स्मृति-इन्द्रिय र मार्गप्रत्ययमा सम्यक्स्मृति हुन्छ । तीनवटा विरति चैतसिकहरू मार्गप्रत्यय हुन् । बाँकी १७ वटा चैतसिक धर्महरू प्रत्ययविशेष होइनन् ।

## महाकुशलचित्तुत्पादमा प्रत्ययघटनानय

आठवटा महाकुशल चित्तहरूमा सातवटा सब्बचित्तिक चैतसिक, छवटा प्रकीर्णक चैतसिक, पचीसवटा कल्याण चैतसिक गरी अठत्तीस वटा चैतसिक मिल्छन् । ती अठत्तीस वटा चैतसिकमध्ये प्रीति चैतसिकलाई चारवटा सौमनस्य वेदनासँग मिल्ने चित्तहरूमा मात्र संग्रह गर्नुपर्छ । अमोह चैतसिकलाई चारवटा ज्ञानसम्प्रयुक्त चित्तहरूमा मात्र संग्रह गर्नुपर्छ । तीनवटा विरतिलाई शिक्षापद शीलपूर्ण गरेको समयमा मात्र संग्रह गर्नुपर्छ । दुईवटा अप्रमाण्य चैतसिकलाई सत्त्वहरूप्रति दयाराख्ने, खुशी हुने समयमा मात्र संग्रह गर्नुपर्छ भनी बुझ्नुपर्छ । यी आठवटा कामकुशलचित्तहरूमा पनि दुईवटा (अलोभ र अद्वेष) अथवा तीनवटा (अलोभ, अद्वेष र अमोह) पनि भएका राम्रा मूलहरू हेतुप्रत्यय हुन् । छन्द चैतसिक, चित्त, वीर्य चैतसिक, प्रज्ञा चैतसिक – यी चारवटा अधिपतिमध्ये एक एकवटा अधिपतिधर्म मात्र कहिलेकाहीँ अधिपति प्रत्यय हुन्छ । चेतना चैतसिक कर्मप्रत्यय हो । तीनवटा आहारहरू आहारप्रत्यय हुन्; चित्त, वेदना चैतसिक, एकाग्रता चैतसिक, जीवितेन्द्रिय चैतसिक, श्रद्धा चैतसिक, स्मृति चैतसिक, वीर्य चैतसिक, प्रज्ञा चैतसिक – यी आठवटा इन्द्रिय हुनसक्ने धर्महरू इन्द्रियप्रत्यय हुन्; वितर्क, विचार, प्रीति, वेदना, एकाग्रता – यी पाँचवटा ध्यानाङ्ग हुनसक्ने धर्महरू ध्यानप्रत्यय हुन् र प्रज्ञा, वितर्क, तीनवटा विरतिहरू, स्मृति, वीर्य, एकाग्रता – यी आठवटा मार्गाङ्ग हुनसक्ने धर्महरू मार्गप्रत्यय हुन् । आठवटा कामावचर कुशल चित्तहरूमा पनि पश्चात्जातप्रत्यय, विपाकप्रत्यय – यी दुईवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् । बाँकी बाइसवटा प्रत्ययहरू उपलब्ध हुन्छन् ।

## महाक्रिया चित्तुत्पादमा प्रत्ययघटनानय

आठवटा कामशोभनक्रिया चित्तहरूमा तीनवटा विरति चैतसिकहरू उपलब्ध हुँदैनन् र कुशल चित्तहरूमा जस्तै दुईवटा प्रत्ययहरू

उपलब्ध हुँदैनन् । बाइस वटा प्रत्ययहरू मात्र उपलब्ध हुन्छन् ।

## महाविपाकचित्तुत्पादहरूमा प्रत्ययघटनानय

आठवटा कामसोभन विपाकचित्तहरूमा तीनवटा विरति चैतसिक र दुईवटा अप्रमाण्य चैतसिक उपलब्ध हुँदैनन् । अधिपतिप्रत्यय, पश्चात् जातप्रत्यय र आसेवनप्रत्यय तीन प्रत्ययहरू पनि उपलब्ध हुँदैनन्, एकाइसवटा प्रत्ययहरू मात्र उपलब्ध हुन्छन् ।

## महर्गतलोकुत्तरचित्तुत्पादहरूमा प्रत्ययघटनानय

माथिका रूप, अरूप र लोकुत्तरचित्तहरूमा पनि बाइसवटा प्रत्ययभन्दा बढी छैन । त्यसैले चारवटा ज्ञानसम्प्रयुक्त कामावचर कुशलचित्तहरूमा जस्तै यी रूप अरूप लोकुत्तरचित्तहरूमा पनि प्रत्ययघटनालाई बुझ्नुपर्छ ।

## कामधर्मभन्दा महर्गत लोकुत्तरधर्महरू झन् उत्तम भएको भाव प्रदर्शन

यस्तो हुँदा पनि किन ती रूप अरूप लोकुत्तरचित्तहरू कामावचरचित्त भन्दा झन् महान् र प्रणीत हुन्छन् ? आसेवन प्रबल भएकोले ती रूप, अरूप र लोकुत्तरचित्तहरू कामचित्तभन्दा झन् महान् र प्रणीत हुन्छन् । ती रूप, अरूप र लोकुत्तर चित्तहरू भावना कर्म विशेषले सिद्ध हुने हुनाले रूप अरूप लोकुत्तरचित्तहरूमा आसेवनप्रत्यय महान् हुन्छ । आसेवनप्रत्यय महान् भएकोले इन्द्रियप्रत्यय, ध्यानप्रत्यय, मार्गप्रत्यय त्यस्तै ती रूप, अरूप, लोकुत्तर चित्तहरूका अरू अरू प्रत्ययहरू पनि महान् हुन्छन् । प्रत्ययहरू झन् झन् महान् हुने भएकोले ती रूप अरूप लोकुत्तरचित्तहरू तह तह गरेर कामचित्तभन्दा झन् महान् हुन्छन्, झन् प्रणीत हुन्छन् भनी बुझ्नुपर्छ ।

*शोभन चित्तुत्पादहरूमा प्रत्ययघटनानय समाप्त भयो ।*

# रूपकलापहरूमा प्रत्ययघटनानय

## अठाइसवटा रूपहरूको स्वरूप

रूपकलापहरूमा प्रत्ययघटनानयबारे बताउनुपर्छ । रूपहरू अठाइसवटा छन् – चारवटा महाभूतरूप (१. पृथ्वीधातु २. आपोधातु ३. तेजोधातु ४. वायुधातु), पाँचवटा प्रसादरूप (१. चक्षुप्रसाद २. श्रोतप्रसाद ३. घ्राणप्रसाद ४. जिव्हाप्रसाद ५. कायप्रसाद), पाँचवटा गौचररूप (१. रूपारम्मण २. शब्दारम्मण, ३. गन्धारम्मण ४. रसारम्मण ५. स्प्रष्टव्यारम्मण[२१] हुन् । ती गौचररूपहरूमध्ये स्प्रष्टव्यारम्मण १. पृथ्वी स्प्रष्टव्यारम्मण २. तेजो स्प्रष्टव्यारम्मण ३. वायु स्प्रष्टव्यारम्मण हुन्), दुई भावरूप (१. स्त्रीभाव रूप २. पुम्भावरूप), एउटा जीवितरूप, एउटा हृदयरूप, एउटा आहाररूप, एउटा आकाशधातुरूप, दुईवटा विज्ञप्तिरूप (१. कायविज्ञप्तिरूप २. वचीविज्ञप्तिरूप), तीनवटा विकार रूप (१. लहुतारूप २. मृदुतारूप ३. कर्मण्यतारूप) र चार वटा लक्षणरूप (१. उपचयरूप २. सन्ततिरूप ३. जरतारूप ४. अनित्यतारूप) ।

## रूपधर्मले रूपधर्मलाई उपकार गरेकोमा प्रत्ययघटनानय

ती २८ वटा रूपधर्महरूमध्ये चारवटा महाभूत, जीवितरूप र आहाररूप यी छवटा रूपधर्महरूले रूपधर्महरूलाई उपकार गरेका हुन्छन् । त्यसरी उपकार गरेकोमा चारवटा महाभूतहरूले परस्परलाई १. सहजातप्रत्ययशक्ति २. अन्यमन्यप्रत्ययशक्ति ३. निश्रयप्रत्ययशक्ति ४. अस्तिप्रत्ययशक्ति ५. अविगतप्रत्ययशक्ति – यी पाँचवटा प्रत्ययशक्तिहरूले उपकार गरेका हुन्छन् । सहजात भएका उपादारूपहरूलाई अन्यमन्यप्रत्ययशक्ति वर्जित चारवटा प्रत्ययशक्तिहरूले उपकार गरेका हुन्छन् । जीवितरूपले सहजात कर्मजरूपहरूलाई इन्द्रियप्रत्ययशक्तिले

२१ स्प्रष्टव्यारम्मण भनेको पृथ्वी, तेजो र वायु भएकोले महाभूत अन्तर्गत पर्ने हुनाले अठाइसवटा रूपको स्वरूपमा यसलाई अलग्ग गन्ती गर्नु पर्दैन ।

उपकार गरेको हुन्छ । आहाररूपले सहजात भएका र सहजात नभएका सबै अध्यात्मरूपधर्महरूलाई आहारप्रत्ययशक्तिले उपकार गरेको हुन्छ ।

## रूपधर्मले नामधर्मलाई उपकार गरेकोमा प्रत्ययघटनानय

ती २८ वटा रूपहरूमध्ये पाँचवटा प्रसादरूप, सातवटा गौचररूप र हृदयवस्तुरूप – यी १३ वटा रूपधर्महरूले नामधर्महरूलाई विशेषरूपले उपकार गरेका हुन्छन् । त्यसरी उपकार गर्दा पाँचवटा प्रसादरूपले पाँचवटा विज्ञानधातुलाई आमाहरूले छोराछोरीहरूलाई उपकार गरेजस्तै वस्तुपूर्वजातप्रत्ययशक्ति, वस्तुपूर्वजातेन्द्रियप्रत्ययशक्ति र वस्तुपूर्वजातविप्रयुक्तशक्तिले उपकार गरेका हुन्छन् । सातवटा गौचररूपहरूले पाँचवटा विज्ञानधातु र तीनवटा मनोधातुलाई बुबाहरूले छोराछोरीहरूलाई उपकार गरेजस्तै आरम्मणपूर्वजातप्रत्ययशक्तिले उपकार गरेका हुन्छन् । हृदयवस्तुरूपले दुईवटा मनोधातु र मनोविज्ञानधातुलाई रूखले वृक्षदेवताहरूलाई उपकार गरेजस्तै योग्यतानुसार प्रतिसन्धिक्षणमा सहजातनिश्रय प्रत्ययशक्तिले, प्रवृत्तिकालमा वस्तुपूर्वजातप्रत्ययशक्ति र वस्तुपूर्वजातविप्रयुक्तशक्तिले उपकार गरेका हुन्छन् ।

## २३ वटा रूपकलाप र रूपकलाप भन्नाको कारण

रूपकलापहरू २३ वटा छन् । ती २३ वटा रूपकलापमा एउटा धागोले बाँधिएको केशको मूठाजस्तै अथवा डोरीले बाँधिएको घाँसको मूठाजस्तै रूपधर्मरूलाई एक रूप समूहको रूपमा बाँध्ने हुनाले रूपकलाप भनिएको हो ।

## सर्वमूल अष्टकलापको स्वरूप

ती रूपकलापमा चारवटा महाभूत, वर्णरूप, गन्धरूप, रसरूप, ओजरूप – यी आठवटा रूपधर्महरू एउटा सर्वमूलकलाप अथवा सबै कलापहरूको मूल हुन् जसलाई सर्वमूलष्टक पनि भनिन्छ ।

## कर्मजकलाप नौवटाको स्वरूप

कर्मजकलाप नौवटा छन् । ती के के हुन् ? १. जीवितनवक कलाप २. वस्तुदशक कलाप ३. कायदशक कलाप ४. स्त्रीभावदशक कलाप ५. पुम्भाव(पुरुषभाव)दशक कलाप ६. चक्षुदशक कलाप ७. श्रोतदशक कलाप ८. घ्राणदशक कलाप ९. जिव्हादशक कलाप । तीमध्ये सर्वमूलष्टक कलाप नै जीवितरूपसँग जीवितनवक कलाप हुन्छ । त्यो जीवितनवक कलाप नै कर्मजकलाप नौवटामा मूलनवक कलाप हो । मूलनवक कलाप नै क्रमिकरूपले हृदयवस्तु रूप इत्यादि आठवटा रूपहरूसँग वस्तुदशक इत्यादि आठवटा दशक कलापहरू हुन्छन् ।

## कर्मजकलाप नौवटाको कृत्य

ती नौवटा कर्मजकलापमध्ये जीवितनवककलाप, कायदशककलाप र भावदशक दुईवटा – यी चारवटा कलापहरू जीउ भरी फैलिएर उत्पन्न हुन्छन् । यस कथनमा पाचकअग्नि र कायअग्निलाई जीवितनवक भनेर भनिन्छ । पाचकअग्नि भनेको खानालाई पकाइदिने (पचाउने) तेजोधातुको समूह हो । त्यो पाचकतेजो आमाशयमा उत्पन्न भएर खाइएका, पिइएका, चपाइएका र चाटिएका खानालाई पचाउँछ । कायग्नि भनेको सम्पूर्ण शरीरमा फैलिएर रहेको उष्णतेजोधातुको समूह हो । त्यो उष्णतेजो सम्पूर्ण शरीरमा उत्पन्न भई पित्त, खकार र रगतहरूलाई कुहिन दिँदैन, स्वच्छ गरिराख्छ । ती पाचकतेजो र उष्मतेजो दुईवटाको सन्तुलन नहुँदा सत्त्वहरू धेरै रोगी हुन्छन् । सन्तुलन हुँदा रोग कम हुन्छन् । ती दुईटा जीवितनवकले सत्त्वहरूको आयुलाई सम्पादन (सम्पन्न) गरिदिन्छ, वर्ण सम्पन्न गरिदिन्छ । कायदशककलापले सम्पूर्ण शरीरमा सुख स्पर्श, दु:ख स्पर्श उत्पन्न गराउँछ । स्त्रीभावदशकले स्त्रीहरूको सबै स्त्री आकार, पुम्भावदशकले पुरुषहरूको सबै पुरुष आकार उत्पन्न गराउँछ । बाँकी वस्तुदशक इत्यादि पाँचवटा दशकहरू आंशिकदशक हुन् । ती आंशिकदशक पाँचवटामध्ये वस्तुदशक मुटुभित्र उत्पन्न भई सत्त्वहरूको विभिन्न प्रकारका राम्रा विचार नराम्रा विचार

उत्पन्न गराउँछ । चक्षुदशकइत्यादि चारवटा दशकहरूले आँखा, कान, नाक, जिब्रोमा उत्पन्न भएर हेर्ने(दर्शन), सुन्ने (श्रवण), सुघ्ने(घ्रायण), सायन(चाट्ने) कार्य सम्पन्न गर्छ ।

## चित्तजकलाप आठवटाको स्वरूप

चित्तज रूपकलापहरू आठवटा[२२] छन् । आठवटा के के हुन् ? सर्वमूलष्टक कलाप (अष्टकलाप), शब्दनवक कलाप, कायविज्ञप्तिनवक कलाप, शब्दवचीविज्ञप्तिदशक कलाप गरी चारवटा मूलकलापहरू र ती मूलकलापहरू नै लहुता, मृदुता र कर्मज्ञता भनिने तीनवटा विकाररूपसहित भएर चारवटा सविकारकलापहरू हुन्छन् – यसरी आठवटा हुन्छ ।

## चित्तजकलाप आठवटाको उत्पत्ति तरिका

ती आठवटा चित्तजरूपकलापमध्ये शरीरमा उत्पन्न हुने धातुहरू असन्तुलन भएको बेला बिरामीलाई चारवटा मूलकलापहरू मात्र उत्पन्न हुन्छन् । सही हो, त्यसबेला बिरामीको शरीरमा उत्पन्न भएका रूपहरू भारी हुन्छन्, कडा हुन्छन्, ऊ काम गर्न असक्षम हुन्छ । इच्छानुसार इर्यापथ उत्पन्न गर्न, ठूलासाना अङ्गहरू चलाउन र कुरा गर्न पनि दुःखकष्ट हुन्छ । शरीरमा उत्पन्न हुने धातुहरू सन्तुलन हुने बेलामा भने स्वस्थ व्यक्तिको शरीरमा उत्पन्न हुने भारी, कडा इत्यादि दोषहरू नहुने भएकोले विकार रूपसहित चारवटा रूपकलापहरू उत्पन्न हुन्छन् । ती विकाररूपसहित भएका चारवटा रूपकलापहरूमध्ये पनि कुनै चित्त अङ्गको शक्तिले शरीरअङ्ग चलाउँदा दुईवटा कायविज्ञप्तिकलाप उत्पन्न हुन्छन् । चित्तशक्तिद्वारा मात्र मुखबाट निक्लने स्वर उत्पन्न हुने बेलामा दुईवटा वचीविज्ञप्तिकलापहरू उत्पन्न हुन्छन् । चित्तको शक्तिले मात्र अक्षर वर्णरहित भएको हाँसो, रोदन इत्यादि कुरा गरेको स्वर नभएका आवाज मुखबाट उत्पन्न हुने बेलामा दुईवटा शब्दकलापहरू उत्पन्न

२२ अभिधमार्थसंग्रहमा छवटा भनी उल्लेख गरिएको छ ।

हुन्छन् । अरू समयमा शुरूका दुईवटा कलापहरू उत्पन्न हुन्छन् ।

## चारवटा ऋतुज कलापहरूको स्वरूप सहित त्यसका उत्पत्ति तरिका

ऋतुजकलापहरू चारवटा छन्। ती के के हुन् ? सर्वमूलष्टककलाप, शब्दनवककलाप गरी  दुईवटा मूलकलापहरू र विकाररूपसहितको दुईवटा कलापहरू गरी चारवटा हुन् । यस कथनमा यो शरीर जीवनभर इर्यापथको धारको पछि लागेर यापन गर्ने हुनाले इर्यापथ विशेषको आधार लिएर यस शरीरमा प्रत्येक क्षणमा धातुहरूको सन्तुलन हुने वा नहुने प्रकट हुन्छ । त्यसरी नै ऋतु विशेषको आधार लिएर, आहार विशेषको आधार लिएर, हावाघामको स्पर्श विशेषको आधार लिएर, शरीरको अङ्ग सञ्चालन विशेषको आधार लिएर तथा आफ्नो र अर्काको प्रयत्न विशेषको आधार लिएर धातुहरू सन्तुलन हुने वा नहुने प्रकट हुन्छन् ।

ती चारवटा कलापहरूमध्ये सन्तुलन नभएको बेलामा दुईवटा मूलकलापहरू मात्र उत्पन्न हुन्छन् । सन्तुलन भएको बेलामा विकाररूप सहित दुईवटा कलापहरू उत्पन्न हुन्छन् । ती चारवटा कलापहरूमध्ये दुईवटा शब्दकलापहरू चित्तजशब्दबाट क्रमशः उत्पन्न भएको स्वरमा (स्वरक्रममा) र अर्का लोकहरूमा विभिन्न प्रकारका स्वरहरूमा उत्पन्न हुन्छन् ।

## दुईवटा आहारजकलापहरूको स्वरूप सहित उत्पत्ति तरिका

आहारजरूपकलाप दुईवटा छन् । ती के के हुन् ? सर्वमूलष्टक कलाप र विकार रूप सहितको कलाप । यी दुई कलापहरूलाई अनुकूल आहार र प्रतिकूल आहारको कारणले उत्पन्न भएका सम र विसम भएका रूपहरूको शक्तिद्वारा बुझ्नुपर्छ ।

## कलाप बाँढ्न नहुने रूप र बाँढ्न नहुनाको कारण

आकाशधातु र चारवटा लक्षणरूप – यी पाँचवटा रूपहरू

कलापबन्धनबाट मुक्त हुन्छन्। यी पाँच रूपमध्ये आकाशधातु कलापहरूको अन्तर छुट्याउने मात्र भएकोले कलापबन्धनबाट मुक्त हुन्छ । बाँकी चारवटा लक्षण रूपहरू कारणधर्महरूले मर्मत गरेर उत्पन्न भएका रूपकलापहरूको लक्षणमात्र भएकोले कलापबन्धनबाट मुक्त हुन्छन् ।

## अध्यात्मसन्तान बहिद्धसन्तानमा पाइने रूपकलापहरू

तेइसवटा कलापहरू अध्यात्मसन्तानमा पाइन्छन्। बहिद्धसन्तानमा भने दुईवटा ऋतुज मूलकलाप मात्र पाइन्छन् । यहाँ रूपसन्तानहरू अध्यात्मसन्तान, बहिद्धसन्तान गरी दुई प्रकारका छन् । ती दुईवटामध्ये अध्यात्मसन्तान भनेर सत्त्वहरूका सन्तानलाई भनिन्छ । बहिद्धसन्तान भनेर पृथ्वी, पर्वत, नदी, समुद्र, रूख, घाँस इत्यादिलाई भनिन्छ। ती दुई सन्तानमध्ये अध्यात्मसन्तानमा २८ रूप र २३ रूपकलाप पाइन्छन् ।

## नामधर्महरूले कर्मजकलापरूपहरूलाई उपकार गरेको प्रत्ययघटनानय

ती नामरूपधर्महरूमध्ये चारवटा प्रतिसन्धि नामस्कन्धधर्महरूले प्रतिसन्धिक्षणमा कर्मजरूपकलापहरूलाई चारवटा महासहजात प्रत्ययशक्ति, विपाकप्रत्ययशक्ति, विप्रयुक्तप्रत्ययशक्ति गरी छ प्रकारका प्रत्ययशक्तिहरूद्वारा उपकार गरेका हुन्छन्। हृदयवस्तुरूपलाई भने अन्यमन्य प्रत्ययशक्तिसहित सात प्रकारको प्रत्ययशक्तिले उपकार गरेका हुन्छन् । ती चारवटा नामस्कन्धधर्महरूमा हेतुधर्महरूले हेतुप्रत्ययशक्ति, चेतनाले कर्मप्रत्ययशक्ति, आहारधर्महरूले आहारप्रत्ययशक्ति, इन्द्रियधर्महरूले इन्द्रियप्रत्ययशक्ति, ध्यानधर्महरूले ध्यानप्रत्ययशक्ति र मार्गधर्महरूले मार्गप्रत्ययशक्तिद्वारा उपकार गरेका हुन्छन् । यसरी योग्यता अनुसार छ प्रकारले उपकार गरेका हुन्छन्। अतीतका कुशल अकुशलकर्महरूले भने कर्मप्रत्ययशक्तिद्वारा एउटा प्रकारले मात्र उपकार गरेका हुन्छन् । पछि पछि उत्पन्न भएका प्रथमभवङ्गादि प्रवृति नामस्कन्धधर्महरूले अगाडि अगाडिका कर्मजरूपकलापहरूलाई पश्चात्जातप्रत्ययशक्तिद्वारा एउटा प्रकारले उपकार गरेका हुन्छन् । यस पश्चात्जातप्रत्ययशक्तिले उपकार

गरेकोमा पश्चात्‌जातशब्दले पश्चात्‌जात चार प्रत्ययहरूलाई ग्रहण गरिएका हुन्छन् । निरन्तरता दिएर भन्छु, अतीत कर्महरूले एउटा प्रकारले मात्र उपकार गरेका हुन्छन् । यसरी नामधर्महरूले कर्मजकलापहरूलाई योग्यतानुसार चौधवटा प्रत्ययहरूद्वारा उपकार गरेका हुन्छन् । यस कर्मजरूपलाई उपकार गरेकोमा आरम्मणप्रत्यय, अधिपतिप्रत्यय, अनन्तरप्रत्यय, समनन्तरप्रत्यय, उपनिश्रयप्रत्यय, पूर्वजातप्रत्यय, आसेवनप्रत्यय, सम्प्रयुक्तप्रत्यय, नास्तिप्रत्यय, विगतप्रत्यय – यी दशवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् ।

## नामधर्महरूले चित्तजरूपहरूलाई उपकार गरेकोमा प्रत्ययघटनानय

प्रवृतिकालमा रूपलाई उत्पन्न गर्नसक्ने नामस्कन्धधर्महरूले आफू सँगै उत्पन्न भएका चित्तजरूपकलापहरूलाई चारवटा महान् सहजातप्रत्ययशक्ति र विप्रयुक्तप्रत्ययशक्ति – यी पाँच प्रकारका शक्तिले उपकार गरेका हुन्छन् । ती नामस्कन्धधर्महरूमा मात्र हेतुधर्महरूले हेतुप्रत्ययशक्तिद्वारा, अधिपतिधर्महरूले अधिपतिप्रत्ययशक्तिद्वारा, चेतनाधर्मले कर्मप्रत्ययशक्तिद्वारा, विपाकधर्महरूले विपाकप्रत्ययशक्तिद्वारा, आहारधर्महरूले आहारप्रत्ययशक्तिद्वारा, इन्द्रियधर्महरूले इन्द्रियप्रत्ययशक्तिद्वारा, ध्यानधर्महरूले ध्यानप्रत्ययशक्तिद्वारा, मार्गधर्महरूले मार्गप्रत्ययशक्तिद्वारा योग्यतानुसार आठ प्रकारले उपकार गरेका हुन्छन् । पछि पछि उत्पन्न भएका सबै नामस्कन्धहरूले अगाडि अगाडि उत्पन्न भएका चित्तज रूपकलापहरूलाई पश्चात्‌जातप्रत्ययशक्तिद्वारा एउटा प्रकारले उपकार गरेका हुन्छन् । यसरी नामस्कन्धधर्महरूले चित्तजरूपकलापहरूलाई योग्यतानुसार चौधवटा प्रत्ययहरूद्वारा उपकार गरेका हुन्छन् । यी चित्तजरूपहरूलाई उपकार गरेकोमा पनि आरम्मणप्रत्यय, अनन्तरप्रत्यय, समनन्तरप्रत्यय, अन्यमन्यप्रत्यय, उपनिश्रयप्रत्यय, पूर्वजातप्रत्यय, आसेवनप्रत्यय, सम्प्रयुक्तप्रत्यय, नास्तिप्रत्यय, विगतप्रत्यय – यी दशवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् ।

## नामधर्महरूले ऋतुजरूप आहारजरूपहरूलाई उपकार गरेकोमा प्रत्ययघटनानय

प्रतिसन्धिचित्तको स्थितिकालबाट शुरू भई प्रवृत्तिकालमा सम्पूर्ण भएका नामधर्महरूले सबै ऋतुजरूपकलापहरू र आहार जरूपकलापहरूलाई पश्चात्जात प्रत्ययशक्तिद्वारा एक प्रकारले उपकार गरेका हुन्छन् । यस पश्चात्जातप्रत्ययशक्तिले उपकार गरेकोमा पनि पश्चात्जातशब्दले चार प्रकारका पश्चात्जात प्रजातिलाई लिनुपर्छ । बाँकी बीसवटा प्रत्ययहरू उपलब्ध हुँदैनन् ।

## अध्यात्मरूप र बाह्यरूप परस्पर उपकार गरेकोमा प्रत्ययघटनानय

सम्पूर्ण २३ वटा रूपकलापहरूमा चारवटा महाभूतहरूले परस्परलाई चारवटा महासहजात प्रजाति र अन्यमन्यप्रत्ययशक्ति – यी पाँच प्रकारका प्रत्ययशक्तिले उपकार गरेका हुन्छन् । सहजात उपादारूपहरूलाई चार प्रकारका महासहजातहरूद्वारा चार प्रकारले उपकार गरेका हुन्छन् । आहाररूपले सँगै उत्पन्न भएका र सँगै उत्पन्न नभएका सबै अध्यात्म रूपकलापहरूलाई आहारप्रत्ययशक्तिले उपकार गरेको हुन्छ । नौ वटा कर्मजकलापहरूमा जीवितेन्द्रियरूपले सहजात भएका रूपहरूलाई मात्र इन्द्रियप्रत्ययशक्तिले उपकार गरेको हुन्छ – यसरी अध्यात्मरूपधर्महरूले अध्यात्मरूपधर्महरूलाई सात प्रकारले उपकार गरेका हुन्छन् । बाह्य रूपधर्महरूले भने बाह्य दुईवटा ऋतुजरूपकलापहरूलाई पाँच प्रकारले उपकार गरेका हुन्छन् भनी सम्झनुपर्छ ।

*रूपकलापहरूमा प्रत्ययघटनानय समाप्त भयो ।*

## पट्ठान (प्रस्थान) शब्दको अर्थ प्रकाशन

यहाँ **पट्ठान** शब्दको अर्थबारे बताउनुपर्छ। प्रधान कारण भएकोले **पट्ठान** भनिएको हो । प्रधान कारण भनिएको यस कथनमा प्रधान भनेको प्रमुख र **ठान** भनेको कारण हो । प्रमुख कारण भनेर मुख्यकारण वा निश्चित कारण भन्न खोजेको हो । यस निश्चित कारणलाई पनि निश्चित फलको आधार लिएर भनिएको हो ।

## मुख्य प्रत्ययुत्पन्न, निस्सन्द प्रत्ययुत्पन्न दुईवटाका विशेषता र निश्चित प्रत्ययको मात्र पट्ठानग्रन्थमा देशना

सही हो, प्रतिफल मुख्य प्रतिफल र निस्सन्दफल गरी दुई प्रकारका छन् । यी दुइवटा मध्ये मुख्य प्रतिफल भनेको मूल प्रतिफल हो । निस्सन्दप्रतिफल भनेको फल परम्परा (क्रमिक तहगत प्रतिफल) हो । यी दुईवटामध्ये मूल प्रतिफल नै निश्चित प्रतिफल हो । निश्चित प्रतिफल आफ्नो अनुकूल कारण भयो भने पक्कै उत्पन्न हुन्छ, उत्पन्न नहुने हुँदैन । फल परम्परा भनेको अनेकान्त फल हो । सही हो, त्यो अनेकान्त प्रतिफल कारण भएतापनि उत्पन्न हुन वा नहुन सक्छ। ती दुइंमध्ये निश्चित प्रतिफलको आधारलाई निश्चित कारण भनिएको हो । त्यस निश्चित कारणलाई नै **पट्ठान** महाग्रन्थमा आज्ञा भएको हो । त्यस कारणले चौबीस वटा यी प्रत्ययसमूह र यस पट्ठान महान् ग्रन्थलाई पट्ठान भनिएको हो ।

## मुख्य प्रत्ययुत्पन्न, निस्सन्द प्रत्ययुत्पन्न हुने तरिका उपमाद्वारा प्रकाशन

यहाँ एकजना पुरुषलाई धनधान्य प्राप्त गर्ने लोभ जाग्यो। उक्त पुरुषले लोभको वशमा परी वनमा गई एउटा ठाउँमा खेती गर्छ। बाली लगाउँछ, उद्यान तयार गर्छ। त्यस बाली बगैंचा उद्यान राम्ररी सम्पन्न

हुँदा उक्त पुरुषले धेरै धनधान्य प्राप्त गरेर आफूले पनि उपभोग गर्छ, छोराछोरी र पत्नीहरूलाई पनि पोषण गर्छ, कुशलपुण्यहरू पनि गर्छ । उसले पुण्यफलहरूलाई पनि पछि पनि उपभोग गर्नेछ। यस उदाहरणमा लोभसँगै उत्पन्न भएका नामरूपधर्महरू मुख्य प्रतिफल हुन् । यस मुख्य प्रतिफलबाट पछि जबसम्म अनागत भवहरूमा पुण्यफल भोग गर्नेछ तबसम्म उत्पन्न भएका परम्परा प्रतिफलहरू त्यस लोभको फल परम्पराहरू हुन् । ती दुईवटा प्रतिफलहरूमध्ये भगवान्ले मुख्य प्रतिफललाई मात्र पट्ठानग्रन्थमा आज्ञा भएको छ। प्रतिफल परम्परालाई भने सूत्रन्तनयमा आज्ञा भएको छ । यस भनाइमा यो कारण छ भने यो फल हुन्छ, यसलाई लिएर यो फल उत्पन्न हुन्छ भनेर क्रमिक प्रतिफल स्वभावको कारणलाई देखाउने नयलाई सूत्रन्तसँग सम्बन्धित नय भनिन्छ ।

## लोक विनाश हुनु, समृद्धि हुनु, छ वटा हेतु इत्यादि चौवीसवटा प्रत्यय कारण भनी प्रकाशन

अर्को विधिलाई मैले भन्नुपर्छ । लोभ, द्वेष र मोह – यी तीन वटा धर्महरूलाई सबै सत्त्वलोक, संस्कारलोक र ओकासलोकको विनाश हुनको लागि मूल कारण भएकोले हेतु भनिन्छ । अलोभ, अद्वेष र अमोह – यी तीनवटा धर्महरूलाई सबै सत्त्वलोक, संस्कारलोक र ओकासलोकको सम्पत्तिको (समृद्धिको) मूल कारण भएकोले हेतु भनिन्छ। यो विधिलाई सबै पट्ठानसित सम्बन्धित प्रत्ययहरूमा पनि योग्यता अनुसार बुझ्नुपर्छ । बताइसकिएको अनुसार नै लोकमा हुने सबै लोक प्रवृत्तिहरू यी २४ वटा प्रत्ययहरूका मुख्य प्रतिफलका फल परम्परा मात्र हुन् – यसरी बुझ्नुपर्छ ।

## तीनवटा काण्डद्वारा पट्ठानुद्देसदीपनी ग्रन्थलाई व्यवस्था गरी समाप्तितिर पुगेको भाव प्रकाशन

यति लामो वचनक्रमद्वारा २४ वटा प्रत्ययहरूको अर्थ प्रकाशन गर्ने **पच्चयत्थदीपनी**, २४ वटा प्रत्ययहरूको स्वभाव समान भएकोलाई गन्ती गरेर देखाइएको **पच्चयसभागस**ङ्गह, २४ वटा प्रत्ययहरूको एउटा एउटा प्रत्ययुत्पन्न धर्ममा योग्यतानुसार जम्मा गरेर सम्बन्धित प्रत्ययहरूलाई निर्देशित गर्ने **पच्चयघटनानय** – यी तीनवटा काण्डद्वारा परिच्छेद गरिएको पट्ठानुद्देसदीपनी नाम भएको ग्रन्थ अन्तमा पुग्यो । समाप्त भयो ।

*पट्ठानुद्देसदीपनी समाप्त भयो ।*

# चित्त संक्षिप्त – ८९

## अकुशल चित्त १२

### लोभमूल चित्त ८ वटा

१) सौमनस्यसहगत दृष्टिगतसम्प्रयुक्त असंस्कारिक चित्त

२) सौमनस्यसहगत दृष्टिगतसम्प्रयुक्त ससंस्कारिक चित्त

३) सौमनस्यसहगत दृष्टिगतविप्रयुक्त असंस्कारिक चित्त

४) सौमनस्यसहगत दृष्टिगतविप्रयुक्त ससंस्कारिक चित्त

५) उपेक्षासहगत दृष्टिगतसम्प्रयुक्त असंस्कारिक चित्त

६) उपेक्षासहगत दृष्टिगतसम्प्रयुक्त ससंस्कारिक चित्त

७) उपेक्षासहगत दृष्टिगतविप्रयुक्त असंस्कारिक चित्त

८) उपेक्षासहगत दृष्टिगतविप्रयुक्त ससंस्कारिक चित्त

### द्वेसमूल चित्त २ वटा

१) दौर्मनस्यसहगत प्रटिघसम्प्रयुक्त असंस्कारिक चित्त

२) दौर्मनस्यसहगत पटिघसम्प्रयुक्त ससंस्कारिक चित्त

### मोहमूल चित्त २ वटा

१) उपेक्षासहगत विचिकित्सासम्प्रयुक्त चित्त

२) उपेक्षासहगत औधृत्यसम्प्रयुक्त चित्त

# अहेतुक चित्त १८ वटा

## अकुशलविपाक चित्त ७ वटा

१) उपेक्षासहगत अकुशलविपाक चक्षुविज्ञान चित्त

२) उपेक्षासहगत अकुशलविपाक श्रोतविज्ञान चित्त

३) उपेक्षासहगत अकुशलविपाक घ्राणविज्ञान चित्त

४) उपेक्षासहगत अकुशलविपाक जिव्हाविज्ञान चित्त

५) दुःखसहगत अकुशलविपाक कायविज्ञान चित्त

६) उपेक्षासहगत अकुशलविपाक सम्प्रतिच्छन चित्त

७) उपेक्षासहगत अकुशलविपाक सन्तीरण चित्त

## अहेतुक कुशलविपाक चित्त ८ वटा

१) उपेक्षासहगत कुशलविपाक चक्षुविज्ञान चित्त

२) उपेक्षासहगत कुशलविपाक श्रोतविज्ञान चित्त

३) उपेक्षासहगत कुशलविपाक घ्राणविज्ञान चित्त

४) उपेक्षासहगत कुशलविपाक जिव्हाविज्ञान चित्त

५) सुखसहगत कुशलविपाक कायविज्ञान चित्त

६) उपेक्षासहगत कुशलविपाक सम्प्रतिच्छन चित्त

७) सौमनस्यसहगत कुशलविपाक सन्तीरण चित्त

८) उपेक्षासहगत कुशलविपाक सन्तीरण चित्त

## अहेतुक क्रिया चित्त ३ वटा

१) उपेक्षासहगत पञ्चद्वारावर्जन चित्त

२) उपेक्षासहगत मनोद्वारावर्जन चित्त

३) सौमनस्यसहगत हसितुत्पाद चित्त

## कामावचर शोभन चित्त २४ वटा

### महाकुशल चित्त ८ वटा

१) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

२) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

३) सौमनस्यसहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

४) सौमनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

५) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

६) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

७) उपेक्षासहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

८) उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

### महाविपाक चित्त ८ वटा

१) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

२) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

३) सौमनस्यसहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

४) सौमनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

५) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

६) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

७) उपेक्षासहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

८) उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

### महाक्रिया चित्त ८ वटा

१) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

२) सौमनस्यसहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

३) सौमनस्यसहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

४) सौमनस्यसहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

५) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त असंस्कारिक चित्त

६) उपेक्षासहगत ज्ञानसम्प्रयुक्त ससंस्कारिक चित्त

७) उपेक्षासहगत ज्ञानविप्रयुक्त असंस्कारिक चित्त

८) उपेक्षासहगत ज्ञानविप्रयुक्त ससंस्कारिक चित्त

## रुपावचर १५ वटा

### रुपावचर कुसल चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको प्रथमध्यान कुशल चित्त

२) विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटा भएको द्वितीयध्यान कुशल चित्त

३) प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान कुशल चित्त

४) सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान कुशल चित्त

५) उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान कुशल चित्त

### रुपावचर विपाक चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको प्रथमध्यान विपाक चित्त

२) विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटा भएको द्वितीयध्यान विपाक चित्त

३) प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान विपाक चित्त

४) सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान विपाक चित्त

५) उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान विपाक चित्त

### रुपावचर क्रिया चित्त ५ वटा

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको प्रथमध्यान क्रिया चित्त

२) विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटा भएको द्वितीयध्यान क्रिया चित्त

३) प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान क्रिया चित्त

४) सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान क्रिया चित्त

५) उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान क्रिया चित्त

## अरूपावचर चित्त १२ वटा

### अरूपावचर कुशल चित्त ४ वटा

१) आकाशानन्त्यायतन कुशल चित्त

२) विज्ञानन्त्यायतन कुशल चित्त

३) आकिञ्चन्यायतन कुशल चित्त

४) नैवसंज्ञानासंज्ञायतन कुशल चित्त

### अरूपावचर विपाक चित्त ४ वटा

१) आकाशानन्त्यायतन विपाक चित्त

२) विज्ञानन्त्यायतन विपाक चित्त

३) आकिञ्चन्यायतन विपाक चित्त

४) नैवसंज्ञानासंज्ञायतन विपाक चित्त

**अरूपावचर क्रिया चित्त ४ वटा**

१) आकाशानन्त्यायतन क्रिया चित्त

२) विज्ञानन्त्यायतन क्रिया चित्त

३) आकिञ्चन्यायतन क्रिया चित्त

४) नैवसंज्ञानासंज्ञायतन क्रिया चित्त

## लोकुत्तर चित्त संक्षिप्तमा ८ वटा

**मार्ग चित्त ४ वटाः**

१) स्रोतापत्ति मार्ग चित्त

२) सकृदागामि मार्ग चित्त

३) अनागामि मार्ग चित्त

४) अरहत्त (अर्हत्) मार्ग चित्त

**फल चित्त ४ वटाः**

१) स्रोतापत्ति फल चित्त

२) सकृदागामि फल चित्त

३) अनागामि फल चित्त

४) अरहत्त (अर्हत्) फल चित्त

## मार्ग र फल चित्त विस्तृतरूपमा ४० वटा

**स्रोतापत्तिमार्ग चित्त ५ वटा**

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको स्रोतापत्ति मार्ग चित्त

२) विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटा भएको द्वितीयध्यान स्रोतापत्ति मार्ग चित्त

३) प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान स्रोतापत्ति मार्ग चित्त

४) सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान स्रोतापत्ति मार्ग चित्त

५) उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान स्रोतापत्ति मार्ग चित्त

(त्यस्तै नै सकृदागामि मार्ग चित्त ५ वटा, अनागामि मार्ग चित्त ५ वटा, अरहत्त मार्ग चित्त ५ वटा, स्रोतापत्ति फल चित्त ५ वटा, सकृदागामि फल चित्त ५वटा, अनागामि फल चित्त ५ वटा र अरहत्त फल ५ वटा गरी जम्मा ४० वटा हुन्छ । लौकिक चित्त ८१ वटा र लोकुत्तर चित्त विस्तृत रूपमा ४० वटा जोडेर चित्त विस्तृत रूपमा १२१ वटा हुन्छ ।

## चैतसिक ५२ वटा

**अन्यसमान चैतसिक १३ वटा**

१. **फस्स** (स्पर्श) – आरम्मण(विषयवस्तु)लाई स्पर्श गर्ने स्वभाव

२. **वेदना** – आरम्मणको रसलाई अनुभव गर्ने स्वभाव

३. **सञ्ञा** (संज्ञा) – आरम्मणलाई पहिचान गर्ने स्वभाव, चिन्ने स्वभाव

४. **चेतना** – आरम्मणमा सम्प्रयुक्तधर्मलाई प्रेरित गर्ने स्वभाव

५. **एकग्गता** (एकाग्रता) – एउटै मात्र आरम्मणलाई ग्रहण गरेर स्थिर रहने, चञ्चल नहुने स्वभाव

६. **जीवितिन्द्रिय** (जीवितेन्द्रिय) – सहजात भइरहेको नाम र रूप धर्मलाई रक्षा गर्ने, अधिकारमा राख्ने स्वभाव

७. **मनसिकार** – आरम्मणमा विचार गर्ने स्वभाव

## प्रकीर्णक चैतसिक ६ वटा

१. **वितक्क**(वितर्क) – सम्प्रयुक्त धर्मलाई आरम्मणमा अभिरोपन गर्ने, पुऱ्याइदिने स्वभाव

२. **विचार** – आरम्मणमा सम्प्रयुक्त धर्मलाई अनुमार्जन गर्ने स्वभाव

३. **अधिमोक्ख**(अधिमोक्ष) – आरम्मणलाई निर्णय गर्ने स्वभाव

४. **वीरिय**(वीर्य) – सम्प्रयुक्त धर्मलाई टेवा दिने स्वभाव

५. **पीति**(प्रीति) – आरम्मणमा प्रसन्न, प्रफुल्ल हुने स्वभाव

६. **छन्द** – इच्छा गर्ने स्वभाव

## अकुशल चैतसिक

१. **मोह** – आरम्मणको यथार्थ स्वभावलाई छोपिदिने स्वभाव

२. **अहिरिक** – काय दुश्चरित्र आदिमा लाज नमान्ने स्वभाव

३. **अनोत्तप्प** – काय दुश्चरित्र आदिदेखि नडराउने स्वभाव

४. **उद्धच्च**(औधृत्य) – अशान्त र चञ्चल स्वभाव भएको चैतसिक

५. **लोभ** – आरम्मणमा आशक्त हुने, टाँसिने स्वभाव

६. **दिट्ठि** (दृष्टि)– गलत (मिथ्या) रूपले विचार गर्ने र परामर्श गर्ने स्वभाव

७. **मान** – मैं हुँ भनेर अभिमान(घमण्ड) गर्ने स्वभाव

८. **दोस**(दोष) – कठोर भएर बिगार्ने स्वभाव

९. **इस्सा**(ईर्ष्या) – अर्काको सम्पत्ति देखेर जलन हुने स्वभाव

१०. **मच्छरिय** (मात्सर्य) – आफ्नो सम्पत्तिलाई लुकाउने कंजूस स्वभाव

११. **कुक्कुच्च**(कौकृत्य) – गरिसकेको दुश्चरित्र र गर्न नपाएको सुचरित्रमा पश्चाताप हुने स्वभाव

१२. **थिन** – चित्तको अकर्मण्य स्वभाव

१३. **मिद्ध** – चैतसिकको अकर्मण्य स्वभाव

१४. **विचिकित्सा**(विचिकित्सा) – आरम्मणलाई निर्णय गर्न नसकिने स्वभाव, (संदेह, शंका)

## शोभन साधारण चैतसिक १९ वटा

१. **सद्धा**(श्रद्धा) – बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई प्रशन्न गराउने स्वभाव

२. **सति**(स्मृति) – बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई स्मरण गराउने चैतसिक

३. **हिरि** – काय दुश्चरित्र आदिमा लाज मान्ने स्वभाव

४. **ओत्तप्प** – काय दुश्चरित्र आदि देखेर डराउने स्वभाव

५. **अलोभ** – आरम्मणमा नटाँसिने स्वभाव

६. **अदोस**(अद्वेष) – कडा नभएको नबिगार्ने स्वभाव

७. **तत्रमज्झत्तता**(तत्रमध्यस्थता) – त्यस त्यस आरम्मणमा सम्प्रयुक्त धर्मलाई मध्यस्थ भावमा राख्ने स्वभाव

८. **कायप्पस्सद्धि**(कायप्रश्रब्धि) – चैतसिकको शान्त हुने स्वभाव

९.**चित्तप्पस्सद्धि**(चित्तप्रश्रब्धि) – चित्तको शान्त हुने स्वभाव

१०. **कायलहु**ता(कायलघुता) – चैतसिकको हलुका हुने स्वभाव

११. **चित्तलहुता(**चित्तलघुता) – चित्तको हलुका हुने स्वभाव

१२. **कायमुदुता**(कायमृदुता) – चैतसिकको नरम हुने स्वभाव

१३. **चित्तमुदुता(**चित्तमृदुता) – चित्तको नरम हुने स्वभाव

१४. **कायकम्मञ्ञता**(कायकर्मण्यता) – चैतसिकको कुशल कार्यमा अनुकूल/सक्रिय हुने स्वभाव

१५. **चित्तकम्मञ्ञता**(चित्तकर्मण्यता) – चित्तको कुशल कार्यमा अनुकूल/सक्रिय हुने स्वभाव

१६. **कायपागुञ्ञता**(कायपागुण्यता) – चैतसिकको कुशल कार्यमा दक्ष हुने स्वभाव

१७. **चित्तपागुञ्ञता**(चित्तपागुण्यता) – चित्तको कुशल कार्यमा दक्ष हुने स्वभाव

१८. **कायुजुकता**(कायऋजुकता) – चैतसिकको सीधा हुने स्वभाव

१९. **चित्तुजुकता**(चित्तऋजुकता) – चित्तको सीधा हुने स्वभाव

## विरति चैतसिक ३ वटा

१. **सम्मावाचा**(सम्यक्वचन) – जीविकोपार्जनको कारण नभएको मृषावाद आदि चारवटा वचीदुश्चरित्रबाट अलग्ग हुने स्वभाव

२. **सम्माकम्मन्त**(सम्यक्कर्मान्त) – जीविकोपार्जनको कारण नभएको प्राणातिपात आदि तीनवटा कायदुश्चरित्रबाट अलग्ग हुने स्वभाव

३. **सम्माआजीव**(सम्यक्-आजीविका) – जीविकोपार्जनको कारण भइरहेको वचीदुश्चरित्र चारवटा र काय दुश्चरित्र तीनवटाबाट अलग हुने स्वभाव

## अप्रमाण्य चैतसिक २ वटा

१. **करुणा** – परिधि रहित भइरहेका दु:खित सत्त्व प्रज्ञप्तिलाई आरम्मण गरी दया राख्ने स्वभाव

२. **मुदिता** – परिधि रहित भइरहेका सुखित सत्त्व प्रज्ञप्तिलाई आरम्मण गरी खुशी हुने स्वभाव

## प्रज्ञिन्द्रिय चैतसिक

**पञ्ञिन्द्रिय**(प्रज्ञेन्द्रिय) – अनित्य आदि आकार प्रकारले यथार्थ जान्नसक्ने, त्यसरी जान्नुमा अधिकार जमाउने स्वभाव

# रुपहरुको स्वरुप २८ वटा

अठाइसवटा रूपहरू छन् – १. पृथ्वीधातु २. आपोधातु ३. तेजोधातु ४. वायुधातु ५. चक्षुप्रसाद ६. श्रोतप्रसाद ७. घ्राणप्रसाद ८. जिव्हाप्रसाद ९. कायप्रसाद १०. रूपारम्मण (रूपवर्ण) ११. शब्दारम्मण (शब्द) १२. गन्धारम्मण(गन्ध) १३. रसारम्मण(रस), (पृथ्वी तेजो, वायु भनिने प्रष्टव्यारम्मण प्रष्टव्य) १४. स्त्रीभावरूप १५. पुरुषभावरूप १६. हृदयरूप १७. जीवितरूप १८. आहाररूप १९. आकाशधातु २०. कायविज्ञप्ति २१. वचीविज्ञप्ति २२. लघुतारूप २३. मृदुतारूप २४. कर्मण्यतारूप २५. उपचयरूप २६. सन्ततिरूप २७. जरतारूप २८. अनित्यतारूप ।

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

# पट्ठान

# पच्चयुद्देस

हेतुपच्चयो

आरम्मणपच्चयो

अधिपतिपच्चयो

अनन्तरपच्चयो

समनन्तरपच्चयो

सहजातपच्चयो

अञ्ञमञ्ञपच्चयो

निस्सयपच्चयो

उपनिस्सयपच्चयो

पुरेजातपच्चयो

पच्छाजातपच्चयो

आसेवनपच्चया

कम्मपच्चयो

विपाकपच्चयो

आहारपच्चयो

इन्द्रियपच्चयो

झानपच्चयो

मग्गपच्चयो

सम्पयुत्तपच्चयो

विप्पयुत्तपच्चयो

अत्थिपच्चयो

नत्थिपच्चयो

विगतपच्चयो

अविगतपच्चयोति

# पट्ठान

## प्रत्यय उद्देश

| | |
|---|---|
| हेतुप्रत्यय | कर्मप्रत्यय |
| आरम्मणप्रत्यय | विपाकप्रत्यय |
| अधिपति प्रत्यय | आहारप्रत्यय |
| अनन्तरप्रत्यय | इन्द्रियप्रत्यय |
| समनन्तरप्रत्यय | ध्यानप्रत्यय |
| सहजातप्रत्यय | मार्गप्रत्यय |
| अन्यमन्य(अन्योन्य)प्रत्यय | सम्प्रयुक्तप्रत्यय |
| निश्रयप्रत्यय | विप्पयुत्तप्रत्यय |
| उपनिश्रयप्रत्यय | अस्तिप्रत्यय |
| पूर्वजातप्रत्यय | नास्तिप्रत्यय |
| पश्चात्‌जातप्रत्यय | विगतप्रत्यय |
| आसेवनप्रत्यय | अविगतप्रत्यय |